सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ जेठ २०८२, आइतबार (8 June 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कर्नर किक

● रवि मिश्र




सर्वोच्चमा बर्सेनि बढ्दै अवहेलनाका मुद्दा



चालू वर्षको साढे १० महिनामा अवहेलना सम्बन्धी २२७ निवेदन, अवहेलनाजन्य कार्य बढ्दै गएकोमा कानुनविद्को चिन्ता

(विस्तृत पृष्ठ ३)

ट्रम्पले युक्रेनमा मध्यस्थताको प्रयास त्यागेका हुन् ?



● स्टेफान वुल्फ

कुनै पनि मूल्यमा रुससँग पुनर्मिलन गर्नु ट्रम्पको रणनीति हो भने यो असफल हुने निश्चित छ

(लेख पृष्ठ ५)

बंगलादेशसँगको विद्युत् व्यापार अन्योलमा

बंगलादेश पावर डेभलपमेन्ट बोर्डले गत वर्ष किनेको बिजुलीको पैसा तिरेन, यस वर्षका लागि एलसी खोल्लेलगायत प्रक्रिया सुरु गरेन

६ महिनाअघि नै सकियो कालीगण्डकी करिडोर-बागलुङ खण्डको काम

बलेवा-हर्मीचौरको ४५ किमि सडक कालोपत्रे गर्ने कम्पनीलाई तीन पालिकाको सम्मान

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संघीय ४० निकाय र मातहत कार्यालयका २१ सय ६० सवारीसाधन 'डम्प'

पुरानै गाडी मर्मत गरेर चलाउनुपर्ने आयोगका सुझाव र आफ्नै घोषणाविपरीत नयाँ गाडी किन्न सरकारले छुट्यायो साढे दुई अर्ब

१५ सय ८४ सवारी लिलाम गर्नुपर्ने

त्यसमध्ये गृह मन्त्रालयका मात्र २६७ सवारी

प्रयोगहीन ५७६ थान सवारी मर्मत गरेर चलाउन सकिने

४६० कार्यालयमा लिलाम गर्नुपर्ने र ३२२ कार्यालयमा मर्मत गर्नुपर्ने हालतका सवारीसाधन

● **महेश्वर काफ्ले**, पूर्वकार्यवाहक महालेखा परीक्षक



मर्मतसम्भार गरी उपयोग गर्न सकिने उपाय हुँदा पनि त्यतातिर नलागी बढी मूल्यमा सवारी खरिद गर्ने प्रवृत्तिले अर्बौं मूल्यका सवारीसाधन उपयोगविहीन हुन पुगेका छन्

आयोगहरू सुझाव दिन्छन्, सरकार अटेर गर्छ

सुवास भट्ट, कृष्ण रिजाल

संघीय ४० वटा निकाय र मातहतका कार्यालयमा दुई हजार १६० सवारीसाधन प्रयोगविहीन हुँदा 'डम्प' भएर बसेका छन्। तर, सरकार भएकै गाडी मर्मत गरेर चलाउनुभन्दा नयाँ किन्नमै सक्रिय देखिन्छ। सार्वजनिक खर्च मितव्ययी बनाउन विभिन्न आयोगले पटक-पटक दिएका सुझाव र पाँच महिनाअघि गत माघमा यही सरकारले नयाँ चारपाग्रे गाडी नकिन्ने मापदण्ड घोषणा गरे पनि अर्थमन्त्री विष्णु

» पृष्ठ २ मा क्रमशः

■ सिंहदरबारमा करोडौँ मूल्यका गाडी असरल्ल



● तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

करोडौँ मूल्यका गाडी अहिले पनि सिंहदरबारमा असरल्ल छन्। मर्मत गरेर उपयोग गर्न सकिने अवस्थाका गाडीहरू पनि पार्किङ र खुला चौरमा मिल्काइएको छ। प्रयोग गर्न नमिल्ने सवारीको लिलामी पनि गरिएको छैन। किनिएका गाडी चलाउन मन नगर्ने, तर करोडौँमा नयाँ गाडी खरिदमा उद्यत हुँदा पनि यस्तो अवस्था आएको छ। यसले देशको प्रशासनिक केन्द्र सिंहदरबारको सुन्दरतामै असर गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पछाडि, पुरानो गृह मन्त्रालय जाने बाटोमा करिब दर्जन गाडी मिल्काइएको छ। ती गाडीले सवारी आवागमन हुने सडकलाई समेत साँघुरिएको छ। राष्ट्रिय विपत् प्राधिकरणको पार्किङ रहेको कुनामा पनि तीनवटा गाडी फ्याँकिएको छ। उद्योग मन्त्रालयको पछाडि पुरानो सामान्य प्रशासन मन्त्रालय रहेको भवनको प्रांगणमा पनि आधा दर्जन गाडी यत्तिकै मिल्काइएको छ।

ऊर्जा मन्त्रालयको पछाडिको भागमा पनि आधा दर्जन गाडी घामले डढेका छन्। परराष्ट्र मन्त्रालयपछाडिको भागमा चारवटा गाडी र केही बाइक फ्याँकिएको छ। प्रधानमन्त्री कार्यालयअगाडि रहेको दुग्ध विकास संस्थानको वितरण केन्द्रअघि करिब एक दर्जन थोत्रा मोटरसाइकल छन्। त्यस्तै, गृह मन्त्रालय मोडिने बाटोछेउ पूर्वसांसद मञ्च भएतिर दुईवटा नचल्ने हालतका गाडी छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयपछाडि ठुलो संख्यामा देखिने थोत्रा सवारी भने अहिले देखिएका छैनन्। त्यस्तै, पर्यटन मन्त्रालय र कृषि मन्त्रालयको बिच भाग तथा भूमिसुधार मन्त्रालयको किनारामा पनि फाट्टफुट्ट प्रयोगविहीन गाडी देखिन्छ।

मर्मत गरेर चलाउन सकिने अर्बौंका गाडी मिल्काएर नयाँ किन्न साढे दुई अर्ब बजेट

सरकारले पाँच महिनाअघि मात्रै सार्वजनिक गरेको थियो चारपांग्रे गाडी नकिन्ने मापदण्ड

मर्मत गरेर चलाउन मिल्ने तथा लिलाम गर्न सकिने अर्बौं मूल्यबराबरका गाडी सिंहदरबारकै आँगनमा कबाडी बनिरहँदा सरकारले भने फेरि नयाँ गाडी किन्न भन्दै आगामी आर्थिक वर्षको बजेटमा दुई अर्ब ५६ करोड ६८ लाख छुट्याएको छ। जसमध्ये ४३ करोड ५७ लाखको स्रोत विदेशी ऋण र २१ करोड ९० लाखको स्रोत विदेशी अनुदान भनिएको छ। जबकि पाँच महिनाअघि गत माघमा यही सरकारले सार्वजनिक खर्च मितव्ययी बनाउन भन्दै नयाँ चारपाग्रे गाडी नकिन्ने मापदण्डसमेत सार्वजनिक गरेको थियो।

सरकारले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ मा उल्लेख थियो, 'भएकै पुराना गाडीलाई मर्मतसम्भार गरेर सञ्चालन गर्ने र अत्यावश्यकबाहेक नयाँ गाडी नकिन्ने।' तर, १५ जेठमा अर्थमन्त्री विष्णु पौडेलले आगामी आवका लागि सवारीसाधन खरिद शीर्षकमा छुट्याएको बजेट पछिल्ला वर्षहरूकै सबैभन्दा धेरै हो। त्यस्तै, मर्मतका लागि पनि सात अर्ब आठ करोड ४९ लाख विनियोजन गरेको छ। चालू आवमा नयाँ गाडी खरिदमा एक अर्ब १३ करोड खर्च हुने संशोधित अनुमान छ।

■ प्रभावहीन बन्दै सतर्कता केन्द्र

आधा उजुरी तामेलीमा, करिब एकतिहाइको फर्स्यौट बाँकी

नयाँ पत्रिका

भ्रष्टाचारजन्य गतिविधिमा सम्बन्धित निकायलाई सतर्क गराउने र छानबिन गरी थप कारबाहीका लागि सिफारिस गर्ने अख्तियारी रहेको राष्ट्रिय सतर्कता केन्द्र प्रभावहीनजस्तै बनेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको यो निकायमा परेका आधा उजुरी तामेलीमा राखिएका छन् भने करिब एकतिहाइ उजुरी फर्स्यौट हुनै बाँकी छन्।



०८०/८१ मा केन्द्रमा परेका १,६९३ उजुरीमध्ये ८४९ सामान्य परीक्षण गरेर तामेलीमा

आर्थिक वर्ष सकिएको साढे १० महिनापछि गत १३ जेठमा केन्द्रले ०८०/८१ को वार्षिक प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई बुझाएको थियो। यस आर्थिक वर्षमा केन्द्रमा कुल एक हजार ६९३ उजुरी परेका थिए। त्यसमध्ये ८४९ उजुरीलाई सामान्य परीक्षण गरेर तामेलीमा राख्ने निर्णय गरिएको प्रतिवेदनमा उल्लेख छ। अत्यन्त न्यून उजुरीमा मात्रै केन्द्रले कारबाही गरेको छ। सातवटामा ध्यानाकर्षण गर्ने, दुईवटामा सुझाव दिने, २१८ मा निर्देशन दिने र ११ उजुरीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने निर्णय भएको छ। ६०६ उजुरी फर्स्यौट हुनै बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ।

कानुनी रूपमा केन्द्रको प्रमुख कार्य भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक गतिविधि गर्नु हो। भ्रष्टाचार निवारण ऐनमा केन्द्रको काम, कर्तव्य र अधिकार व्यवस्था गरिएको छ। त्यस्तै, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले पनि भ्रष्टाचार नियन्त्रणका लागि सूचना संकलन गर्ने, अनुगमन गर्ने, सुझाव वा निर्देशन दिने, सतर्क गराउने, कारबाहीका लागि लेखी पठाउने, सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने, प्राविधिक परीक्षण गर्नेलगायत कार्यहरूको

» पृष्ठ २ मा क्रमशः

११ महिनापछि देउवा-प्रचण्ड द्विपक्षीय भेट

संसद् खुलाउने कसरत



१३ जेठदेखि गृहमन्त्री लेखकको राजीनामा मागेर विपक्षी दलले सदन अवरुद्ध गर्दै आएका छन्। संविधानमै १५ जेठमा बजेट ल्याउने कानुनी व्यवस्था भएकाले त्यसका लागि एक दिन सदन चल्न दिएका थिए। हाल बजेटमाथिको छलफलको कार्यसूची रहे पनि प्रतिनिधिसभा बैठक चल्न सकेको छैन।

● प्रचण्ड

विपक्षी दलहरूको म्यान्डेटअनुसार छलफलका लागि आएको छु। हामीले छानबिन समिति गठनको सुनिश्चितता खोजेका छौं। यसमा सुनिश्चितता भयो भने सदन सञ्चालन हुन्छ।





● शेरबहादुर देउवा

संवैधानिक निकाय अख्तियारले छानबिन गरिरहेको विषयमा अन्य कमिटी बनाउने कुरा सम्भव हुँदैन। संसद् खुलाउने वातावरण बनाउनुपर्छ। तपाईंले विपक्षी दलहरूसँग सल्लाह गरेर वातावरण बनाउनुपऱ्यो।

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेस-एमाले गठबन्धनको सरकार बनेको ११ महिनापछि पहिलोपटक कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबिच द्विपक्षीय भेटवार्ता भएको छ। प्रचण्ड शनिबार देउवा भेट्न उनकै निवास बुढानीलकण्ठ पुगेका थिए। यसअघि पटक-पटक दुई नेताबिच फोन संवाद भएको र पछिल्लो समय प्रधानमन्त्री केपी ओलीसमेतको उपस्थितिमा केही त्रिपक्षीय भेटवार्ता भए पनि देउवा-प्रचण्डबिच द्विपक्षीय भेट भने पहिलोपटक भएको हो।

भिजिट भिसाको आवरणमा भएको मानव तस्करी र ठगीमा तानिएका गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै माओवादीलगायत विपक्षी दलले झन्डै दुई सातादेखि अवरुद्ध गरेको सदन खुलाउने कसरत भेटवार्तामा भएको सहभागी नेताहरूले बताए। उनीहरूका अनुसार प्रचण्डले ०६४ यताका सबै गृहमन्त्रीको कार्यकाल छानबिनका लागि समिति गठन गर्नुपर्ने प्रस्ताव राखेका थिए भने देउवाले अख्तियारबाट छानबिन भइरहेको अवस्थामा अन्य समिति बनाउन सम्भव नभएको जवाफ दिएका थिए।

'विपक्षी दलहरूको म्यान्डेटअनुसार छलफलका लागि आएको छु। हामीले छानबिन समिति गठनको सुनिश्चितता खोजेका छौं। यसमा सुनिश्चितता भयो भने सदन सञ्चालन हुन्छ,' प्रचण्डले देउवासँग गरेको प्रस्ताव उद्धृत गर्दै कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले भने।

तर, देउवाले संवैधानिक निकाय अख्तियारबाटै छानबिन भइरहेको विषयमा अर्को समिति बनाउन सम्भव नहुने जवाफ दिएको उनले बताए। देउवाको जवाफ उद्धृत गर्दै खड्काले भने, 'संवैधानिक निकाय अख्तियारले छानबिन गरिरहेको विषयमा अन्य कमिटी बनाउने कुरा सम्भव हुँदैन। संसद् खुलाउने वातावरण बनाउनुपर्छ। तपाईंले विपक्षी दलहरूसँग सल्लाह गरेर वातावरण बनाउनुपऱ्यो।' दुईपक्षीय अडान कायम रहे पनि थप छलफल गर्ने समझदारी दुई नेताबिच भएको उपसभापति खड्काले बताए।

विपक्षी दलहरूले सदन अवरोधको विषयमा सत्तारूढ दलसँग छलफल गरेर निर्णय लिने जिम्मा प्रचण्डलाई दिएका छन्। यही जिम्मा लिएर छलफल गर्न प्रचण्ड देउवानिवास पुगेका हुन्। भेटमा प्रचण्डले विपक्षी दलसँग थप सल्लाह गरेर फेरि छलफल गर्ने बताएका छन्।

उपसभापति खड्कासहित महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक, प्रमुख सचेतक श्याम घिमिरे, केन्द्रीय सदस्य ज्ञानेन्द्र कार्कीलगायत कांग्रेस नेताहरू विपक्षीसँग नियमित संवादमा छन्। शुक्रबार पनि कांग्रेस नेताले प्रचण्ड, रास्वपा उपसभापति स्वर्णिम वाग्लेलगायतसँग छलफल

» पृष्ठ २ मा क्रमशः

■ सडक पुगेपछि फेरिएको ओदीगाउँ

लसुनबाटै वार्षिक एक करोड आम्दानी, घरमै पुग्छन् व्यापारी

ओदीगाउँका किसानले घरलौरी बर्सेनि लसुनबाट ५० हजारदेखि एक लाखसम्म कमाउँछन्

जुम्लामा **मानदत्त रावल**

जुम्लाको हिमा गाउँपालिका- २ ओदीगाउँ प्राकृतिक रूपमा सुन्दर र स्वच्छ मात्रै छैन, यस गाउँले जिल्लाभरिमा लसुन उत्पादनमा आफूलाई अग्रस्थानमा राखेको छ। ओदीगाउँका किसानले घरलौरी बर्सेनि लसुनबाट ५० हजारदेखि एक लाखसम्म लिने गरेका छन्।

ओदीगाउँमा २५० घरधुरी छन्। सबै घरधुरी कृषिमा आबद्ध छन्। उनीहरू बाह्रै महिना खेतीपातीमा व्यस्त हुन्छन्। यहाँका बासिन्दाको मुख्य आम्दानीको स्रोत पनि कृषि हो। उनीहरूले विशेषगरी अन्नबाली जौ, गहुँ, फापर, सिमी, कोदो, चिनो, कागुनोलगायत उत्पादन गर्छन्। फलफूलमा स्याउ, ओखर उत्पादन गर्छन्। यस्तै, तरकारीमा आलु, काउली, लसुन उत्पादन गर्ने गर्छन्। यसमध्ये लसुनबाट उनीहरूले राम्रो आम्दानी गर्ने गरेका छन्।

वडाध्यक्ष हरिबहादुर रोकाया आफैंले पनि वार्षिक ५० हजारको लसुन उत्पादन गर्ने गरेको बताउँछन्। 'यहाँका सबैजसो किसानले लसुन खेती गर्छन्। हरेक घरपरिवारले वार्षिक लसुन खेतीबाट कम्तीमा ५० हजार आम्दानी गर्छन्। म आफैंले पनि वार्षिक एक हल लाग्ने बारीमा लसुन रोपेर ५० हजार आम्दानी गर्ने गरेको छु।'

गाउँलेलाई लसुन उत्पादन कसरी धेरै गराउने भन्ने मात्रै चिन्ता हो। बिक्रीको कुनै चिन्ता छैन। गाउँमै मोटरबाटो पुगेपछि व्यापारीहरू घरआँगनमै लसुन किन्न आइपुग्ने गरेको वडाध्यक्ष रोकायाले बताए।

» पृष्ठ २ मा क्रमशः



भारतबाट फर्किएका थप पाँचजनामा कोरोना पुष्टि, संक्रमितको संख्या १३ पुग्यो

धनगढी/ भारतबाट फर्किएका थप पाँचजनामा शनिबार कोरोना भाइरसको संक्रमण देखिएको छ। चार दिनमा संक्रमितको संख्या १३ पुगेको छ।

शनिबार एन्टिजेन परीक्षण गर्दा धनगढीको त्रिनगर भन्सार नाका भएर आएका तीनजना र बैतडीको झुलाघाट नाकाबाट आएका एक गरी चारजनामा संक्रमण देखिएको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका महामारी नियन्त्रण स्रोतव्यक्ति हेमराज जोशीले बताए। शनिबार त्रिनगर, गड्डाचौकी, झुलाघाट, खत्रौला पुलघाट र जोलजीवी सीमानाका भएर एक हजार ११६ जना स्वदेश फर्किएका थिए। तर, त्रिनगरमा १८ र झुलाघाटमा एक गरी २८ जनाको मात्र परीक्षण गरिएको थियो।

यसअघि त्रिनगर भन्सार नाकामा बुधबार तीन, बिहीबार एक र शुक्रबार पाँचजनामा संक्रमण देखिएको थियो। संक्रमण पुष्टि भएकालाई होम आइसोलेसनमा पठाउने गरिएको छ। सीमानाकामा कोरोना परीक्षणका लागि किट अभाव हुँदा कडा खालको लक्षण देखिएकामा मात्र परीक्षण भइरहेको जोशीले बताए।

पोखरीमा डुबेर दुई बालकको मृत्यु

झापा/ झापाको अर्जुनधारा नगरपालिका- ११ मा रहेको नमुना सामुदायिक वनभित्रको पोखरीमा डुबेर शनिबार दुई बालकको मृत्यु भएको छ। अर्जुनधारा- ११ का पूर्णबहादुर राईको घरमा पाहुना आएका तेह्रथुमको जिरीखिम्तीका १२ वर्षीय महसुस गुरुङ र १० वर्षीय सुजल गुरुङको डुबेर मृत्यु भएको झापा प्रहरीका सूचना अधिकारी खगेन्द्र खड्काले बताए। दुवै बालक पौडी खेल्न शनिबार बिहान ८ बजे पोखरीमा गएका थिए। तर, पोखरीमा डुबेको थाहा पाएपछि उद्धार गरेर उपचारका लागि बिर्तामोडको बी एन्ड सी अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका हुन्।

■ चैतेधानको समर्थन मूल्यको आधा पनि पाउँदैनन् किसान

गत वर्ष १३ सय प्रतिमनसम्म बिक्री भएको धान यसपटक ६ सयमा पनि बिक्न मुस्किल

झापामा **चिरञ्जीवी घिमिरे**


गौरीगन्ज- १ महाभाराका किसान सुरेश राजवंशीको खेतमा मेसिनमार्फत धान काटिँदै

सरकारले यस वर्ष चैतेधानको समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार आठ सय रुपैयाँ ७९ पैसा तोकेको छ। यो मूल्यका आधारमा किसानले प्रतिमन एक हजार १२० रुपैयाँ २७ पैसा पाउनुपर्ने हो। सरकारले यस वर्ष गत वर्षको भन्दा बढी समर्थन मूल्य तोकेको छ। गत वर्ष चैतेधानको समर्थन मूल्य दुई हजार ७०७ रुपैयाँ तोकिएको थियो। तर, व्यवहारतः झापाका किसानले गत वर्षको तुलनामा चैतेधानको मूल्य आधा पनि पाएका छैनन्।

झापाका किसान सरकारले तोकेको समर्थन मूल्यको आधा मूल्यमा चैतेधान बिक्री गर्न बाध्य छन्। झापाका किसानले यस वर्ष पाँच सयदेखि ६ सय प्रतिमनसम्म मात्र चैतेधानको मूल्य पाइरहेका छन्। जसले उनीहरूको उत्पादन लागतसम्म उठ्न सकेको छैन। किसानले उत्पादन लागतभन्दा धेरै कम मूल्यमा यस वर्ष चैतेधान बेचिरहेका छन्। योभन्दा मूल्य अझै कम हुने डरले किसानले उत्पादन लागत पनि नउठ्ने गरी चैतेधान बेचिरहेका हुन्। 'यसपटक एक बिघामा सय मन धान फलाएँ। तर, मूल्य नहुँदा धान फलाउन गरेको लगानी पनि उठेन। आफ्नो मिहिनेतको त कुरै नगरौँ,' गौरीगन्ज- १ का महाभाराका किसान सुरेश राजवंशी भन्छन्, 'धानको भाउ अझै घट्छ भन्दै छन्। तसर्थ, घाटा लागेर पनि धमाधम बेचिरहेका छौँ।'

गत वर्ष प्रतिमन १३ सयसम्म मूल्य रहेको चैतेधान यसपटक आधा मूल्य हुँदा किसान मर्कामा परेका छन्। सरकारले तोकेको समर्थन मूल्य नपाएपछि झापाको गौरादह नगरपालिका, कमल गाउँपालिका र गौरीगन्ज गाउँपालिकाका किसानले संघर्ष समिति नै बनाएर आन्दोलन गरिरहेका छन्।

पछिल्लो केही दिनयता झापाको गौरादह र गौरीगन्ज गाउँपालिकाका किसानले निरन्तर आन्दोलन गरिरहेका छन्। उनीहरूले सडकमा हलो, कोदालोसहित प्रदर्शन गरिरहेका छन्। यस्तै, सडकमै धान फ्याँकेर केहीबेर चक्काजाम गरेरसमेत विरोध गरेका थिए। सरकारले किसानको मर्का नबुझेपछि आन्दोलनमा उत्रनुपरेको किसानले बनाएको संघर्ष समितिका अध्यक्ष इन्द्र पोखरेल बताउँछन्। 'म आफैँले अँधियामा डेढ बिघामा चौतेधान लगाएको थिएँ। तर, यसपटक चैतधानले मूल्य नपाउँदा उत्पादन लागत पनि उठेन। तसर्थ, आन्दोलनमा उत्रनुपरेको हो। गत वर्ष प्रतिमन १३ सयसम्म धान बिक्री भएको थियो। यसपटक ५५० रुपैयाँदेखि ६ सयसम्म मात्र धान बिक्री भइरहेको छ,' उनी भन्छन्, 'धान काट्ने मेसिन प्रयोग गर्दा प्रतिघण्टा ६ हजारसम्म लिन्छ। धानको भन्दा त्यसको भाडा धेरै भएपछि किसानले धान नै जिम्मा लगाएका घटना पनि छन्।'

आवश्यक परेको समयमा मल नपाउने समस्या त छँदै छ। किसानले सरकारले तोकेको चैतेधानको समर्थन मूल्यसमेत नपाएको पोखरेलको गुनासो छ। 'सरकारले चैतेधानको समर्थन मूल्य तोकेको छ। त्यही समर्थन मूल्यअनुसार मूल्य दिएदेखि केही हदसम्म सहज हुने थियो। तर, नियमकारी निकायले बेवास्ता गर्दा किसानले सरकारले तोकेको मूल्य नै पाउँदैनन्,' उनी भन्छन्, 'सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको भन्छ। तर, किसान सबैभन्दा बढी मारमा छन्। समयमा मल पाइँदैन। नपाएपछि भारतबाट मल ल्याउनुपर्ने बाध्यता छ। नाकामा प्रहरीले मल ल्याउँदा दिएको दुःख त भनिसाध्य छैन।'

कृषि क्षेत्र र किसानलाई बचाइराख्न सरकारले विशेष योजना ल्याउनुपर्ने कृषकको माग छ। 'चैतेधान रोप्नका लागि सिँचाइमा बोरिङकै भर पर्नुपर्छ। यस्तो अवस्थामा कि त बिजुलीको महसुल छुट दिनुपर्छ, कि त स्थानीय तहले तिरिदिनुपर्छ। होइन भने खेती गर्न नै गाह्रो भयो। खेती गर्नुभन्दा खेत नै बाँझै छाड्न उपयुक्त हुने भयो,' संघर्ष समिति अध्यक्ष पोखरेल भन्छन्, 'कृषिप्रधान देशमा कृषकको यो हविगत छ। यसमा सरकारको ध्यान नगएसम्म आन्दोलन जारी राख्छौँ। अनशनसम्म बस्ने तयारी गर्दै छौँ।'

गौरीगन्ज- १ का किसान प्रेम तामाङले पनि यसपटक चैतेधानको मूल्य सोचेअनुरूप पाएनन्। उनले यसपटक करिब सय मन धान फलाए। तर, राख्ने ठाउँ नहुँदा उधारोमा धान व्यापारीको जिम्मा लगाएका छन्। 'यसपटक धान त कौडीको भाउमा पनि गएन। फलेको धान राख्ने ठाउँ छैन। पानी आयो भने झन् बर्बाद हुन्छ। अहिले तत्काल पैसा दिएर धान किन्दैनन्,' उनले भने, 'कति हो मूल्य पनि थाहा छैन। जति दिए पनि देऊ भनेर व्यापारीलाई सय मन धान दिएँ। अब कति पैसा दिन्छन् उनीहरूकै हातमा छ।'

झापाका सबै स्थानीय तहमा बर्खे र चैतेधान उत्पादन हुँदै आएको छ। यस वर्ष झापामा २० हजार हेक्टर क्षेत्रफलमा चैतेधान लगाइएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ। यसपटक एक लाख मेट्रिकटन चैतेधान फल्ने कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए।

११ महिनापछि...

पृष्ठ १ बाट क्रमशः

गरेका थिए। त्यसअघि देउवा र प्रचण्डबिच टेलिफोनमा कुराकानी भएको थियो।

सरकारको नेतृत्व गरिरहेको एमाले भने यस विषयमा प्रतिपक्षीसँग मात्रै होइन, सत्तापक्षसँग पनि छलफलमा छैन। प्रधानमन्त्री केपी ओलीले पेलेर सदन चलाउने अभिव्यक्ति दिँदै आएका छन्। एमालेले प्रमुख सचेतकमार्फत भिजिट भिसा प्रकरणमा समिति बनाउन आवश्यक नरहेको अडान राख्दै आएको छ।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सदन खुलाउने विषयमा कुनै प्रगति नभएको बताए। 'नयाँ प्रगति केही पनि भएको छैन,' उनले भने, 'हाम्रो माग र अडान यथावत् छ।'

त्यस्तै, रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले पनि सदन सुचारु गर्ने विषयमा सत्तापक्षले आवश्यक चासो नदेखाएको आरोप लगाए। 'सरकार पक्षले खास केही गरेको छैन। हाम्रो कुरा स्पष्ट राखेका छौँ। त्यसमा सत्तापक्षले चासो दिनुपर्ने हो, सत्तापक्षले अहिलेसम्म चासो दिएको छैन,' उनले भने।

दलहरूबिच कुनै सहमति नबनेपछि आइतबार दिउँसो १ बजेका लागि बोलाइएको प्रतिनिधिसभा बैठक अनिश्चित बनेको छ। विपक्षी माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादीलगायतले बजेट ल्याउनुअघि नै १३ जेठदेखि गृहमन्त्री लेखकको राजीनामा मागेर सदन अवरुद्ध गरेका थिए। तर, संविधानमै १५ जेठमा बजेट ल्याउने कानुनी व्यवस्था भएकाले त्यसका लागि एक दिन सदन चल्न दिएका थिए। हाल बजेटमाथिको छलफलको कार्यसूची रहे पनि प्रतिनिधिसभा बैठक चल्न सकेको छैन।

लसुनबाटै...

पृष्ठ १ बाट क्रमशः

'लसुन खरिद गर्न व्यापारी घरघरै आउँछन्। सुकाएको लसुन प्रतिकेजी सय र नसुकाएको ६० रुपैयाँमा बिक्री हुन्छ,' उनले भने, 'ओदीगाउँबाट वार्षिक दुई ट्रक अर्थात् १६० क्विन्टलजति लसुन बिक्री हुन्छ। जसबाट गाउँमा बर्सेनि एक करोडभन्दा बढी आम्दानी हुने गरेको छ।' असारमा लसुन कोर्ने र साउनमा बिक्री गर्ने गरेको उनले बताए।

नाम्म-गमगढी सडकको बड्की खण्डबाट उत्तरतर्फ यात्रा गर्दा करिब एक घण्टामा ओदीगाउँ पुग्न सकिन्छ। पारिलो घाम लाग्ने दक्षिण मोहोडा फर्किएको खेतीयोग्य जमिनबाहेक ढुंगा, माटो, काठले बनेका परम्परागत शैलीका लहरै (वाडा) घरैघर ओदीगाउँको अर्को चिनारी हो।

समृद्धिको खुट्किलोमा उक्लिँदै गरेको ओदीगाउँको छेउमा आधारभूत स्वास्थ्य केन्द्र र १२ कक्षासम्म अध्ययन हुने (बाली विज्ञान प्राविधिक धार) नेत्रज्योति माध्यमिक विद्यालय पनि छ। सामान्यतया बिरामी हुँदा औषधि उपचार गर्ने ठाउँ (आधारभूत स्वास्थ्य केन्द्र) र जीवन उपयोगी शिक्षा आर्जन गर्न विद्यालय भएपछि यहाँका नागरिक प्रफुल्लित छन्।

ओदीगाउँ हिमा गाउँपालिकाको सबैभन्दा अग्लो स्थानमा रहेको गाउँ पनि हो। यो गाउँ समुद्री सतहदेखि २९ सय मिटर उचाइमा छ। यो वडा पश्चिममा कालिकोट जिल्लाको पलाता गाउँपालिकाको सिमानासँग जोडिएको छ। अग्लो स्थानमा भएकाले यहाँ पशुपालनको राम्रो सम्भावना र मौरीपालन, जडीबुटीको पनि उत्तिकै सम्भावना रहेको छ। वडाको जनसंख्या १३ हजार सात रहेको छ।

ओदीगाउँमा सडक पुगेको ६-७ वर्षजति भयो। त्यसयता गाउँको स्वरूप नै बदलिएको नेत्रज्योति माध्यामिक विद्यालय ओदीका प्रधानाध्यापक रंगबहादुर रोकाया बताउँछन्। उनले भने, 'गाउँ सडक सञ्जालमा जोडिएपछि विकास निर्माणका सामग्री ओसारपसार गर्न पनि सहज भएको छ,' उनले भने, 'विकासको मेरुदण्ड भनेको सडक नै रहेछ।'

ओदीगाउँ पुगेको सडक कालीकोट जिल्ला हुँदै बाजुरासम्म पुगेको छ। कतिपय खोलामा पुल नभएका कारण वर्षायाममा भने आवतजावतमा समस्या हुने गरेको छ। कच्ची सडक पुगेसँगै राष्ट्रिय प्रसारण लाइन (नेसनल



ग्रिड) ओदीगाउँमा पुऱ्याउने तयारी भइरहेको छ। पोल गाड्ने काम हुँदै छ। अब विद्युत् लाइन तान्ने तयारी छ।

सडक पुगेपछि नगदे कृषिमा आकर्षण

गाउँमा सडक पुगेपछि ओदीगाउँका किसान नगदे कृषिमा आकर्षित भएका छन्। स्थानीयले चामलबाहेक अरू खाद्यान्न किनेर खानु नपरेको वडाध्यक्ष रोकाया बताउँछन्। लसुन खेतीबाहेक कतिपय किसानले व्यावसायिक मौरीपालन पनि सुरु गरेर राम्रो आम्दानी गरेका छन्। मोदीगाउँका किसानको अर्को आम्दानीको स्रोत भनेको पशुपालन पनि हो। यहाँ ५० देखि १०० वटासम्म भेडाबाख्रा पालन गर्ने सय किसान परिवार छन्।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति :- २०८२।०२।२५)

यस कार्यालयको मिति २०८१/१२/११ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं. 02/JRM/W/1S2E/2081/082 को Construction of Janaki Rural Municipalaity Administrative Building सम्बन्धमा मिति २०८२/०२/१२ मा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रावधान बमोजिम पेश भएका निवेदन उपर कारवाही हुँदा तपसिलका बोलपत्रदाताहरुका प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएकाले आर्थिक प्रस्ताव मिति २०८२।०३।०२ गते दिउँसो २:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

क्र.सं.	प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल भएका बोलपत्रदाताको नाम, ठेगाना	कैफियत
1.	Nirajan-R.B.-Bandekali JV, Tikapur-1, Kailali	
2.	Masding Devi Nirman Sewa Pvt. Ltd., Madhyapurthimi, Bhaktapur	
3.	Abhiyan Construction Pvt. Ltd., Kathmandu-10	
4.	Dreamway-JanaAadarsha JV, Chandragiri-11, Kathmandu.	
5.	AD Builders Company Pvt. Ltd., Gokarneshwor-4, Kathmandu.	
6.	Rayush- Nagarik JV, Barbardiya-9, Bardiya.	
7.	BM-SCPL-SNS JV, Kalikasthan-3, Rasuwa	
8.	Sunlight- Khumchandra JV, Bardiya	
9.	Kinara Nirman Sewa, Dhangadhi-5, Kailali.	
10.	Royal Construction, Dhangadhi, Kailali.	
11.	Shashwat-JB JV, Ghodaghodi-10, Kailali	
12.	Akriti-Nura-DDNS JV, Jayprithivi-9, Bajhang	
13.	MMPL-OEBPL JV, Koteshwor-32, Kathmandu	
14.	Prasansa Construction, Badimalika-8, Bajura	
15.	APM-Key West- Baju JV, New Baneshwor, Kathmandu	
16.	Triveni Lafa-Shubha Laxmi JV, Banasthali-15, Kathmandu	
17.	Shanidev-Shahi-Ma Durga J/V Lamkichuha-2, Kailali	
18.	B & P - Purbapaschim - Bajrang JV, Kathmandu-2	
19.	Deuti bajai-Naulo safal-Munal JV, Masta-1, Bajhang	

प्रमुख प्रशासकीय अधिकृत

संघीय ४० निकाय...

पृष्ठ १ बाट क्रमशः

पौडेलले आगामी आर्थिक वर्षको बजेटमा नयाँ गाडी किन्न साढे दुई अर्ब विनियोजन गरेका छन्।

केही समयअघि मात्रै 'पुराना सरकारी सवारीसाधन तथा यन्त्र-उपकरणको व्यवस्थापन गर्नेसम्बन्धी कार्यदल'ले प्रयोगविहीन उपकरण १९७, दुईपांग्रे सवारीसाधन एक हजार १८७ र चापपांग्रे सवारी ७७६ सहित जम्मा प्रयोगविहीन सवारीसाधन तथा यन्त्र-उपकरण दुई हजार १६० थान रहेको अन्तरिम प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई बुझाएको छ। प्रयोगविहीन उपकरणअन्तर्गत यातायात व्यवस्था कार्यालयमा दर्ता हुने र सडकमा गुड्ने टिपर, ट्रक, डोजर, लोडर इत्यादि पर्छन्। यद्यपि, प्रतिवेदन पूर्ण भइसकेको छैन।

'यो अन्तरिम प्रतिवेदन हो,' कार्यदलका एक अधिकारीले नयाँ पत्रिकासँग भने, 'नौ कार्यालयको विवरण आएको छैन। विवरणहरू थपिने क्रममा छन्। यसलाई अन्तिम रूप दिन बाँकी नै छ। प्रतिवेदन पूर्ण भएपछि सार्वजनिक गर्छौं।' भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको यान्त्रिक तालिम केन्द्रका तालिम प्रमुख सुपरिटेन्डिङ इन्जिनियर (सहसचिव) अरुणकुमार कटुवालको संयोजकत्वमा रहेको कार्यदलले प्रयोगविहीन सवारीसाधनको व्यवस्थापनको विकल्पसहित सुझाव र सिफारिससमेत गरेको छ। प्रयोगविहीन सवारीसाधनको लिलामीका लागि कानुनी र प्रक्रियागत जटिलतालाई सहजीकरण गर्नुपर्ने, मर्मत हुन सक्ने सवारी मर्मत गरेर चलाउनुपर्ने र प्रयोगविहीन सवारीको व्यवस्थापनका लागि छुट्टै कार्यालय खोल्नुपर्नेलगायतका सुझाव तथा सिफारिस कार्यदलले गरेको छ। पुराना र प्रयोगविहीन सवारीका कारण सरकारी कार्यालय कुरूप बनेका तथा मर्मत गर्न सकिने सवारी पनि प्रयोग नगरेर नयाँ खरिदतिर लाग्दा सरकारी खर्च पनि बढेको प्रतिवेदनमा औँल्याइएको छ।

मन्त्रिपरिषद्को गत ६ मंसिरको बैठकले सरकारी निकायको स्वामित्वमा रहेका पुराना सवारीसाधन तथा यन्त्र-उपकरणको लागत तयार गरी व्यवस्थापन गर्ने उपायसमेत सिफारिस गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव (प्राविधिक) को संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को निर्णयका आधारमा कटुवालको संयोजकत्वमा गठित समितिमा कानुन मन्त्रालयका उपसचिव भूमिनन्द खनाल, गृह मन्त्रालयका उपसचिव वर्तराज पौडेल र महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक मानबहादुर मगर सदस्य तथा भौतिक पूर्वाधार मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर (सिडिई) शंकरसिंह धामी सदस्यसचिव थिए।

एक हजार ५८४ सवारी लिलाम गर्नुपर्ने

कार्यदलले प्रयोगविहीनमध्ये एक हजार ५८४ पुराना सवारीसाधन लिलाम गर्नुपर्ने सुझाएको छ। जसमा १३७ यन्त्र उपकरण, नौ सय आठ दुईपांग्रे र ४३९ चारपांग्रे सवारी छन्।

लिलाम गर्नुपर्नेमा उपत्यकाभित्र रहेका सवारीको संख्या एक हजार १४ छ। विवरणअनुसार उपत्यकाभित्र लिलाम गर्नुपर्ने यन्त्र उपकरण ४७, दुईपांग्रे सवारी ६४० र चारपांग्रे सवारीको संख्या ३२७ वटा छन्। उपत्यकाबाहिरका कार्यालयमा लिलाम गर्नुपर्ने सवारीको संख्या ५०१ छ। त्यसमा ९० यन्त्र उपकरण, २२९ दुईपांग्रे र १८२ चारपांग्रे छन्। यसका अतिरिक्त १६/१६ थान दुईपांग्रे र चारपांग्रे सवारीसाधन यन्त्रिक तालिम केन्द्रको परिसरमा तथा अरू २३ थान दुईपांग्रे र १४ थान चारपांग्रे हेभिइक्विपमेन्ट डिभिजन काठमाडौँमा लिलाम प्रयोजनका लागि थन्क्याइएको छ।

गृहकै २६७ सवारीसाधन लिलाम गर्नुपर्ने

लिलामी गर्नुपर्नेमध्ये सबैभन्दा बढी गृह मन्त्रालयअन्तर्गतका २६७ सवारीसाधन छन्। त्यस्तै, कृषि मन्त्रालयअन्तर्गत २६६, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत १९१, वनअन्तर्गत १३०, खानेपानीमा १२८ र महिला तथा बालबालिकामा ८४ सवारीसाधन लिलामी गर्नुपर्ने औँल्याइएको छ। त्यस्तै, ऊर्जा मन्त्रालयअन्तर्गत ८३, रक्षा मन्त्रालयअन्तर्गत ७६, सर्वोच्च अदालतमा ४९ र भूमि व्यवस्थापन मन्त्रालयमातहत ३४ थान सवारीसाधन लिलामी गर्नुपर्ने देखिन्छ।

प्रयोगहीन ५७६ सवारी मर्मत गर्न सकिन्छ

कार्यदलले प्रयोगविहीन अवस्थामा रहेकामध्ये ५७६ सवारीसाधन भने मर्मत गर्न सकिने प्रतिवेदनमा उल्लेख गरेको छ। मर्मत गरेर चलाउन सकिने उपत्यकाभित्रका र बाहिरका यन्त्र-उपकरण ६०, दुईपांग्रे २७९ र चारपांग्रे दुई सय ३७ छन्।

४६० कार्यालयमा लिलाम गर्नुपर्ने र ३२२ कार्यालयमा मर्मत गर्नुपर्ने हालतका सवारीसाधन

प्रयोगमा नभएका सवारीसाधनहरूको विवरण प्राप्त भएका ४० निकायको विवरण संकलन गरी लिलाम गर्नुपर्ने र मर्मत गर्नुपर्ने आधारमा प्रतिवेदनमा वर्गीकरण गरिएको छ।

प्रतिवेदनअनुसार ४६० कार्यालयमा लिलाम गर्नुपर्ने प्रयोगविहीन सवारीसाधन तथा यन्त्र-उपकरण देखिएका छन्। त्यसमा काठमाडौं उपत्यकाभित्रका १३१ कार्यालय र उपत्यकाबाहिर ३२९ कार्यालयहरूमा छन्। त्यस्तै, ३२२ कार्यालयमा प्रयोगविहीन र मर्मत गर्नुपर्ने सवारीसाधन तथा उपकरण छन्। त्यसमा उपत्यकाभित्र १०३ वटा र बाहिर २१९ वटा रहेको प्रतिवेदनमा उल्लेख छ।

अर्बौं मूल्यका सवारी प्रयोगहीन

प्रतिवेदनअनुसार अर्बौं मूल्यका सवारीसाधन प्रयोगविहीन अवस्थामा छन्। प्रयोगविहीन सवारीसाधन तथा यन्त्र-उपकरणहरूको परल मूल्यको विवरण पनि कार्यदलले तयार गरेको छ। ८५ उपकरण, ३०५ चारपांग्रे र ४०८ दुई पांग्रेसहित ७९८ वटाको परल मूल्य नखुलेको प्रतिवेदनमा उल्लेख छ।

यसबाहेकका अन्य सवारीको परल मूल्यसमेत जोडेर प्रतिवेदनमा समेटिएको छ। प्रयोगविहीन अवस्थामा रहेका सवारीमा ५१ करोड १७ लाख २२ हजार नेपाली रुपैयाँ, एक लाख ८८ हजार ८१० अमेरिकन डलर र ६७ लाख १८ हजार ७९० जापानिज येन लागत परेको थियो।

धेरै सवारी प्रयोग गर्ने अर्थसहित नौ प्रमुख मन्त्रालयले नै पठाएनन् विवरण

समितिले गत २६ पुस सबै संघीय निकायलाई पत्राचार गरी सवारीसाधनको विवरण मागेको थियो। समितिले ४९ वटा केन्द्रीय निकायलाई पचात्रार गरी यस्तो विवरण माग गरेको थियो। प्रतिवेदन टुंगो लगाउने अवधिसम्ममा ४० वटा निकायले विवरण पठाएका थिए। यसैलाई समेटेर अन्तरिम प्रतिवेदन तयार गरेको हो। बढी सवारी प्रयोग गर्ने प्रमुख संघीय मन्त्रालयले नै अध्ययन समितिलाई विवरण पठाएका छैनन्। बारम्बार ताकेता गर्दा पनि नौवटा निकायले विवरण नपठाएको प्रतिवेदनमा उल्लेख छ।

सवारीको विवरण नपठाउने निकायमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लुम्बिनी प्रदेश प्रमुखको कार्यालय र कर्णाली प्रदेश प्रमुखको कार्यालय छन्।

संघीय निकायमा २८ हजार ६०६ सवारीसाधन

महालेखा नियन्त्रक कार्यालयले लागू गरेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को विवरण विश्लेषण गरेर समितिले संघीय कार्यालयअन्तर्गत रहेका सवारीसाधनहरूको संख्या निकालेको छ। जसअनुसार ४९ संघीय निकाय र अन्तर्गतका कार्यालयहरूमा १८ हजार ६०६ दुईपांग्रे र १० हजार २०२ चारपांग्रे गरी कुल २८ हजार ६०६ सवारीसाधन छन्।

■ आयोगहरू सुझाव दिन्छन्, सरकार अटेर गर्छ


रामेश्वर


डा. डिल्लीराज

पूर्वसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुझाव आयोगले गत चैत अन्त्यमा मात्रै अर्थमन्त्री विष्णु पौडेललाई ४७८ पेजको सुझाव दिँदै अनुत्पादक तथा चालू प्रकृतिका खर्च कटौतीमा ध्यान दिन भनेको थियो। सार्वजनिक खर्च पुनरावलोकन आयोगका सुझाव कार्यान्वयन गर्न पनि सम्झाएको थियो। तर, अर्थमन्त्रीले बजेटमा ती सुझावको उल्लंघन गरेका छन्। त्यस्तै, डा. डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले ०७५ मै तीन वर्षसम्म सवारीसाधन खरिद नगर्न सुझाव दिएको थियो। त्यो सुझाव यसबिचका सरकारहरूले कार्यान्वयन गरेनन्। त्यस्तै, महालेखा परीक्षकको कार्यालयले पनि नयाँ सवारीसाधन तथा फर्निचर खरिद नगर्ने बजेटका घोषणा कार्यान्वयन नभएको भन्दै कैफियत औँल्याएको छ।

आधा उजुरी...

पृष्ठ १ बाट क्रमशः

व्यवस्था गरेको छ।

तर, कानुनले निर्दिष्ट गरेका क्षेत्र र कार्यमा केन्द्रको कार्यसम्पादन कमजोर बन्दै गएको छ। उजुरीमाथि गम्भीर छानबिन तथा कारबाही गर्नेभन्दा पनि केन्द्र सामान्य र नियमित गतिविधिमै सीमित बनेको आरोप लाग्दै आएको छ। पछिल्लो समय केन्द्रका गतिविधि गोष्ठी, सेमिनार र सामान्य चेकजाँचमा सीमित छन्।

सतर्कता केन्द्रका सचिव सरजुकुमार वैद्यले प्रमाण नभएका अपुष्ट उजुरीहरूलाई प्रारम्भिक रूपमा हेरेर फिल्टर गरी छाड्ने गरिएको बताए। उनका अनुसार छानबिन गर्न लायक उजुरीमा केन्द्रले सम्बन्धित निकाय वा व्यक्तिसँग कागजात र राय-प्रतिक्रिया माग्छ। प्रारम्भिक छानबिन गर्दा कुनै कमजोरी नदेखिए तामेलीमा लाने निर्णय गर्छ। 'तामेली भनेको पनि फर्स्योट नै हो। केही उजुरी फर्स्योट हुन बाँकी छन्,' उनले भने।

सामान्य गतिविधिमा रुमलिएको सतर्कता

कानुनले भ्रष्टाचार नियन्त्रणका लागि सतर्कता केन्द्रको भूमिकालाई व्यवस्थित गरेको छ। तर, भ्रष्टाचार नियन्त्रणको प्रवर्द्धनात्मक र निरोधात्मक अधिकार क्षेत्रमा केन्द्रको उपस्थिति कमजोर छ। गत आवमा केन्द्रले जिल्लास्तरमा भ्रष्टाचारविरुद्धका चार सचेतनामूलक गोष्ठी गरेको छ भने स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूलाई सदाचार शिक्षाका १० वटा कार्यक्रम पनि गरेको छ।

३७ जिल्लाका ४४९ कार्यालयमा नागरिक बडापत्र कार्यान्वयन अनुगमन गरी देखिएका कमजोरी सुधारका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको केन्द्रले जनाएको छ। त्यस्तै, ४८५ कार्यालयमा समय पालनासम्बन्धी अनुगमन गरेर दुई हजार २८६ र तोकिएको पोसाक नलगाउने ४७२ समेत दुई हजार ७५८ कर्मचारीलाई कारबाहीका लागि सम्बन्धित निकायमा पत्राचार गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ। पोखरा, जनकपुर, हेटौँडामा करिब तीन सय इन्जिनियरहरूको सहभागितामा प्राविधिक परीक्षणको आवश्यकता र महत्त्वका विषयमा तीन सचेतना गोष्ठी पनि गरिएको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

गत आवमा राष्ट्रिय गौरवका र अन्य गरी ३१ वटा आयोजनाको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको केन्द्रले जनाएको छ। प्राविधिक परीक्षणका लागि अन्य निकायबाट समेत अख्तियारी प्राप्त भएकामा दोस्रो पुल सुधार तथा सम्भार आयोजनातर्फ ६७ समेत गरी ९८ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरिएको वार्षिक प्रतिवेदनमा उल्लेख छ। विकास आयोजनाको प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्न केन्द्रले विविध क्षेत्रका २५ इन्जिनियरलाई प्राविधिक परीक्षक तालिम प्रदान गरेको छ।

माग्यो अनुचित कार्य हेर्ने अधिकार

सतर्कता केन्द्रले अनुचित कार्य हेर्ने अधिकार माग गरेको छ। वार्षिक प्रतिवेदनको सुझाव खण्डमा उल्लेख गरेर केन्द्रले यस्तो अधिकार खोजेको हो। नेपालको अन्तरिम संविधान, २०६३ मा कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने व्यवस्था थियो। तर, यसको चरम दुरुपयोग हुन थाल्यो। फलस्वरूप ०७२ मा जारी भएको अहिलेको संविधानले अनुचित कार्यसम्बन्धी कुनै व्यवस्था गरेको छैन।

०७६ मा काशीराज दाहाल नेतृत्वको उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिले अनुचित कार्यको छानबिन गरेर कारबाही गर्ने जिम्मेवारी कुनै न कुनै निकायलाई दिन सुझाव दिएको थियो। प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने केन्द्रलाई अनुचित कार्य हेर्ने गरी व्यवस्था गर्न केन्द्रले माग गरेको छ। नयाँ बन्ने सतर्कता केन्द्र ऐनमा यसको व्यवस्था गर्नुपर्ने सुझाव छ। हाल कानुन सुधार आयोगले सतर्कता केन्द्रको विधेयकको मस्यौदा गरिरहेको छ

'सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने यस केन्द्रलाई अनुचित कार्य हेर्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयअनुसार हाल कानुन सुधार आयोगबाट मस्यौदा भइरहेको राष्ट्रिय सतर्कतासम्बन्धी ऐनमा व्यवस्था गर्नुपर्ने' सुझाव प्रतिवेदनमा छ।

त्यस्तै, सतर्कता केन्द्रलाई प्रदेश तहसम्म विस्तार गर्नुपर्ने, निगरानी निकायबिच विद्युतीय सूचना आदान-प्रदान गर्ने संयन्त्र विकास गर्नुपर्ने, प्राविधिक परीक्षण कार्यलाई विकास निर्माणका आयोजनाको अभिन्न अंग बनाउनुपर्ने, मन्त्रालय वा अन्तर्गत विभिन्न निकायहरूका सवारीसाधनको अनधिकृत प्रयोग रोक्न अविलम्ब सवारीसाधन प्रयोगसम्बन्धी निर्देशिका जारी हुनुपर्नेलगायतका २० बुँदे सुझाव केन्द्रले दिएको छ।

सर्वोच्चमा बर्सेनि बढ्दै अवहेलनाका मुद्दा

चालू वर्षको साढे १० महिनामा अवहेलनासम्बन्धी २२७ निवेदन, अवहेलनाजन्य कार्य बढ्दै गएकोमा कानुनविद्को चिन्ता



● **गौरीबहादुर कार्की**, पूर्वन्यायाधीश

अहिले अदालतप्रति यसको कामकारबाहीमाथि अनावश्यक टीका-टिप्पणी गर्ने चलन बढेको देख्छु। उच्च ओहोदामा बसेका, उच्चपदस्थ राजनीतिक व्यक्तिहरू, पूर्वविशिष्ट पदमा रहेका मान्छेहरूबाट आफ्नो इच्छाअनुसार आदेश वा फैसला नआए बढी बोल्ने गरेको देखिन्छ। यहाँका राजनीतिकर्मीलाई आफू कमजोर हुँदा अदालत चाहिने, शक्तिमा हुँदा नचाहिने प्रवृत्ति छ। कतिपय अवस्थामा अदालतको पनि कमजोरीचाहिँ देखिन्छ, जस्तो समयमा फैसला नगरिदिने। नेताहरू र उच्चपदस्थप्रति अलि बढी उदार भइदिने अनि कमजोरलाई ठोक्दिने।



● **बाबुराम कुँवर**, पूर्वमहान्यायाधिवक्ता

न्यायसम्पादनमा प्रतिकूल असर पार्ने खालको कार्य, आचरण वा अभिव्यक्तिसमेतका कार्य अवहेलनाजन्य हो। यो प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमले गरिन्छ। अदालत स्वतन्त्र, सक्षम, निष्पक्ष र बलियो हुनुपर्छ। तर, विचाराधीन विषयमा अनावश्यक टीका-टिप्पणी गर्ने, चेयरमा बसेका न्यायाधीशमाथि अनावश्यक टीका-टिप्पणी गर्ने, न्याय सम्पादनमा बाधा पुऱ्याउने, बोलेर वा लेखेर अभिव्यक्त गर्नेक्रम बढेको छ। राजनीतिकर्मीले पनि आफूअनुकूल फैसला आओस् भन्ने इच्छा राख्ने र नआएमा अदालतमाथि पूर्वाग्रही भई बोल्छन्। यसलाई आपत्तिजनक मान्नुपर्छ।

शिल्पा कर्ण/नयाँ पत्रिका



आर्थिक वर्षको वैशाखसम्म २२७ अवहेलनाका निवेदन रहेको सर्वोच्चका सूचना अधिकारी नीराजन पाण्डेयले जानकारी दिए।

अहिले प्रधानमन्त्री केपी ओलीदेखि कांग्रेस महामन्त्री गगन थापा र काठमाडौं महनगरका मेयर बालेन्द्र शाहसम्मविरुद्ध अवहेलनाको निवेदन छ। सर्वोच्चबाट एक वर्षअघि दायर परमादेश कार्यान्वयनको साटो उल्टै भूमिसम्बन्धी अध्यादेश जारी गरी अदालतको आदेशको अवहेलना गरेको आरोप ओलीमाथि छ। कांग्रेस महामन्त्री गगन थापाले अध्यादेशका आधारमा फन्डै चार वर्षअघि नियुक्त भएका संवैधानिक पदाधिकारीहरूको विचाराधीन मुद्दाबारे ११ वैशाखको एक कार्यक्रममा बोल्दै 'अहिले सम्मानित अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतको विषयहरूलाई दुई-तीन वर्षदेखि तँलाई हान्दिऊँ भनेर झुलाएर राखेको छ' भनेका थिए। यसले अदालतको अवहेलना गरेको भन्दै तीन अधिवक्ताले उनीमाथि कारबाहीको मागसहित निवेदन दिएका थिए।

त्यस्तै, तत्कालीन प्रधानन्यायाधीश तथा न्यायपरिषद् अध्यक्ष विश्वम्भरप्रसाद श्रेष्ठले 'लेनदेन मिलाउन नियुक्ति सिफारिस' गरेको भनी अभिव्यक्ति दिएपछि वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेमाथि पनि अवहेलना निवेदन विचाराधीन छ। कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनका निवर्तमान अध्यक्ष घिमिरेमाथि सर्वोच्चका उपरजिस्ट्रार गोविन्दप्रसाद घिमिरेले दिएको प्रतिवेदनउपर गत वर्ष असोजमा कारबाही भई उनीसँग लिखित जवाफ माग भएको छ।

त्यस्तै, काठमाडौं महानगरपालिकाका मेयर बालेनमाथिको अवहेलना मुद्दा पनि विचाराधीन छ। ८ असार ०८० मा अधिवक्ता वर्षाकुमारी झाले बालेनले लेखेको फेसबुक पोस्टले अवहेलना भएको दाबीसहित निवेदन दर्ता गराएकी थिइन्।

पाँच वर्षका अवहेलना मुद्दा तथ्यांकमा

आव	लगत	फर्स्योट	बाँकी
०७७/७८	२३३	१४	२१९
०७८/७९	३०८	४८	२६०
०७९/८०	३४८	८६	२६२
०८०/८१	३३४	८३	२५१
०८१/८२ (१५वैशाख)	२२७	४५	१८२

गत वर्ष वैशाखमा 'सिधा कुरा डटकम' अनलाइनमा प्रकाशित एक रिपोर्टलाई लिएर अवहेलनाको निवेदन परेको थियो। जसमा गत १३ असोजमा सर्वोच्चको बृहत् पूर्ण इजलासले प्रतिवादीहरूलाई कैद र जरिवानाको फैसला गरेको थियो। प्रतिवादी राजकुमार तिमल्सिनालाई ६ महिना कैद सजाय तोकिएको थियो भने अन्य दुई पत्रकारलाई जनही तीन महिनाको कैद हुने फैसला भएको थियो। क्षमायाचना गरेमा जनही सात दिन मात्र थुनामा राख्न फैसलामार्फत भनिएको थियो।

उक्त मुद्दामा सर्वोच्चले भनेको थियो, 'अदालतले अवहेलनामा वाञ्छित हदको सहनशीलता कायम राख्दै आएको छ भन्दैमा आफ्नो सीमालाई चटक्क बिर्सी वा आफ्नो लक्ष्मणरेखा नाघी अदालतको अवहेलना हुने गरी कार्य गर्न प्रेस स्वतन्त्रताको रक्षाकवच स्वीकार्य हुन सक्दैन। सञ्चारमाध्यमबाट भएको अवहेलनाजन्य कार्यमा अदालत चुप लागेर बस्नुपर्छ भन्ने होइन।'

गत साता मात्र समाचारकै विषयलाई लिएर नेपाली पेन डटकमसँग अदालतले जवाफ मागेको थियो।

८ वैशाखमा उक्त अनलाइनमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले पूर्वराजा ज्ञानेन्द्र शाहसँग भेटेको भनी समाचार प्रकाशित भएको थियो। समाचारमा संवैधानिक इजलासमा विचाराधीन ५२ संवैधानिक पदाधिकारीको नियुक्ति खारेज गरी प्रधानन्यायाधीश व्यवस्था उल्ट्याउने खेलमा लागेको आरोप लगाइएको थियो। सर्वोच्चकी नायबसुब्बा कमला रेग्मीसमेतले निवेदन दिएकोमा अब्दुल अजिज मुसलमान र टेकप्रसाद ढुंगानाको १० वैशाखको इजलासले उक्त मिडियाका प्रधानसम्पादक डा. दीपेश केसी र कार्यकारी सम्पादक सचिना बानियाँलाई सात दिनभित्र आफूसँग भएको प्रमाणसहित बयानका लागि उपस्थित हुन भनेको थियो। त्यस्तै, तीन दिनभित्र आदेश तामेल गराउने आदेशसमेत भएको थियो। समाचारबाट सर्वसाधारणमा भ्रम सिर्जना भएकाले समाचार हटाउनसमेत आदेश भएको थियो। यो मुद्दामा गत २१ वैशाखमा न्यायाधीशहरू कुमार रेग्मी र अब्दुल अजिज मुसलमानको इजलासले बयान गराई धरौटी माग गर्ने आदेश गरेको छ। अधिवक्ता दीपकराज जोशीसमेत चारजनाले दायर गरेको र सर्वोच्चकै कर्मचारीले दायर गरेको दुई छुट्टाछुट्टै मुद्दामा पाँच-पाँच हजार धरौटी मागको आदेश भएको थियो।

यसैगरी, २० वैशाखमा अधिवक्ता मनिषाकुमारी गौतमले अभियन्ता खगेन्द्र सुनारविरुद्ध दर्ता गरेको अवहेलना निवेदनमा २३ वैशाखमा लिखित जवाफ माग्ने आदेश भएको थियो। सोती घटनामा उच्च अदालतबाट भएको फैसलाको विरोध गर्दै न्यायाधीशहरूको नाम लिई उनीहरूमाथि कारबाहीको माग राखेर प्रदर्शन गरिरहेका सुनारविरुद्ध निवेदन दर्ता भएको हो।

राजनीतिकर्मीले आफूअनुकूल फैसला आओस् भन्ने अपेक्षा गर्ने र त्यस्तो नआएमा अदालतमाथि पूर्वाग्रही भई बोल्ने गरेको पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता बाबुराम कुँवर बताउँछन्। अदालतको जनआस्था गिराउने यस्ता अभिव्यक्ति आपत्तिजनक हुने उनले बताए।

अदालत पनि निरंकुश हुनु नहुने, अभिभावकजस्तो व्यवहार गर्नुपर्ने र प्रतिशोधी बन्न नहुने कुँवरको भनाइ छ। नागरिकको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताजस्ता पक्ष ख्याल गरी कारबाही गर्नुपर्ने उनले बताए। कतिपय अवस्थामा राज्यका जिम्मेवार व्यक्तिहरू र सञ्चारमाध्यमबाट पनि अदालतबारे अनावश्यक टीका-टिप्पणी हुन थालेको कुँवरको भनाइ छ। अदालतमाथि हस्तक्षेप नगर्नुपर्नेमा उच्चपदस्थ तथा शक्तिशालीहरूबाटै प्रभावित बनाउने कार्य हुनु चिन्ताजनक हुने उनले बताए।

पछिल्लो समय अदालतको अवहेलनाजन्य गतिविधि बढेको पूर्वन्यायाधीश गौरीबहादुर कार्की बताउँछन्। अदालत तथा यसको कामकारबाहीमाथि अनावश्यक टीका-टिप्पणी गर्ने चलन बढेको उनको भनाइ छ।

■ प्रधानमन्त्री ओली, गगन थापा र बालेनविरुद्ध अवहेलना निवेदन







सर्वोच्चमा प्रधानमन्त्री केपी ओलीदेखि कांग्रेस महामन्त्री गगन थापाविरुद्ध अवहेलना निवेदन दर्ता भएका छन्। सर्वोच्चबाट एक वर्षअघि दायर परमादेश कार्यान्वयन गर्नुको सट्टा गिरीबन्धु टी-इस्टेटको जग्गा भूमाफियाहरूको प्रभावमा परी जग्गा सट्टापट्ट गर्न दिने गरी भूमिसम्बन्धी अध्यादेश जारी गरेपछि अदालतको आदेशको अवहेलना भएको भन्दै अधिवक्ता ओमप्रकाश अर्यालले निवेदन दर्ता गरेका हुन्। गिरीबन्धुको जग्गा सट्टापट्टाको निर्णयविरुद्ध ०७८ मै अर्यालले रिट दर्ता गराएका थिए। जसमा सर्वोच्चले ०८० माघमा सरकारका नाममा परमादेश जारी गरेको थियो। तर, अध्यादेश ल्याई आदेश कार्यान्वयनमा अवरोध गरेको भन्दै २९ माघ ०८१ मा निवेदन दर्ता गराएका थिए। उक्त निवेदनमाथि सर्वोच्चले कारण देखाउ आदेश जारी गरेको छ भने लिखित जवाफ पनि गइसकेको छ।

गणतन्त्र दिवसको अवसरमा ११ वैशाखमा अदालतको भूमिकाप्रति कांग्रेस महामन्त्री थापाले उठाएको प्रश्नलाई लिएर अधिवक्ता अनन्तराज लुइँटेलसमेतले अवहेलनाको निवेदन दर्ता गरेका थिए। थापाले अध्यादेशका आधारमा फन्डै चार वर्षअघि नियुक्त भएका संवैधानिक पदाधिकारीहरूको विचाराधीन मुद्दाबारे भनेका थिए, 'अहिले सम्मानित अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतको विषयहरूलाई दुई-तीन वर्षदेखि तँलाई हान्दिऊँ भनेर झुलाएर राखेको छ। कहिले हेर्दाहेर्दै भन्छ, कहिले भ्याइनभ्याइ भन्छ। कहिले भोलि हेर्ने भन्छ। त्यसले अदालतको विश्वसनीयतामाथि प्रश्न गराउँछ। एउटा संवैधानिक नियुक्ति भएको विषयमा आयोगका पदाधिकारीले गरेको काम र उनीहरूको कार्यावधि सकिन लागिसक्यो। अब त्यो ठिक थियो कि थिएन भन्ने कुरा नेपालको अदालतका लागि चाहिँ चार वर्ष समय लाग्छ ? त्यो पनि आइतबार हेरुम्, पछ्लास् शुक्रबारसम्म भनेर अल्झाइरहेको छ। अदालतले डिल गऱ्यो, अब त्यसको विश्वसनीयता के रहन्छ ?' यो निवेदनउपर न्यायाधीश सपना प्रधान मल्ल र न्यायाधीश नित्यानन्द पाण्डेयको संयुक्त इजलासबाट कारण देखाऊ आदेश जारी भएको थियो। न्याय प्रशासन ऐनको दफा १७ बमोजिम कारबाही हुनु नपर्ने कारण भए म्याद प्राप्त भएको मितिले सात दिनभित्र सबै व्यहोरा खुलाई आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नू भनी आदेश भएको थियो। महामन्त्री थापाले सर्वोच्चमा लिखित जवाफ पेस गरिसकेका छन्।

काठमाडौंका मेयर बालेनविरुद्धको अवहेलना मुद्दा पनि विचाराधीन छ। ८ असार ०८० मा अधिवक्ता वर्षाकुमारी झाले बालेनले लेखेको फेसबुक स्टाटसले अवहेलना भएको दाबीसहित निवेदन दर्ता गरेकी थिइन्। हिन्दी फिल्ममाथि लगाइएको प्रतिबन्धको निर्णय कार्यान्वयन नगर्न तथा प्रदर्शन नरोक्न आदेश आएपछि बालेनले फेसबुकमार्फत आक्रोश पोखेका थिए। यसै सन्दर्भमा उनीमाथि पनि अवहेलनाको निवेदन दर्ता भएको थियो।

संक्षेप

श्वास-प्रश्वाससम्बन्धी समस्या भएपछि वैद्य अस्पताल भर्ना



काठमाडौं/ श्वास-प्रश्वाससम्बन्धी समस्या देखिएपछि क्रान्तिकारी कम्युनिस्ट पार्टीका महासचिव मोहन वैद्यलाई अस्पताल भर्ना गरिएको छ। एक सातादेखि उनी अस्पतालमा उपचाररत छन्। उनी १८ जेठदेखि शिक्षण अस्पतालमा उपचाररत रहेको कार्यवाहक महासचिव गौरवले जानकारी दिए। वैद्यको स्वास्थ्य अवस्था गम्भीर रहेको उनको भनाइ छ। 'नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका अविचलित नेता, वरिष्ठ दार्शनिक तथा सौन्दर्य चिन्तक हाम्रो पार्टीका महासचिव मोहन वैद्य श्वासप्रश्वाससम्बन्धी समस्याको उपचारका लागि गत जेठ १८ गतेदेखि शिक्षण अस्पताल महाराजगन्जमा उपचाररत हुनुहुन्छ। उहाँको स्वास्थ्य अवस्था स्थिर छ,' कार्यवाहक महासचिव गौरवले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्रहरीबाटै महिला कुटिएपछि छानबिन समिति गठन

धनगढी/ कैलालीको टीकापुरमा प्रहरीबाटै महिला कुटिएपछि जिल्ला प्रहरी कार्यालयले छानबिन समिति गठन गरेको छ। टीकापुरकी राजकुमारी कुँवर शाहमाथि शुक्रबार सत्ती प्रहरी चौकीमा हातपात भएको हो। सार्वजनिक भिडियोमा सत्ती प्रहरी चौकीका इन्चार्ज प्रहरी नायब निरीक्षक यज्ञराज पन्तले शाहलाई जबर्जस्ती प्रहरी बिटभित्र लैजान खोजेको देखिएको छ। उनी प्रहरीको पोसाकमा थिएनन्। २९ वर्षीया शाहले आफूमाथि हातपात भएको भन्दै दोषीलाई कारबाही गर्न माग गर्दै इलाका प्रहरी कार्यालय टीकापुरमा निवेदन दिएकी छिन्। जिल्ला प्रहरी कार्यालय कैलालीले प्रहरी नायब उपरीक्षक राजकुमार सिंहको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ। प्रहरी नायब निरीक्षक पन्त र प्रहरी हवल्दार सुरेन्द्र बोहरालाई जिल्ला तानेर छानबिन थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरी नायब उपरीक्षक सिंहले स्कुटीका कागजात चेकजाँच गर्ने क्रममा विवाद भएको देखिएको बताए। प्रहरीका अनुसार नाबालकले स्कुटी चलाएका थिए भने शाह पछाडि बसेकी थिइन्। हवल्दार बोहराले स्कुटी रोकेर चेकजाँच गर्नेक्रममा विवाद हुँदा शाहले प्रहरीलाई तँ भनेपछि हातपात भएको बताइएको छ।

बागमती बेलिब्रिज जडान सकियो, आजदेखि कान्ति लोकपथ सञ्चालनमा आउने

मकवानपुर/ गत असोजमा परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले क्षतिग्रस्त भएका मकवानपुरको बागमती नदी र कुलेखानी ड्याम क्षेत्रका दुई मुख्य पुलमाथि धमाधम बेलिब्रिज जडानको काम भइरहेको छ। मकवानपुर र ललितपुरलाई जोड्ने बागमतीमाथि बेलिब्रिज जडान कार्य अन्तिम चरणमा पुगेको छ। इन्द्रसरोवर गाउँपालिका-२ स्थित सिमखोलामा केही दिनमै बेलिब्रिज राखिने भएको छ। सिमखोलामा ६० मिटर लामो बेलिब्रिज जडान हुने भएको छ। बागमती नदीमाथि बेलिब्रिज जडान भएपछि हेटौंडालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने वैकल्पिक मार्ग कान्ति लोकपथ आइतबारबाट सञ्चालनमा आउने भएको छ। बर्खा सुरु हुने लाग्दा कान्ति लोकपथ सडक आयोजनाले २१ देखि २४ जेठसम्म सवारी सञ्चालन पूर्ण रूपमा बन्द गरी बेलिब्रिज जडानको काम अघि बढाएको हो। योजना प्रमुख रत्नलक्ष्मी बज्राचार्यका अनुसार शनिबार रातिसम्म काम सकेर आइतबारदेखि गाडी सञ्चालन गर्ने तयारी छ। 'बेलिब्रिज जडान शनिबार रातिसम्म सकेर आइतबारबाट सवारी सञ्चालन गर्छौं' उनले भनिन्।

२४सै घण्टा प्रहरी जीर्ण पुलको सुरक्षामा

नवलपुर/ मर्मतपछि शुक्रबार साँझबाट सञ्चालनमा आएको चोरमाराको गिरुवारी खोलाको पुल र जीर्ण अवस्थामा रहेको अरुणखोला पुलमा प्रहरीले २४सै घण्टा सुरक्षा दिएको छ। सडक डिभिजन कार्यालय भरतपुरले सूचना बोर्ड नै राखेर पुलले धान्न सक्ने अधिकतम वजन ४० टन मात्र रहेको र अधिकतम प्रति एक्सल १० टन मात्र बोक्न पाइने उल्लेख गरेको छ। सूचनामा पुल पुरानो रहेको र नयाँ पुल निर्माणाधीन अवस्थामा रहेकाले हाललाई मालवाहक सवारी ट्रक/ट्रेलरको हकमा एकपटकमा एकतर्फी एक मात्र सवारी गुड्ने गरी पुलको बिच भागबाट आवागमन हुन तोकिएको भन्दा भार सीमा नबढ्ने गरी यातायात सञ्चालन गर्न आग्रह गरेको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालका अनुसार अहिले प्रहरीले वारि र पारि दुवैतर्फ पुलको सुरक्षा दिइरहेको छ।

नागरिकता माग्दै तीन वर्षदेखि गृह मन्त्रालय धाउँदै मालती

२५ वर्षीया मालतीको तीन पुस्ता नखुलेको भन्दै नागरिकता दिन प्रशासनको अस्वीकार

नयाँ पत्रिका

सिन्धुलीको गोलन्जोर गाउँपालिका- ७ की मालती श्रेष्ठ २५ वर्षकी भइन्। नागरिकताका लागि उनी जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालय धाउन थालेको तीन वर्ष भइसक्यो। नागरिकता नहुँदा अनेक समस्या झेलिरहेकी उनलाई तीन पुस्ता नखुलेको भन्दै जिल्ला प्रशासनले नागरिकता दिन अस्वीकार गर्दै आएको छ।

नागरिकता नहुँदा बैंकमा खाता खोल्नदेखि जागिर खाने तथा विदेश जानेजस्ता प्रक्रिया रोकिएको मालती बताउँछिन्। जिल्ला प्रशासन कार्यालयले नागरिकता दिन नमानेपछि पछिल्लो तीन वर्षयता उनी गृह मन्त्रालयसमेत धाउँदै आएकी छिन्। तैपनि उनले नागरिकता पाउन सकेकी छैनन्। 'सबैतिर हारगुहार गर्दा पनि मैले नागरिकता पाउन सकेको छैन, धेरै प्रताडित बनिसकेको छु,' उनले भनिन्, 'सरकारलाई सोध्न चाहन्छु, म किन यो देशको अनागरिक भएँ ?' रत्नराज्यलक्ष्मी क्याम्पसबाट स्नातक अध्ययन गरिसकेकी उनी नागरिकता नहुँदा सबैतिर समस्या झेल्दै आएकी बताउँछिन्।



सिन्धुलीका प्रमुख जिल्ला अधिकारी लीलाप्रसाद शर्माले अहिलेको कानुनी व्यवस्थाअनुसार मालतीलाई नागरिकता दिन गाह्रो भएको बताए। 'उनका बुबा-आमाको पनि नागरिकता रहेनछ, हजुरबुबाको पनि ठेगाना थाहा छैन,' उनले भने, 'हाम्रो कानुनले तीन पुस्तामध्ये कसैले सनाखत गर्नुपर्ने प्रावधान छ, त्यो नहुँदा नागरिकता दिन नसकिएको हो, सहजीकरणका लागि गृह मन्त्रालयलाई पत्राचार गरेका छौं।'

मालतीका बुबा नवराज श्रेष्ठसँग पनि नागरिकता छैन। नवराजलाई सानै उमेरमा छाडेर आमाले अर्को व्यक्तिसँग बिहे गरेकी थिइन्। नवराजकी आमाको अर्को श्रीमानूसँग बिहे गरेपछिको नागरिकता छ। तर, त्यस आधारमा नवराजले पनि नागरिकता पाउन सकेका छैनन्। जनमुक्ति सेनाका सेक्सन कमान्डर रहेका उनको बुबा-आमा नखुलेको भन्दै जिल्ला प्रशासनले नागरिकता बनाउन अस्वीकार गरेको हो। मालतीको आमाको मृत्यु भइसकेको छ।

यस्तो अवस्थामा सर्जमिन गरेर नागरिकता दिन सकिने नागरिकतासम्बन्धी कानुन बुझेका गृह मन्त्रालयका अधिकारीहरू बताउँछन्। नागरिकता ऐन २०६३ को दफा ८ को उपदफा ४ बमोजिम सर्जमिन गरेर नागरिकता दिन सकिने प्रावधान छ। सो उदफामा भनिएको छ, 'कुनै व्यक्तिले उपदफा १ र २ बमोजिमका प्रमाण निवेदनसाथ पेस गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोवास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सर्जमिनस्थलमै गरेको सनाखतका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ।'

सकियो उपप्रमुख र उपाध्यक्षहरूको राष्ट्रिय भेला

विराटनगर/ न्यायिक समितिलाई प्रभावकारी बनाउन अन्तरपालिका म्याद तामेली प्रक्रिया सुरु गराउनुपर्ने र सबै पालिकामा कानुन अधिकृतको दरबन्दी हुनुपर्नेगायतका माग गर्दै उपप्रमुख र उपाध्यक्षहरूको राष्ट्रिय भेला सम्पन्न भएको छ। भेलाले उपमेयर र पालिकाहरूको अधिकार सुनिश्चित गराउन बीसबुँदे घोषणापत्र पनि जारी गरेको छ। २३ र २४ जेठमा विराटनगरमा आयोजना भएको देशभरका उपप्रमुख र उपाध्यक्षहरूको राष्ट्रिय भेलाले न्यायिक समितिको फैसलाको अभिलेखका लागि प्रदेशस्तरीय सफ्टवेयर र सर्भरको व्यावस्था गर्न माग गरेको छ। न्यायिक समितिहरूको काममा एकरुपता ल्याउन कार्यविधि निर्माण गरेर लागू गराउन भनिएको छ। २० बुँदे घोषणापत्रमा स्थानीय सरकारको प्रारम्भिक क्षेत्राधिकार न्यायिक समितिबाट मात्र प्रयोग गराउन संघीय सरकारसँग माग गरिएको छ। न्यायिक समितिका निर्णय र फैसलाको कार्यान्वयन न्यायिक समितिबाटै गराउनुपर्ने नियम संशोधन गर्न पनि भेलाले माग गरेको छ। घोषणापत्रमा ससर्त र समानीकरण अनुदान रकम वृद्धि गर्नुपर्ने, योजना छनोटको अधिकार स्थानीय तहलाई दिनुपर्ने, दोहोरो बहाल कर खारेज गरी पालिकालाई मात्र जिम्मा दिनुपर्नेलगायत उल्लेख छ।

३२ वर्षे उमेरहदपछि अखिल नेतृत्वमा महिलाको दाबी

अध्यक्षमा पाँच सचिवहरूको प्रतिस्पर्धा, ओलीको निर्देशनपछि सर्वसम्मत बनाउन कसरत

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेनिकट अनेरास्ववियुको आइतबारबाट सुरु हुने २४औं राष्ट्रिय महाधिवेशनमा ३२ वर्षे उमेरहद लागू हुने निश्चित भएपछि अध्यक्षको प्रतिस्पर्धीका रूपमा नेतृत्व लिन पाँच सचिव अग्रसर भएका छन्। उमेरहदका कारण नेतृत्वको दाबेदार मानिएका उपाध्यक्ष र महासचिवसँगै १५ जना पदाधिकारीको अवकाश हुने भएकाले 'जुनियर पदाधिकारी'का रूपमा काम गरिरहेका सचिवहरू अध्यक्ष बन्न अग्रसर भएका हुन्। महाधिवेशनको उद्घाटन आइतबार अध्यक्ष केपी ओलीले त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुरमा गर्दै छन्।


११ जेठमा बसेको एमाले सचिवालय बैठकले कांग्रेस र माओवादीको विद्यार्थी संगठन नेविसंघ र अखिल क्रान्तिकारीमा जस्तै उमेरहद लागू गर्ने निर्णय गरेर कार्यान्वयनका लागि पार्टीको जनसंगठन समन्वय संयन्त्र संयोजक र इन्चार्जलाई निर्देशन दिएको थियो। सो निर्णयसँगै अध्यक्षका लागि बलियो दाबेदार मानिएका महासचिव नरेश शाहीसहित उपाध्यक्षहरू रामचन्द्र घर्ती, गोविन्द गिरी, मर्यादा विष्ट र धर्म गिरी उमेरहदकै कारण बिदा हुँदै छन्। उनीहरूसहित १५ पदाधिकारीको बिदाइसँगै ३२ वर्षमुनि उमेरमा रहेका पाँचजना सचिवहरू दीपक धामी, अञ्जना सिवाकोटी, प्रकाश पौडेल, सुजन कँडरिया र आरती भट्टराई बाँकी छन्। सम्मेलन उद्घाटनको दिन आइतबारसम्म जनसंगठन समन्वय संयन्त्रले उनीहरूमध्ये कसैको नाममा पनि सहमति जुटाउन नसकेका कारण सबैजनाले अध्यक्षका उम्मेदवारका रूपमा प्रचार

■ दीपक धामी


■ सुजन कडरिया



■ अञ्जना शिवाकोटी



■ आरती भट्टराई



■ प्रकाश पौडेल

गरिरहेका छन्। अध्यक्षका लागि सचिव अञ्जना शिवाकोटीले प्रचार तीव्र बनाएकी छिन्। पुरुषहरूमध्ये दीपक धामी, प्रकाश पौडेल र डा. सुजन कडरिया अग्रसर भएका छन्। अन्यको तुलनामा महिलाबाट शिवाकोटी र पुरुषबाट धामी बलियो उम्मेदवारको रूपमा खडा भएको र जनसंगठन समन्वय संयन्त्रले पनि कार्यकारी भूमिकामा दुवैको व्यवस्थापन गराएर अरुलाई उपाध्यक्षमा समेट्ने गरी आन्तरिक छलफल बढाएको छलफलमा सहभागी एमालेको एक केन्द्रीय सदस्यले बताए।

कम उमेरका कारण पूर्ण कार्यकाल काम गर्न सक्ने, करँतेको अन्तर्राष्ट्रिय खेलाडी तथा स्नातकोत्तर उत्तीर्ण शिवाकोटीलाई रामकुमारी झाँक्री, नवीना लामा र सुनिता बरालपछिको अध्यक्ष बनाउँदा राम्रो सन्देश जाने भन्दै अखिलकै पूर्वनेतृहरूले पनि लबिङ गरिरहेका छन्। धामीको पक्षमा रहेकाहरूले भने शिवाकोटीको उमेर बाँकी नै रहेकाले अहिलेलाई महासचिव र उपाध्यक्षमा व्यवस्थापन गरेर अर्कोपटक नेतृत्वमा लैजान सकिने विकल्प अगाडि सारेका छन्। पार्टीले विवेकसम्मत ढंगले नै सर्वसम्मत नेतृत्व चयनको निर्णय लिनेमा आफू विश्वस्त रहेको भन्दै शिवाकोटीले प्रतिनिधिहरूको भावनाबमोजिम चुनावी प्रतिस्पर्धाको विकल्पमा पनि आफू तयार रहेको बताइन्।

अध्यक्षका अर्का आकांक्षी धामी तत्कालीन अध्यक्ष नवीना लामाको टिममा केन्द्रीय सदस्य, स्थायी कमिटी हुँदै अधिल्लोपटक सचिवमा निर्वाचित भएका थिए। फन्डै दुई दशक अखिलको विभिन्न तहगत कमिटीमा काम गरेको भन्दै उनको नाममा सर्वसम्मति जुटाउने गरी पनि छलफल सुरु भएको छ। 'स्कुलमा पढ्दै गर्दा अनेरास्ववियुको गतिविधि र विद्यार्थीहरूको हक, हित र अधिकारका लागि काम गरेको देखेर नै अनेरास्ववियुमा आबद्ध भएको हुँ। जुन दिनदेखि अनेरास्ववियुमा आबद्ध भएँ, त्यहीवेलादेखिको क्रियाशीलताले आइपुगेको छु। प्रतिनिधिहरूको साथ पाउँदा संगठनको नेतृत्व गरेर विद्यार्थीहरूको समस्या समाधान गर्न दिलोज्यान दिएर लाग्नेछु,' उनले भने।

धामी एमालेको चितवनमा सम्पन्न १०औं राष्ट्रिय महाधिवेशनमा डोटी जिल्लाबाट कान्छा प्रतिनिधिका रूपमा प्रतिनिधित्व गर्दै सहभागी थिए।

अर्का आकांक्षी प्रकाश पौडेलले आफूलाई निरन्तर उमेरहदको पक्षपातीका रूपमा उभ्याउँदै नेतृत्वमा अगाडि बढेको सन्देश दिएका छन्। 'तल्लो कमिटीदेखि निरन्तर क्रियाशील छु, उमेरहदबारे पहिलोपटक २१ वर्षको उमेरमै कुरा उठाएको थिएँ। कथंकदाचित भोलि यो अधिवेशन समयमा भएन र मेरो उमेर कटे पनि दोधारे कुरा गर्दिनँ, उमेरहदको पक्षमै हुन्छु,' प्रवक्तासमेत रहेका पौडेलले भने। उनी पनि स्थायी कमिटी हुँदै सचिव थिए।

अध्यक्षका अर्का आकांक्षी डा. सुजन कँडरिया सांगठनिक क्रियाशीलतासँगै स्वास्थ्यक्षेत्रबाट सामाजिक सेवामा पुऱ्याएको योगदानलाई मुख्य आधार बनाउँदै नेतृत्वका लागि अगाडि बढेका छन्। नेसनल मेडिकल स्टुडेन्टस एसोसिएसनका संस्थापक अध्यक्षसमेत रहेका कँडरियाले भूकम्पपछिको विपत्तिमा विभिन्न जिल्लामा पुगेर चिकित्सा सेवा गरेको र मेडिकल क्षेत्रको भ्रष्टाचारको मुद्दा उठाएकाले आफू योग्य भएको बताएका छन्। 'मैले विद्यार्थी हकहितमा मात्र होइन, चिकित्सा क्षेत्रबाट सामाजिक सेवाका साथै भूकम्पपछिको विपत्तिमा पनि खटिएर काम गरेको छु, त्यसैले मैले अनेरास्ववियुको सफल नेतृत्व गर्न सक्छु,' उनले भने।

अध्यक्षकै अर्की दाबेदार आरती भट्टराईले युवा पुस्ताको प्रतिनिधित्व गर्दै हर प्रश्न र गुनासो समाधानका लागि अग्रसर भएको बताएकी छिन्।

छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनका बाधक तत्त्व

छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनका लागि राज्यले पहलकदमी नलिनु, कानुन नबनाउनु, निर्देशिका नबनाउनु दुःखद पक्ष हो



● परशुराम रम्तेल

अग्रलेख

नेपाल छुवाछुत र जातीय विभेदबाट मुक्त भयो भनी पुनर्स्थापित संसद्बाट घोषणा गरेको १९ वर्ष पूरा भएको छ। तत्कालीन राजा ज्ञानेन्द्रबाट संसद् भंग गरी शासनसत्ताको बागडोर आफ्नो हातमा लिएपछि २०६२ सालको मंसिरमा सात दल र जनयुद्धरत माओवादीबिच सातबुँदे समझदारी गर्दै राजाको तानाशाही शासनविरुद्ध ०६२/६३ को ऐतिहासिक जनआन्दोलन सम्पन्न भयो। लाखौँ जनताको सहभागितामा भएको यस जनआन्दोलन सफलतामा पुगेसँगै विघटित संसद् पुनर्स्थापित भयो। २१ जेठ २०६३ मा पुनर्स्थापित संसद्ले नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो।


हिन्दु समाजमा वर्णव्यवस्थाको अवधारणाअन्तर्गत राज्यले सीप, कला र क्षमताका धनी श्रमजीवी समुदायलाई 'शूद्र' को पगरी गुथाएर सदियौँदेखि 'अछुत' बनाउँदै आएको सर्वविदितै छ। समाजमा दलितमाथि हुने विभिन्न खाले जातीय विभेद, असमानता, बहिष्करण, असमावेशिता र अमानवीयताविरुद्ध नेपाली दलित मुक्ति आन्दोलनले निरन्तर विभिन्न स्वरूपका संघर्ष गर्दै आएको थियो। तर, राज्यले यस समुदायका मागलाई सुन्ने र सम्बोधन गर्ने स्थिति बनिरहेको थिएन। जब नेपालमा माओवादी नेतृत्वमा उत्पीडित समुदायका मुद्दालाई विशेष प्राथमिकतामा राख्दै जनयुद्धलाई अघि बढाउने क्रमसँगै दलित, महिला, आदिवासी जनजाति मधेशी, मुस्लिमलगायत उत्पीडित समुदायको आकर्षण र सहभागितामा वृद्धि हुँदै जाँदा दलित मुद्दामा राज्य अलि गम्भीर हुन पुगेको देखिन्छ। यस परिघटनाले काग्रेस र एमाले जस्ता ठुला राजनीतिक दललाई पनि दलित उत्पीडन र मुद्दाप्रति सोच्न बाध्य पाऱ्यो। जसको परिणाम तत्कालीन विद्रोही माओवादी र सात दलको सहमतिमा संसद्बाट देशलाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरियो। यो घोषणा दलित मुक्ति आन्दोलनका दृष्टिकोणबाट हेर्दा आफैँमा निकै नै सकारात्मक र ऐतिहासिक छ। तर, यसको प्रभावकारी कार्यान्वयनमा गम्भीर खालका समस्या र चुनौती देखिएका छन्। यसकारण यसलाई गम्भीर समीक्षासहित राज्यपक्ष जिम्मेवार भएर घोषणाको प्रभावकारी कार्यान्वयनमा लाग्न जरुरी छ।

घोषणाको ऐतिहासिकता : दक्षिण एसियाली समाज हिन्दु वर्ण व्यवस्थामा आधारित भएकाले दलित र महिलालाई असाध्यै हेय दृष्टिले हेर्दै अत्यन्त अमानवीय र निकृष्ट विभेद, हिंसा र ज्यादतीपूर्ण व्यवहार गरिँदै आयो, सो विभेद अझै कायम छ। वर्णाश्रम व्यवस्था सामन्तवादी सत्ता र संस्कृतिसँग अभिन्न रूपमा जोडिँदै आएकाले दलितमाथिको विभेद त्यसैको उपज हो। यसलाई हल गर्न राजनीतिक, कानुनी र सांस्कृतिक पक्षलाई सँगैसँगै अघि बढाउन आवश्यक छ। संसद्ले एकमतले देशलाई छुवाछुतमुक्त घोषणा गर्नु ऐतिहासिक कार्य हो। देशको नीति र कानुन निर्माणको शीर्षस्थ स्थान भएकाले माथिबाट गरिएको राजनीतिक हस्तक्षेप पनि हो। तर, यो घोषणालाई प्रभावकारी ढंगले कार्यान्वयनका लागि राज्यले पहलकदमी नलिनु, कानुन नबनाउनु, निर्देशिका नबनाउनु अत्यन्त दुःखद पक्ष हो।

संवैधानिक र कानुनी पक्ष : नेपाली समाजमा राज्यसत्ताकै बलमा प्रथाकै रूपमा स्थापित गरी कडाइसाथ लागू हुँदै आएको सन्दर्भमा छुवाछुतको पूर्ण अन्त्य गर्न राजनीतिक घोषणा मात्रै गर्नु पर्याप्त थिएन र छैन पनि। यसलाई कानुनी रूपमा वर्जित गर्दै विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ। नेपालको संविधानमा मौलिक हकअन्तर्गत सबै नागरिक कानुनका दृष्टिमा समान छन् भनिएको छ। धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हकअन्तर्गत कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय वा लिंग वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिनेछैन भन्दै यस्तो कार्य गम्भीर सामाजिक अपराध हुने व्यवस्था गरिएको छ। त्यसैगरी कानुनी हिसाबले जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ ले छुवाछुतलाई दण्डनीय अपराध मान्दै कडा सजायको व्यवस्था गरेको छ।

घोषणा हुँदाको पृष्ठभूमिका सन्दर्भमा त्यतिबेला दश वर्षको माओवादी जनयुद्ध र ०६२/६३ को ऐतिहासिक जनआन्दोलनको रापताप तथा क्रान्तिकारी माहोल र उत्पीडित समुदायमैत्री वातावरणबिच सो राजनीतिक घोषणा भएको थियो। त्यसबखत क्रान्तिकारी परिस्थिति र वातावरण भए पनि संवैधानिक र कानुनी व्यवस्था थिएन, तर आज छुवाछुतलाई अपराध मान्दै दण्डनीय कानुन बनिसकेको सन्दर्भमा संवैधानिक र कानुनी प्रावधान रहेको हुँदा यो घोषणालाई राज्यले कानुनी संरचनामा ढाल्दै व्यावहारिक कार्यान्वयनमा जानुपर्छ।

घोषणा कार्यान्वयनका बाधक : नेपालमा सतीप्रथाको अन्त्य गर्ने घोषणासँगै यसको प्रभावकारी कार्यान्वयनका लागि कसैको पनि बिर्साति, आनिकानी रहेन, व्यवहारमा खासै समस्या रहेन, कार्यान्वयन भयो। त्यसैगरी केही वर्षअघि गाविस हुँदा राज्यले खुला दिसामुक्त घोषणाको अभियान चलायो। त्यसमा राज्य संयन्त्रका सबै निकाय,



नागरिक समाजलगायत सबै संघसंस्था लागेर त्यसलाई अभियानात्मक रूपमा कार्यान्वयन गरियो। तर, नेपाली जनताको सार्वभौमसत्ता सम्पन्न थलो संसद्ले बडो उल्लासमय ढंगले गरिएको छुवाछुतमुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्ने सवालमा भने राज्य निकै गैरजिम्मेवार र अनुदार देखियो। त्यसकारण यो घोषणाले १९ वर्ष पार गर्दै गर्दा मुख्यतः के-के कारणले गर्दा यसको प्रभावकारी कार्यान्वयन हुन सकेन भनी वस्तुनिष्ट समीक्षा गर्नुपर्छ।

राज्यको गैरजिम्मेवारीपन : राज्य देशमा रहेका सबै वर्ग र समुदायको साझा अभिभावक हो र हुनु पनि पर्छ। हाम्रो नेपाली समाज वर्णाश्रम व्यवस्थामा आधारित भई विकसित मनुवादी समाज भएको हुनाले दलित समुदायको सवालमा राज्य गैरजिम्मेवार रह्यो। जसका कारण यो घोषणा फगत राजनीतिक घोषणामा मात्रै सीमित हुन पुग्यो।

> राज्य गैरजिम्मेवार र अनुदार देखिँदा संसद्ले बडो उल्लासमय ढंगले गरेको छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयन गर्ने सवालमा भने अनेकौँ बाधा तेर्सिइरहेका छन्

मनुवादी मानसिकता : समाज लामो समयदेखि मनुस्मृतिद्वारा निर्देशित, निर्मित र परिचालित हुँदै आएको हुनाले हरेक मानिसको मन र मस्तिष्कमा मनुवादी प्रवृत्ति हाबी रहेको देखिन्छ। मनुवादले दलितको स्वतन्त्र पहिचान, आत्मस्वाभिमान र अधिकारलाई दुरुत्साहित गर्छ। शासनसत्ताका सबैजसो क्षेत्रमा यही मनुवादी सोच, चिन्तन र प्रवृत्ति हाबी भएका कारण यो घोषणा निकम्मा साबित हुन पुग्यो।

राजनीतिक नेतृत्वको बेइमानी : बहुदलीय प्रणालीमा राजनीतिक दलले आवधिक निर्वाचन प्रणालीका माध्यमबाट जनप्रतिनिधिमार्फत शासन सञ्चालन गर्छन्। यो घोषणा भएका १९ वर्षको अवधिमा देशका सबैजसो राजनीतिक दलका नेता सरकारमा पुगेका छन्। तर, यो घोषणालाई कानुन बनाएर कार्यान्वयन गर्नका लागि दलित आन्दोलनले पटक-पटक ध्यानाकर्षण गरे पनि खासै सार्थक सुनुवाइ भएन। यसबाट राजनीतिक दल दलित समुदायमाथि अमानवीय र निकृष्ट तरिकाबाट लादिँदै आएको छुवाछुत र जातीय विभेदको मुद्दाप्रति गैरजिम्मेवार मात्रै नभएर बेइमानी गरेको पुष्टि हुन जान्छ।

कमजोर र विकेन्द्रित दलित आन्दोलन : घोषणाको मुख्य सरोकारवाला दलित आन्दोलन हो। तर, यो आन्दोलनले छुवाछुतमुक्त राष्ट्र घोषणाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तत्त्वको पहिचान गर्दै चोटिलो ढंगले राज्यसँग संघर्ष केन्द्रित गर्ने कुरामा आन्दोलन चुक्यो।

विभेदकारी मानसिक र सामाजिक संरचना : समाज निर्माण र विकासमा सामाजिक संरचनाको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसैगरी, सामाजिक संरचना निर्माण र सञ्चालनका लागि शिक्षा प्रणाली र प्राप्त शिक्षाबाट विकसित भएको मनोविज्ञानको पनि त्यत्तिकै भूमिका हुन्छ। हाम्रो मनुवादी समाजको बालमनस्थितिमा दलितविरोधी शैक्षिक र व्यावहारिक ज्ञान दिइने भएकाले मानिसको बाल्यकालदेखि नै विभेदकारी मानसिकताको विकास भई विभेदकारी सामाजिक संरचनामा गएर समायोजित हुन्छ।

कानुन कार्यान्वयनमा पूर्वाग्रह र शक्तिको चलखेल : जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ निर्माण भई लागू भएको पनि आज १४ वर्ष पूरा भइसक्यो। तर, त्यसको व्यावहारिक प्रयोग एकाध घटनामा बाहेक भएको देखिँदैन। कानुन कार्यान्वयनको प्रारम्भिक तर महत्त्वपूर्ण थलो प्रहरीमा मुद्दा दर्ता गर्नै मुस्किल पर्छ। दर्ता भइहाले पनि एकाधबाहेक खासै गम्भीरतासाथ अनुसन्धान गरिन्न। दलितमाथि हुने विभेदजन्य अधिकांश मुद्दा पूर्वाग्रही र शक्तिको चलखेलद्वारा प्रभावित हुने गर्छन्। बल्लतल्ल अदालतमा पुगेका एकाध मुद्दाको फैसला कस्तो हुन्छ भन्ने रुकुम पश्चिमको नवराज विकसहित ६ जनाको जातीयताकै कारण भएको सामूहिक नरसंहारका मुद्दामा उच्च अदालत सुर्खेतले गरेको दलितविरोधी फैसलाले पुष्टि हुन्छ।

राज्यको आगामी कार्यभार : वर्गीय समाजमा राज्य जहिले पनि हुने खाने र पहुँचवालाको पक्षमा उभिन्छ। सत्ता र शक्तिको आडमा दलितविरोधी ऐन-कानुन नै बनाएर छुवाछुत र जातीय विभेद गर्दै आएको सामन्तवादी राज्य व्यवस्थाभन्दा निकै उन्नत र प्रगतिशील व्यवस्था हो, संघीय लोकतान्त्रिक व्यवस्था। यस व्यवस्थामा दलित समुदायले राज्य हाम्रो पनि हो, संविधान र कानुनमा गरिएका व्यवस्था विनादबाब कार्यान्वयन हुन्छ भन्ने व्यवहारद्वारै अनुभूत गर्न पाउनुपर्छ। त्यसका लागि राज्यले १९ वर्षअघि संसद्द्वारा गरिएको छुवाछुतमुक्त राष्ट्र घोषणालाई व्यवहारमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न प्राथमिकता क्रमका आधारमा निम्न कार्यभार पूरा गर्नुपर्छ :

एक, संघले छुवाछुतमुक्त राष्ट्र घोषणाको मर्मअनुरूपको कानुन निर्माण गर्नुपर्छ। दुई, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ लाई दोस्रो संशोधन गरी दण्ड, सजाय, क्षतिपूर्तिलगायत प्रावधानलाई संशोधन गरी कडा कानुन निर्माण गर्नुपर्छ। कानुन कार्यान्वयनका लागि नियमावली, निर्देशिका र कार्यविधि पनि सँगसँगै बनाई लागू गर्नुपर्छ। तीन, तीनै तहका सरकारले नीति तथा कार्यक्रम र बजेट सो घोषणाको मर्मअनुरूप दलितमैत्री बनाउनुपर्छ। चार, तीनै तहका सरकारको मूल नेतृत्वमा स्थायी खालको र अधिकारसहितको शक्तिशाली संरचना 'छुवाछुत निगरानी तथा अनुगमन केन्द्र' निर्माण गरिनुपर्छ। पाँच, तीनै तहका सरकारले यथेष्ट बजेटसहित छुवाछुत तथा जातीय विभेद उन्मूलन अभियान सञ्चान गर्नुपर्छ। छ, दलित समुदायमाथि उत्पीडिनको समस्या आर्थिक अवस्थासँग पनि जोडिएको हुनाले दलितलक्षित उत्पादन र आयआर्जनसँग सम्बन्धित कार्यक्रम पनि निरन्तर सञ्चालन गर्नुपर्छ। यसरी राज्य आफैँले गरिमामय संसद्बाट गरेको छुवाछुतमुक्त राष्ट्र घोषणाको प्रभावकारी कार्यान्वयनका लागि वस्तुनिस्ट समीक्षासहित गम्भीर भई उपर्युक्त कार्यभार पूरा गर्न लाग्नुपर्छ। त्यसैगरी, दलित आन्दोलनले पनि यसमा अर्जुनदृष्टि दिई संघर्षलाई निरन्तर र घनीभूत बनाउन आवश्यक छ।

(रम्तेल संविधानसभाका सदस्य तथा अनुसन्धाता हुन्)

---

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका प्रवक्ता **डा. प्रकाश बुढाथोकी**लाई



भारतमा कोरोना संक्रमित बढ्दै गएको समाचार आउँदै गर्दा हाम्रो तयारी कस्तो छ ?

छिमेकी भारतमा कोभिडको संक्रमण बढेपछि ढिलोचाँडो त्यो नेपालमा आउँछ भनेरै हामीले त्यसबारे तयारी गरेका छौँ। हामीले १७ स्थल नाका र तीन हवाई नाकामा हेल्थ डेस्क राखेका छौँ। त्यहाँबाट आउनेलाई हेल्थ डेस्कबाट 'स्क्रिनिङ' र 'काउन्सिलिङ' भइरहेको छ। तर, तत्कालका लागि हामीसित भनेजति सबैको स्क्रिनिङ गर्न किट उपलब्ध नभएको हुनाले 'सेलेक्टेड'लाई मात्र स्क्रिनिङ गरेर कोभिडको 'भेरियन्ट' या 'सब-भेरियन्ट' पत्ता लगाउन ल्याबमा पठाउन भनेका छौँ। साथै, सामान्य रुघाखोकी, ज्वरो आएकालाई चाहिँ काउन्सिलिङ गरेर घर पुगेपछि केही दिन परिवारका सदस्यसितको सम्पर्कबाट अलग बस्न सल्लाह दिइरहेका छौँ।

नाकामा 'एन्टिजेन किट' को अभाव चैँ किन भएको हो ?

विगतमा हामीले खरिद गरेका खोप, एन्टिजेन किट आदि उपयोग हुन नसक्दा एक्स्पायर भएकाले राज्यको पैसा खोलामा बगाइयो भनेर मिडियाले नै लेखेको हो। त्यसैले, पनि हामीले अत्यावश्यक परिमाणमा मात्र निकै कम किट खरिद गरेका छौँ। यसरी किट खरिद गर्दा नेपाल सरकारको आर्थिक हैसियत पनि हेर्नुपर्छ। तर, अहिले छिमेकी मुलुकहरूमा संक्रमणको दर बढ्दै गएपछि भने किट खरिद प्रक्रिया अघि बढाइएको छ। अब छिटै आइपुग्छ र नाकाहरूमा किटको अभाव हुनेछैन।

सर्वसाधारणले चाहिँ कत्तिको सावधानी अपनाउन जरुरी छ ?

कोभिड संक्रमणको विगतबाट आमनेपाली सचेत हुन सकेको देखिन्न। उहाँहरूले जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालनामा खासै चासो दिनुभएको छैन। संक्रमणको जोखिम बढिरहेको अहिलेको समयमा सकभर भिडभाडमा नजान, रुघाखोकी र ज्वरो आएको अवस्थामा सार्वजनिक भेटघाट नगर्न सचेत हुनु जरुरी छ। बाहिर निस्किँदा मास्क लगाउन र साबुनपानीले हात धुन पनि उत्तिकै जरुरी छ। साथै, आफूनै मान्छे भए पनि प्रभावित क्षेत्रबाट फर्किएको अवस्थामा केही दिन 'सेल्फ क्वारेन्टाइन'मा बस्नु राम्रो हुन्छ।

प्रेरक प्रसंग

पानीजहाजका दुई चालक

एक पानीजहाजका सहायक चालक तीन वर्षदेखि सोही जहाजमा कार्यरत थिए। एक दिन उनी रक्सीको नशामा डुबे। उनको कार्यकालमा यस्तो घटना पहिलोपटक भएको थियो। क्याप्टेनले यस घटनाबारे जहाजको नियमित रजिस्टरमा यसरी उल्लेख गरेका थिए- आजको रात जहाजका सहायक चालक रक्सीको नशामा डुबेका थिए। भोलिपल्ट होसमा आएपछि सहायक चालकले क्याप्टेनले लेखेको विवरण पढे। क्याप्टेनको यस एक वाक्यका कारण उनको जागिर जान सक्थ्यो। त्यसैले, उनी क्याप्टेनसामु पुगे। त्यस घटनाका लागि माफी मागे। उनले हात जोडेर क्याप्टेनसित भने- सर, रजिस्टरमा हजुरले लेखेको वाक्यले मेरो जागिरे जीवन नै धरापमा पर्न सक्छ। त्यसैले, त्यस वाक्यको अन्तिममा 'यस्तो घटना तीन वर्षमा पहिलोपटक भएको हो' भन्ने एक वाक्य थपिदिनुहोस् न है ? आखिर सत्य पनि त यही हो।



क्याप्टेनले उनको आग्रह अस्वीकार गर्दै भने- मैले रजिस्टरमा जे लेखेको छु, त्यो नै सत्य हो। त्यसैले, त्यसमा कुनै संशोधन हुन सक्दैन। यस घटनाको केही दिनपछि रजिस्टर भर्ने पालो सहायक चालकको थियो। उनले रजिस्टरमा लेखे- आजको रात क्याप्टेन साहेबले रक्सी पिउनुभएन। अर्को दिन क्याप्टेनले रजिस्टर पल्टाउँदा त्यस्तो लेखेको देखेपछि सहायक चालकलाई भने- तिमीले जे लेख्यौ, त्यसमा मेरो गुनासो छैन। तर, तिमीले यो अपूरो वाक्य लेख्न पाउँदैनौ। त्यसैले, कि त यसलाई परिवर्तन गर कि त पूरा विवरण लेख। किनकि, तिम्रो अहिलेको लेखाइबाट त म हरेक दिन रक्सी पिउँथेँ र हिजो मात्र मैले रक्सी पिइनँ भन्ने बुझिन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

साइकल चढौँ, प्रदूषण घटाऔँ

काठमाडौँ उपत्यकाको वातावरण धुलो, धुवाँ र ध्वनिका साथै प्लास्टिकको उपयोगले समेत प्रदूषित भइरहेको छ। यस्तो अवस्थामा व्यावहारिक रूपमा दीर्घकालीन उपायले स्वस्थ सहरमा स्वस्थ जीवन बिताउन प्रदूषणबाट मुक्त सहर बनाउने हो भने हामी सबैले साइकलबाट सवारी गर्दा प्रदूषणको कमी हुने र मानव शरीरलाई स्वस्थ राख्न सहयोग पुग्ने निश्चित छ। वेलावेलामा सञ्चार माध्यमबाट साइकल सवारीबाट हुने शरीर पनि स्वस्थ हुने र प्रदूषण पनि नहुने भन्ने विषयमा प्रचार-प्रसार हुनु जरुरी देखिन्छ। त्यसैले, आजैदेखि संघीय राजधानी काठमाडौँ सहरमा मात्र होइन, सहर बन्दै गइरहेका पालिकामा समेत साइकलसम्बन्धी जनचेतना जगाउन जरुरी छ। यसबाट जलवायु प्रदूषण न्यूनीकरणमा समेत सहयोग पुग्ने भएको हुँदा सरकारले जनतामा जागरण फैलाउने काम अघि बढाओस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
2213ncw@gmail.com

सरकारी चलखेल रोक्ने कसले ?

सरकारले एक सय ५६ कम्पनीको हदबन्दीभन्दा बढी जग्गालाई वैधता दिने तयारी गरेको सुनियो। के यो सरकार ठग, लुटेरा, हत्यारा, बलात्कारी, भ्रष्टाचारी या दुराचारीको मात्र हो। यतिखेर यो सरकारले जे गरे पनि त्यो देश र जनताको हितविपरीत गर्ने र हरेक अवैध कामलाई वैधता दिने गरिरहेको छ ? के नेताले जायज या नाजायज जे पनि भए पनि गरिहालौँ भन्ने छ हो ?

● **वन्दना खाती**
टोखा- ३, काठमाडौँ

सतर्कता नअपनाउने सरकार ?

भारतबाट फर्किनेमा कोरोना देखिन थालेको तर नाकामा तिनको परीक्षणका लागि आवश्यक किटको अभाव भएको समाचार पढियो। विगतमा कोरोनाकै कारण लकडाउन हुँदा पनि हालत त्यस्तै थियो। अहिले फेरि भारतबाट फर्किनेमा कोरोनाको लक्षण देखिँदा पनि परीक्षण गर्ने किट नहुनु भनेको राज्यको गम्भीर लापरबाही हो। यो सरकार देशमा फेरि पनि कोरोनाको महामारी फैलाएर विगतमा जस्तै कोरोनाको नाममा ब्रह्मलुट मच्चाउन चाहन्छ हो ?

● **सुवर्ण लामा**
गैरीगाउँ, काठमाडौँ

बसभाडामा मनपरी कहिलेसम्म ?

रत्नपार्कदेखि काठमाडौंको गागलफेदीसम्म चल्ने बसको भाडा मनपरी लिने गरिएको छ। प्रायः एउटै कम्पनीका बस भए पनि सहचालकअनुसार फरक-फरक भाडा असुल्ने गरेको पाइन्छ। सरकारले १८ किमिभन्दा मुनिको रुटमा २५ रुपैयाँ र सोभन्दा माथि ३० रुपैयाँ तोकेकामा पछि तेलको भाउ बढ्यो भनेर २५ लाई ३० र ३० लाई ३५ गरिएको थियो। जोरपाटीदेखि गागलफेदी जम्मा पुग-नपुग १५ किलोमिटर छ, यहाँका बसले ३० रुपैयाँ लिँदै आएका छन्, तर यही जेठ २४ गते बा ४ ख ७०९३ नम्बरको गाडीले जोरपाटीसम्मको भाडा ३५ रुपैयाँ लियो। मैले जहिल्यै ३० तिर्दै आएको कुरा राख्दा आफैँ सहचालिक बन न त बुढा भनियो।

यस्तो असभ्य तरिकाले बोल्ने मान्छेलाई किन कन्डक्टर राखियो ? मैले यति महँगो भाडा तिरेर पनि गाली खानुपऱ्यो र मलाई हातै हालुँला झैँ गरेर लम्कीझम्की पनि गरे। यस क्षेत्रमा ट्राफिक पनि हुँदैनन्। नगरपालिकाले भाडादर पनि तोकेको पाइँदैन। अझ म त गागलफेदीभन्दा दुई किमि तलबाट चढेको थिएँ। म चढेको ठाउँबाट जोरपाटी साढे १२ किमि मात्रै छ। १२ किमिको ३५ रुपैयाँ भाडा भएको मलाई थाहा भएन। दोस्रो, 'सहचालक बन न बुढा' भन्ने भनाइले मलाई असाध्यै पोल्यो। ज्येष्ठ नागरिकमाथि बसवालाले गरेको दुर्व्यवहार कहाँ गएर पोख्ने ?

● **आरएन रेग्मी**, काठमाडौँ
shukracharya@yahoo.com.au

गाजाको राहत प्रणाली : मानवतावादको आवरणमा हिंसा

गाजाका बस्ती ध्वस्त पार्दै राहत प्रणालीलाई केन्द्रीकृत गरेर इजरायलले मानवीय सेवालाई राजनीतिक हतियारका रूपमा प्रयोग गरिरहेको छ



देश/विदेश

● इरिट काज

यही ३ जुन बिहान गाजाको दक्षिणी क्षेत्रमा राहत लिन आएका सर्वसाधारणमाथि इजरायली सेनाको गोलीबारीमा कम्तीमा २७ प्यालेस्टिनी मारिए। यसअघि १ जुनमा पनि रफाहनजिकै राहत केन्द्रमा यस्तै घटना हुँदा करिब ३० जना मारिएका थिए। इजरायली र अमेरिकी सरकार तथा उनीहरूले समर्थन गरेको गाजा ह्युमानिटेरियन फाउन्डेसन (जिएचएफ) ले पहिले गोली चलाएको रिपोर्ट अस्वीकार गरेका थिए। तर, ३ जुनपछि इजरायली सेनाले केही 'संदिग्ध व्यक्ति' नजिकिँदा गोली चलाएको स्विकाऱ्यो। र, जिएचएफले ती मानिस 'सुरक्षित मार्ग' नाघेर 'बन्द सैन्य क्षेत्र'मा पुगेको दाबी गऱ्यो। यस्ता हिंसा अप्रत्याशित होइनन्, किनभने मार्चको सुरुदेखि इजरायली नाकाबन्दीपछि गाजाको मानवीय अवस्था अत्यन्तै गम्भीर भएको छ। विभिन्न अन्तरसरकारी तथा गैरसरकारी संस्थाको साझा संयन्त्र 'आइपिसी'ले गाजाको सम्पूर्ण जनसंख्या गम्भीर भोकमरीको अवस्थामा पुगेको प्रतिवेदन सार्वजनिक गरिसकेको थियो। जिएचएफको राहत वितरण प्रणालीलाई सुरु हुनुअगावै आलोचना गरिएको थियो। २५ मेमा जिएचएफका अमेरिकी निर्देशक जेक वुडले संस्थाले मानवीय सिद्धान्त पूरा गर्न नसक्ने भन्दै राजीनामा दिएका थिए।

विभाजन एवं नियन्त्रण : जिएचएफको राहत योजना डिसेम्बर २०२४ मा सार्वजनिक भएको इजरायली सेनाका पूर्वउच्च अधिकारीको समूह आइडिएसएफको योजनासँग मिल्दोजुल्दो छ। यसले युएनआरडब्लुएबाट राहत जिम्मा हटाएर इजरायलकै निगरानीमा ल्याउने प्रस्ताव गरेको थियो। त्यसैअनुरूप इजरायलले यस वर्षको सुरुमा युएनआरडब्लुएलाई प्रतिबन्ध लगायो। आइडिएसएफका अनुसार युएनआरडब्लुए र हमासको वितरण संरचना अन्त्य गरी 'राहत वितरण गर्ने हात नै नियन्त्रण गर्ने हात हो' भन्ने सिद्धान्तमा आधारित शिविरमार्फत गाजाभित्र राहत वितरण गरिनेछ। स्मरण रहोस्, हाल गाजाको ९० प्रतिशतभन्दा बढी जनसंख्या आन्तरिक रूपमा विस्थापित छ।

आइडिएसएफ योजनाले 'गाजाका ठुला हिस्सा नष्ट भइसकेका छन् वा अब बसोवासयोग्य छैनन्' भन्ने स्विकार्दै 'युद्ध समाप्त भएपछि पनि आन्तरिक रूपमा विस्थापितका लागि घर फर्किन' तुरुन्तै सम्भव नभएको र आफूले फर्कन सिफारिस नगर्ने जनाएको छ। सो योजनाअनुसार अझै पनि सर्वसाधारण बसोवास गरिरहेका गाजाका क्षेत्रलाई 'लम्बाइ र चौडाइको अक्ष प्रणाली'बाट विभाजन गरिनेछ। यो विभाजनअन्तर्गत बनाइएका प्रत्येक 'आन्तरिक रूपमा विस्थापित सहर'लाई 'अस्थायी स्वतन्त्र प्रशासनिक क्षेत्र'का रूपमा व्यवस्थित गरिनेछ, जुन 'विभाजन गरेर शासन गर्ने' सिद्धान्तमा आधारित हुनेछ। यस योजनाअनुसार गाजामा मानवीय सहयोग 'आन्तरिक रूपमा विस्थापित सहरमा आधारित निर्देशनालय' र 'बायोमेट्रिक प्रणाली'मार्फत सञ्चालित हुनेछ। आइडिएसएफले यसलाई 'डे अफ्टर प्लान' नाम दिँदै हमास र नागरिकबिचको सम्बन्ध तोड्ने उद्देश्य राखेको छ। तर, एक वरिष्ठ इजरायली सैन्य कमान्डरले हमासलाई पूर्ण रूपमा नष्ट गर्नु असम्भव रहेको बताएका छन्।

जमिनी वास्तविकता : जिएचएफले अहिले जुन ढंगले राहत वितरणको व्यवस्था गरिरहेको छ र यसले आइडिएसएफको योजनाका केही प्रमुख सिद्धान्त पूरा गर्छ। आइडिएसएफले राष्ट्रसंघीय राहत वितरण प्रणाली हटाएर इजरायल र अमेरिका दुवैले समर्थन गरेका एक निजी संस्थालाई ल्याएको छ। र, जिएचएफले जम्मा चारवटा स्थानबाट मात्र राहत वितरण गरिरहेको छ। यी चार स्थान गाजाको भूभागमा असमान ढंगले फैलिएका छन्। तीन वितरण केन्द्र रफाहको दक्षिण-पश्चिम सानो क्षेत्रमा छन् भने चौथो गाजाको दक्षिणमा रहेको नेतजारिम करिडोरनजिक छ, जुन इजरायली सेनाको नियन्त्रणमा रहेको क्षेत्र हो। राहत पाउन लाइनमा बस्नुपर्ने व्यक्तिलाई साँघुरो तारबारले घेरेको गल्ली हुँदै ठुलो राहत केन्द्रमा पुनुपर्छ। त्यहाँ पुगेपछि उनीहरूले परिचय पत्र परीक्षण र आँखाको स्क्यानिङ प्रक्रिया पूरा गर्नुपर्छ, जसको उद्देश्य राहत वितरणमा कडाइ गर्नु हो।



तस्बिर : हैथम इमाद/इपिए-इएफई

यो प्रणालीका कारण मानिस घन्टौँ गर्मीमा पर्खनुपरेको छ, आम मानिसले बार भत्काएर राहत लिन खोज्दा हिंसाको अवस्था सिर्जना भएका छन्। ३ जुनकै घटनामा तीन बालबालिका र दुई महिला मारिएका थिए। यस्ता हिंसात्मक घटना घट्नुअघि नै जिएचएफको योजना प्यालेस्टिनी र अन्तर्राष्ट्रिय संस्थाको आलोचनाको विषय बनिसकेको थियो। वितरण केन्द्र टाढा भएका कारण धेरैलाई राहत लिन लामो दूरी हिँड्नुपर्छ। युनिसेफका प्रवक्ता जोनाथन क्रिकले 'चार सन्तानकी आमा, जसले श्रीमान् गुमाएकी छिन्, कसरी २० किलो राहत बोकेर कहिलेकाहीँ कैयौँ किलोमिटर टाढाको टेन्टसम्म जान सक्लिन् ?' भन्दै प्रश्न उठाएका छन्।

सहरी डिजाइन, द्वन्द्व र विस्थापनमा अनुसन्धान गर्ने व्यक्तिका नाताले गाजाको सानो क्षेत्रमा केन्द्रित चारवटा 'मेगा साइट'बाट राहत वितरण गर्दा भिड, अराजकता र हिंसा अनिवार्यजस्तै हुन्छ भन्ने म स्पष्ट रूपमा देख्छु। गाजाका बस्नयोग्य क्षेत्र ध्वस्त पार्दै वितरण प्रणालीलाई केन्द्रीकृत गरेर इजरायलले मानवीय सेवालाई राजनीतिक हतियारका रूपमा प्रयोग गरिरहेको संकेत हो। यो योजनामा मानवीय आवश्यकताभन्दा भू-राजनीतिक प्राथमिकता हाबी देखिन्छ। जिएचएफ प्रणालीले प्यालेस्टिनी नागरिकलाई अस्थायी, असुरक्षित र अस्वस्थ शिविरमा राख्न सहयोग गरिरहेको छ, जुन महिला र बालबालिकाका लागि विशेष रूपमा जोखिमपूर्ण छ। यस्ता क्षेत्रले इजरायली आक्रमणको पनि जोखिम बोकेको छ। बायोमेट्रिक परीक्षणलाई सहयोग नभई नियन्त्रणको हतियारका रूपमा प्रयोग गरिने भय प्यालेस्टिनीमाझ व्यापक छ। र, अहिले राहत खोज्न निस्किएका मानिस मर्न थालेका छन्। अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविरामको पहल गर्न र गाजामा ठुलो मानवीय राहत अभियानका लागि इजरायलमाथि दबाब दिनु आवश्यक छ। मौजुदा जिएचएफ प्रणाली कायम राख्नु भनेको अर्को त्रासदी निम्त्याउनु हो।

(काज क्याम्ब्रिज विश्वविद्यालयमा आर्किटेक्चर एवं सहरी अध्ययनकी सहप्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पले युक्रेनमा मध्यस्थताको प्रयास त्यागेका हुन् ?

कुनै पनि मूल्यमा रुससँग पुनर्मिलन गर्नु ट्रम्पको रणनीति हो भने यो असफल हुने निश्चित छ

तीन साताअघि रुसी नेता भ्लादिमिर पुटिनसँग दुई घण्टाको टेलिफोन वार्तापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा घोषणा गरे कि रुस र युक्रेनले युद्धविरामका लागि 'तुरुन्तै वार्ता सुरु गर्नेछन्' । यद्यपि, उनले प्रस्ट पारे कि दिगो शान्तिको प्रयत्न 'दुई पक्षबिचको वार्ताबाट मात्र हुनेछ ।' ट्रम्पका अनुसार भ्याटिकन सिटी 'वार्ता आयोजना गर्न धेरै इच्छुक' भएको र यसबारे युरोपेली नेतालाई विधिवत् जानकारी गराइएकाले अमेरिकाले युक्रेनमा युद्ध अन्त्यका लागि गर्दै आएको मध्यस्थता प्रयासलाई प्रभावकारी रूपमा त्यागेको छ ।



युक्रेन युद्धबाट ट्रम्प अलग्गिने सम्भावना सधैं रहँदै आएको छ, यद्यपि यसअघि उनले युक्रेन युद्ध आफू राष्ट्रपति भएको २४ घण्टाभित्र अन्त्य गर्ने दाबी गरेका थिए । ट्रम्प युद्धबाट अलग्गिने सम्भावना त्यतिबेला बढ्यो, जतिबेला युक्रेन र रुसबिच तीन वर्षभन्दा बढी समयदेखि पहिलो प्रत्यक्ष वार्ता युद्धविराम सम्झौताविना नै समाप्त भयो । केही दिनअघि ट्रम्पले आफ्ना रुसी र युक्रेनी समकक्षीसँग टेलिफोन संवाद गरे । ट्रम्प र पुटिनको फोनवार्ताको केही समयअघि उपराष्ट्रपति जेडी भान्सले पत्रकारलाई स्पष्ट रूपमा भनेका थिए कि अमेरिकाले आफ्नो सूक्ष्म कूटनीति समाप्त गर्न सक्छ । यी सबै संकेतले पनि अमेरिका युक्रेन युद्धबाट बिस्तारै अलग हुन चाहेको देखिन्छ ।



● स्टेफान वुल्फ

स्टेफान वुल्फ युनिभर्सिटी अफ ब्रिमिङघामका प्राध्यापक हुन् ।

रुस र युक्रेनबिचको वार्ताको नगण्य नतिजा (साथै ट्रम्प र पुटिनबिचको वार्ताको नगण्य परिणाम) आश्चर्यजनक छैन । दुई नेताबिच देखावटी रूपमा वार्ता त भएको छ, तर कुनै निष्कर्ष आउन सकेको छैन । रुस स्पष्ट रूपमा अझै पनि शान्ति स्थापनाका लागि तयार छैन । उसले युक्रेनलाई भविष्यमा तटस्थ रहनुपर्नेमा जोड दिँदै आएको छ । पुटिनले युक्रेनसँगको कुनै पनि वार्तालाई नियोजित रूपमा विलम्ब गरेका छन् । तथापि, उनले आफू वार्ताका लागि तयार रहेको पनि जनाउ दिएका छन् । ट्रम्पसँगको फोनवार्तापछि उनले भनेका छन् कि 'रुसले युक्रेनसँग भविष्यमा सम्भावित शान्ति सम्झौताको ज्ञापन पत्रमा काम गर्न तयार छ,' जसमा 'यदि सान्दर्भिक सम्झौता भएमा निश्चित समयका लागि सम्भावित युद्धविराम' गर्न सकिने उल्लेख छ ।

> केही दिनअघि ट्रम्पले आफ्ना रुसी र युक्रेनी समकक्षीसँग टेलिफोन संवाद गरे । त्यसअघि उपराष्ट्रपति जेडी भान्सले अमेरिकाले आफ्नो सूक्ष्म कूटनीति समाप्त गर्न सक्ने बताएका थिए । यी सबै संकेतले पनि अमेरिका युक्रेन युद्धबाट बिस्तारै अलग हुन चाहेको छनक देखिन्छ ।

शान्ति कायम राख्ने ट्रम्प र पुटिनको संयुक्त आह्वानको अघिल्लो दिन क्रेमलिनको युद्ध जारी राख्ने क्षमता र तत्परतालाई जोड दिएको थियो । उसले युक्रेनमा भीषण हमला गऱ्यो । किभसहित धेरै क्षेत्रलाई लक्षित गर्दै रुसले युक्रेनविरुद्धको युद्धमा अहिलेसम्मको सबैभन्दा ठुलो ड्रोन आक्रमण गऱ्यो । त्यसबेलादेखि लडाइँमा कुनै कमी आएको छैन । दक्षिणी रुसी सहर सोचीमा रहेको संगीत विद्यालयको भ्रमण गर्दा पुटिनले व्यक्त गरेको अभिव्यक्ति युक्रेनमा युद्धविराम रुसी नेताको प्राथमिकताको सूचीमा छैन भन्ने संकेत गर्छ । क्रेमलिनको ठुलो हिस्सा अमेरिका र रुसबिचको सम्बन्धको अनिच्छा पनि हुन सक्छ । ब्रसेल्समा सहमति र वासिंटनमा रुसविरुद्ध प्रतिबन्ध बढाउने तयारीका बाबजुद ट्रम्पले आफ्नो दृष्टिकोण परिवर्तन गर्ने सम्भावना कम छ ।

ट्रम्प र युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले पुटिनसँग कुरा गर्नुअघि छोटो टेलिफोन वार्ता गरेका थिए । जेलेन्स्कीले ट्रम्पलाई आफ्नो उपस्थितिविना युक्रेनबारे निर्णय नगर्न भनेका थिए । तर, युद्धविराम स्वीकार गर्न पुटिनलाई स्पष्ट अल्टिमेटम दिनुको सट्टा ट्रम्पले युक्रेन युद्धबारे प्रमुख युरोपेली सहयोगीसँग संवाद गर्न थाले । युक्रेनको युद्ध समाधान गर्ने दायित्व युरोपेलीको मात्र हो भन्नुअघि उनले पुटिनसँग भविष्यको सम्बन्धबारे लामो छलफल गरे । यसले निश्चित रूपमा किभ र युरोपेली राजधानीमा अनिश्चितता पैदा गरेको छ । ट्रम्पको रबैयाले यो पनि देखाउँछ कि रुससँगको पुनर्मिलनका लागि अमेरिकाले एट्लान्टिकपारिका आफ्ना सहयोगीलाई पूर्ण रूपमा त्याग्न सक्छ ।

यद्यपि, यदि कुनै पनि मूल्यमा रुससँग पुनर्मिलन गर्नु वास्तवमा ट्रम्पको रणनीति हो भने यो असफल हुने निश्चित छ । पुटिन युक्रेनविरुद्धको आफ्नो आक्रामकता जारी राख्न जति इच्छुक देखिन्छन्, जेलेन्स्की पनि त्यति नै आत्मसमर्पण गर्न इच्छुक छैनन् । पुटिन चीनको निरन्तर समर्थनमा भर पर्न सक्छन् भने जेलेन्स्की युरोपबाट प्राप्त हुने सहयोग र समर्थनमा निर्भर हुन सक्छन् । अमेरिकासँगको प्रतिद्वन्द्वितामा मस्कोलाई साथमा राख्न चीनका लागि रुसी युद्धलाई समर्थन गर्नु आवश्यक छ । युरोपका लागि युक्रेनलाई समर्थन गर्ने र पूर्वी युरोपमा सोभियत शैलीको प्रभाव क्षेत्र पुनर्स्थापित गर्न लागि परेको संशोधनवादी रुसलाई रोक्नैपर्ने बाध्यता छ । ट्रम्प ह्वाइट हाउसमा फर्किएदेखि नै उतारचढावमा रहेको संसारमा यी केही चुनौती हुन् र तिनीहरूले अमेरिका-रुस पुनर्मिलनलाई निकै असम्भव बनाएका छन् ।

मस्को र किभबिचको मध्यस्थता त्यागेर ट्रम्पले रुससँग पुनर्स्थापना गर्ने आफ्नो प्रयासमा गतिरोध तोडेको हुन सक्छन् । तर, यो सम्झौतालाई सीमापार गर्नु एक विशाल विजय हुनेछ ।

-द कन्भर्सेसनबाट

पुनर्स्थापनामा ह्वाइट हाउससँग ठुलो सम्झौता गर्न इच्छुक जस्तो देखिन्छ । यसले स्पष्ट रूपमा संकेत गरिरहेको छ कि यो क्रेमलिनका लागि युक्रेनको युद्धले महत्त्वपूर्ण अर्थ राख्छ र त्यहाँ तत्काल लडाइँ समाप्त नहुने छनक देखिन्छ । यसले वासिंटनमा पनि सोचलाई प्रेरित गरिरहेको देखिन्छ । ट्रम्पले पुटिनसँगको आफ्नो कुराकानीको 'स्वर र भावना'लाई 'उत्कृष्ट' भन्दै वर्णन गरेर द्विपक्षीय सम्बन्धमा सुधारको पूर्वानुमान गरे । उनी रुससँग 'ठुलो स्तरको व्यापार'को सम्भावनाप्रति पनि खुसी देखिन्थे ।

ट्रम्पले आफू र पुटिन सँगै नभएसम्म युक्रेनमा शान्तिको दिशामा कुनै प्रगति नहुने बताएका छन् । तर, यो कुरा मनन गर्नु उचित छ कि फेब्रुअरीमा दुई राष्ट्रपतिबिचको अन्तिम टेलिफोन वार्तापछि युक्रेनमा युद्धविरामको दिशामा धेरै कम प्रगति (शान्ति सम्झौता त परको कुरा) भएको थियो । न्यून प्रगतिको अर्थ पुटिनमाथि कुनै वास्तविक दबाब दिन ट्रम्पको

विश्व संक्षेप

मस्कले सोच्ने शक्ति गुमाए : ट्रम्प

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व प्रसिद्ध अमेरिकी उद्यमी इलन मस्कले 'आफ्नो सोच्ने शक्ति गुमाएको' आरोप लगाएका छन् । टेक अर्बपति तथा पूर्वसहयोगीसँग विवाद बढिरहेका वेला ट्रम्पले यस्तो आरोप लगाएका हुन् । विश्वका सर्वाधिक धनी र शक्तिशाली व्यक्तिबिचको तीव्र विवादले विश्वलाई चौतर्फी रूपमा राजनीतिक र आर्थिक जोखिमतर्फ धकेलेको छ । ह्वाइट हाउसका अधिकारीले एएफपीलाई बताएअनुसार ट्रम्पले मस्कसँग वार्ता गर्ने सोचलाई त्यागिसकेका छन् । ट्रम्पले एयर फोर्स वानमा आफ्नो न्युजर्सी गल्फ क्लब जाने क्रममा पत्रकारसँग भने, 'इमानदारीपूर्वक भन्नुपर्दा म चीन, रुस, इरानसँगको छलफलमा व्यस्त छु । म इलन मस्कबारे सोचिरहेको छैन ।'

म्यानमारले गऱ्यो राष्ट्रसंघीय प्रस्ताव खारेज

यांगुन/ म्यानमारको सत्तारुढ सैनिक सरकार (जुन्ता) ले राष्ट्र संघअन्तर्गतको श्रम संस्था (अन्तर्राष्ट्रिय श्रम संगठन) ले पारित गरेको श्रम अधिकारसम्बन्धी प्रस्तावलाई खारेज गरेको छ । उसले उक्त प्रस्तावलाई 'राजनीतिक उद्देश्यले प्रेरित' भएको आरोप लगाएको छ ।श्रम संगठनले बिहीबार आफ्नै नियमावलीको ३३औं धारामा आधारित उपाय अपनाउँदै म्यानमारको सैनिक प्रशासनमाथि प्रतिबन्धसमेत लगाउन सकिने संकेत दिएको थियो । सो धारामा उल्लिखित व्यवस्था गम्भीर मानव तथा श्रमिक अधिकार उल्लंघन भएको अवस्थामा लागू गरिन्छ ।

हजयात्राका क्रममा १३ इरानीको मृत्यु

रिहाद/ साउदी अरबका पवित्र सहरमा बढ्दो तापक्रमबिच हजयात्राका क्रममा कम्तीमा १३ जना इरानी नागरिकको मृत्यु भएको छ । इरानी रेड क्रिसेन्ट सोसाइटीको स्वास्थ्य तथा उपचार सञ्चालन एकाइले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सन् २०२५ को हजयात्राका क्रममा जुन ६ सम्म मृत्यु भएका इरानी हजयात्रीको कुल संख्या १३ पुगेको छ । 'हालैका दिनमा साउदी अरबका पवित्र सहरमा तापक्रम ४७ डिग्री सेल्सियस र सोभन्दा माथि पुगेको छ, जसले गर्दा हजयात्रीले व्यापक गर्मीको सामना गर्नुपरेको छ,' तेहरानले भनेको छ । यो वर्ष ८६ हजार ७०० इरानी तीर्थयात्राका लागि साउदी अरब गएका छन् । गत वर्ष साउदी अरबको हजयात्रामा ५१.८ डिग्री सेल्सियस (१२५ डिग्री फरेनहाइट) तापक्रम मापन गरिएको थियो भने यात्राका क्रममा २२ इरानीसहित एक हजार तीन सयभन्दा बढीको मृत्यु भएको थियो ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Arghakhanchi

Notice for the letter of Intents

Date of Publication: June 08, 2025 (2082/02/25)

This is to notify all the bidders who submitted their bid for the Contract Identification No. mentioned below that the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract Pursuant to Clause 27 of Public Procurement Act 2063.

S. No.	Notice Publication Detail	Contract ID	Name of Work	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. (With VAT and PS)
1	2081-12-29 (PPMO's e-portal and Himalaya Times Daily)	13-081/82/Works/ Central/ FWSSMP-Arghakhanchi	Construction of Khilji Samnegaun Brihat WSP-Phase I	M/S. Sagar-Gorakhkali JV, Kathmandu	14,94,37,539.67

-Project Chief

इतिहासमा आज



सन् १९८७ : न्युजिल्यान्ड आणविकमुक्त क्षेत्र घोषित । न्युजिल्यान्ड आणविकमुक्त क्षेत्र, निःशस्त्रीकरण र हतियार नियन्त्रण ऐन १९५० ले कुनै पनि आणविक शक्ति वा आणविक सशस्त्र जहाजलाई देशमा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ । सन् १९५० को दशकमा आणविकमुक्त क्षेत्रका लागि कानुन बनाउने पहिलो देश न्युजिल्यान्ड थियो ।

सन् १८६७ : फ्रान्ज जोसपद्वारा हंगेरीको राजाको ताज पहिरिएको दिन ।

सन् १९४९ : जर्ज अरवेलको प्रख्यात उपन्यास नाइन्टिन एटिफोर प्रकाशन । यो उनको अन्तिम कृति हो, जुन सन् १९५० मा ट्युबरकुलर रक्तस्रावबाट उनको मृत्यु हुनुभन्दा केही समयअघि लेखिएको थियो । यसले अधिनायकवादले कब्जा गरेको संसारको उत्पीडन र अन्यापूर्ण दृश्य प्रस्तुत गर्छ ।

सन् १९६७ : भूमध्यसागरमा इजरायली हवाईजहाजले अमेरिकाको एक गस्ती जहाजमा आक्रमण गर्दा ३४ नौसेनाको मृत्यु ।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति २०८२।०२।२५ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८२ साल असार महिना ३१ गते मंगलबार दिनको १२:०० बजे देखि ३:०० बजे सम्म क्र.सं. १, २ र ३ को
: २०८२ साल असार महिना ३२ गते बुधबार दिनको १२:०० बजे देखि ३:०० बजे सम्म क्र.सं. ४, ५ र ६ को
सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि.शाखा कार्यालय, कावासोती, नवलपरासी । लिलाम हुने स्थान/कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय कावासोती ।

ग्राहकको विवरण

१) ग्राहकको नाम : श्रेष्ठ मोटर पार्टस एण्ड सर्भिस सेन्टर (प्रोप्राइटर : नारायण प्रसाद श्रेष्ठ)
दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, फर्म/कम्पनीको दर्ता नं. : १३७७/१०९७८, दर्ता मिति : २०७४/१०/१७, पान नं. : ६०६९९२८४२

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार कर्जा	शान्ती कुमारी श्रेष्ठ	चितबन	चैनपुर	४	२६०२	०-१-५-०
	चन्द्र कुमार श्रेष्ठ	नवलपरासी	धुरकोट	१	५१, ५६	१८४० व.मि., ४६६५ व.मि.

प्रोप्राइटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
नारायण प्रसाद श्रेष्ठ	बिनयी त्रिवेणी- ५, सर्दी, (बर्दघाट सुस्ता पुर्व)	८५३७०	नवलपरासी/२०६२।१०।११ जिल्ला प्रशासन कार्यालय नवलपरासी	चन्द्र कुमार श्रेष्ठ	ओम प्रसाद श्रेष्ठ

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
रेम कुमारी काम्मु मगर	बिनयी त्रिवेणी-५, सर्दी, (बर्दघाट सुस्ता पुर्व)	३६३०३५।४१८	नवलपरासी/२०६३।१०।०८/ जिल्ला प्रशासन कार्यालय	धन बहादुर काम्मु मगर/गोविन्द श्रेष्ठ	चन्द्र कुमार श्रेष्ठ
महेन्द्र श्रोष्ठ	बिनयी त्रिवेणी-५, सर्दी, (बर्दघाट सुस्ता पुर्व)	३६१०१८।१७	नवलपरासी/२०६५।०५।०३/ जिल्ला प्रशासन कार्यालय	चन्द्र कुमार श्रेष्ठ	ओम प्रसाद श्रेष्ठ
चन्द्र कुमार श्रेष्ठ	बिनयी त्रिवेणी-५, सर्दी, (बर्दघाट सुस्ता पुर्व)	३६-५६४१८ (पाल्पा)	नवलपरासी/२०४१।०९।१४/जिल्ला प्रशासन कार्यालय	ओम प्रसाद श्रेष्ठ	जहर सिं
शान्ती कुमारी श्रेष्ठ	बिनयी त्रिवेणी-५, सर्दी, (बर्दघाट सुस्ता पुर्व)	२६३५	चितबन/२०४४।१२।२८/ जिल्ला प्रशासन कार्यालय	चन्द्र कुमार श्रेष्ठ	ओम प्रसाद श्रेष्ठ

२) ग्राहकको नाम : कावासोती चाउचाउ उद्योग, (प्रोप्राइटर : विष्णु काम्ले)
दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, फर्म/कम्पनीको दर्ता नं. : २४०/७९५४, दर्ता मिति : २०७४।०५।२५, पान नं. : ६१४३६४३३०

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
उद्योग कर्जा	भिमलाल काफ्ले	नवलपरासी	पिठौली	३	११८	०-२-१२-०
	भिमलाल काफ्ले	नवलपरासी	कावासोती	५	४१७	०-०-१०

प्रोप्राइटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
विष्णु काफ्ले	कावासोती ०८ सांड, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	३६२०१६/४०५३	नवलपरासी/२०७।०६।३० जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पु.)	भिमलाल काफ्ले	नन्दलाल काफ्ले

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
भिम लाल काफ्ले	कावासोती-८, सांड, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	८२३४९	नवलपरासी/२०४६।०२।३०/जिल्ला प्रशासन कार्यालय नवलपरासी	नन्दलाल काफ्ले	प्रजापति काफ्ले

३) ग्राहकको नाम : सितादेवि बहुउद्देश्यीय कृषि फर्म (प्रोप्राइटर : सिता भण्डारी अधिकारी)
दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.पु.), फर्म/कम्पनीको दर्ता नं. : ८३०/०७७/०७८, दर्ता मिति : २०७७।०६।०९, पान नं. : ६१३९१३४७२

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्य. कृषि तथा पशुपंक्षि कर्जा	बिनोद कुमार अधिकारी	नवलपरासी	कावासोती	९	८८३, ८८५	०-४-९.५-०, ०-३-०-०

प्रोप्राइटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
सिता भण्डारी अधिकारी	कावासोती १० रतबल, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	३६-०२-७६-०१५४१	नवलपरासी/२०७६।०२।१५/ जिल्ला प्रशासन कार्यालय नवलपरासी	बिनोद कुमार अधिकारी /बल बहादुर भण्डारी	गोपाल ब. अधिकारी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
बिनोद कुमार अधिकारी	कावासोती १० रतबल, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	६१	चितवन/२०४६।०२।२६/ जिल्ला प्रशासन कार्यालय	गोपाल ब. अधिकारी	चिन बहादुर

४) ग्राहकको नाम : तिला कुमारी पंगेनी, ना. प्र.नं. ५०४/१५९८ (टोली नं.२), जारी मिति : २०४५।०२।२४, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय नवलपरासी
बाबुको नाम :दुण्डुकारी बाजे/ससुराको नाम : चुडामणी पंगेनी, पति/पत्नीको नाम : तुलसी प्रसाद पंगेनी,

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी	तिला कुमारी पंगेनी	नवलपरासी	कावासोती	८	४८७	०-०-११.७५-०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
जानकी सुबेदी पंगेनी	कावासोती-१०, मगरकोट, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	३६३०३८/४२६	नवलपरासी/२०६३।११।७/ जिल्ला प्रशासन कार्यालय	देवेन्द्र प्रसाद पंगेनी/ रविलाल सुबेदी	तुलसी प्रसाद पंगेनी
गोमा पंगेनी	कावासोती-१०, मगरकोट, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	३६२०१६/१५०१	नवलपरासी/२०६९।९।१/ जिल्ला प्रशासन कार्यालय	हरि प्रसाद पंगेनी / टेकनाथ शर्मा सिग्देल	तुलसी प्रसाद पंगेनी

५) ग्राहकको नाम : मल्ल होटल एण्ड गेष्ट हाउस (प्रोप्राइटर : देब कुमारी मल्ल ठकुरी)
दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, फर्म/कम्पनीको दर्ता नं. : ५१/६०६५/०७१, दर्ता मिति : २०७१।०५।०४, पान नं. : ३०१४३०३९९

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
होटल सञ्चालन	देब कुमारी मल्ल ठकुरी	नवलपरासी	कावासोती	६	३	०-०-८-०.५

प्रोप्राइटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
देब कुमारी मल्ल ठकुरी	कावासोती ०९ तल्लो बजार, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	४०९७४	नवलपरासी/२०४१।०५।२७/ जिल्ला कार्यालय	गिर बहादुर मल्ल / लाल बहादुर	चित्र बहादुर

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
गिर बहादुर मल्ल	कावासोती ०९ तल्लो बजार, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	४०९७७	नवलपरासी/२०४१।०५।२७/ जिल्ला प्रशासन कार्यालय	चित्र बहादुर मल्ल	उजिर मल्ल
तेज प्रसाद मल्ल	कावासोती ०९ तल्लो बजार, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	२६५७३	नवलपरासी/२०५९।०२।१३/ जिल्ला प्रशासन कार्यालय	गिर बहादुर मल्ल	चित्र बहादुर मल्ल
टेष्टलता थापा	कावासोती ०९ तल्लो बजार, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)	३६२०१८। ४४११	नवलपरासी/२०६९।०६।०७/ जिल्ला प्रशासन कार्यालय	भेत बहादुर थापा	गिर बहादुर मल्ल

६) ग्राहकको नाम : थापा किराना पसल, (प्रोप्राइटर : उत्तम बहादुर थापा)
दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, फर्म/कम्पनीको दर्ता नं. : ८१/४९२९/०७०, दर्ता मिति : २०७०।०४।१४, पान नं. : ६०११६०४१७

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार कर्जा	पुर्ण बहादुर थापा	नवलपरासी	धौवादी	२	४४८	३३८।६३ वर्ग मिटर

प्रोप्राइटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
उत्तम बहादुर थापा	हुप्सेकोट-१,जुगेपानी, नवलपरासी (बर्दघाट सुस्तापुर्व)	२५९९	पाल्पा/२०४३।१०।२१/ जिल्ला प्रशासन कार्यालय पाल्पा	भीम बहादुर थापा	पुर्ण सिं थापा

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
पुर्ण बहादुर थापा	हुप्सेकोट-१ जुगेपानी, नवलपरासी (बर्दघाट सु.पु)	१०००१	नवलपरासी/२०५५।०७।१८/ जिल्ला प्रशासन कार्यालय	उत्तम बहादुर थापा	भीम बहादुर थापा

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, कठमाण्डौं ।

■ जीवन बिमा पहुँच हालसम्मकै उच्च विन्दुमा

४७.३९ प्रतिशत नागरिक जीवन बिमाको दायरामा

मीनराज बसन्त/नयाँ पत्रिका

जीवन बिमाको पहुँच हालसम्मकै उच्च विन्दुमा पुगेको छ। नेपाल बिमा प्राधिकरणले शुक्रबार सार्वजनिक गरेको वैशाख मसान्तसम्मको तथ्यांकले बिमाको पहुँच ४७.३९ प्रतिशत नागरिकमा पुगेको देखाएको हो, जुन हालसम्मकै उच्च हो।

वैशाखसम्म एक करोड ५३ लाख ६ हजार नौ सय ९३ वटा जीवन बिमालेख सक्रिय छन्। गत आवको वैशाखसम्म सक्रिय जीवन बिमालेख एक करोड ३९ लाख ५५ हजार आठ सय ८७ थियो। त्यसवेला बिमाको पहुँच ४३.५६ प्रतिशत थियो।

कतिपयले दुईवटाभन्दा बढी बिमालेख खरिद गरेका हुन्छन्। तसर्थ, कुल सक्रिय जीवन बिमालेखलाई ५ प्रतिशतले घटाएर बिमा पहुँच गणना गरिन्छ। सोहीअनुसार बिमा पहुँच ४७.३९ प्रतिशत कायम भएको हो, जुन हालसम्मकै उच्च हो।

यसअघि असार ०८० मा ४४.३८ प्रतिशत नेपाली बिमा सेवामा आबद्ध थिए, जुन त्यसवेलासम्मकै उच्च हो। तर, त्यसपछि त्यो घट्दै आएको थियो। साउन ०८० मै बिमा पहुँच ४४ प्रतिशतमा सीमित भएको थियो। असार ०८१ सम्म आउँदा त्यो थप घटेर ४३.२७ प्रतिशतमा सीमित भएको थियो।

गत असोज मसान्तसम्म आउँदा त्यो थप घटेर ४२.८४ प्रतिशतमा सीमित भएको थियो। विशेष गरी यसबिचमा देखिएको आर्थिक शिथिलताले बिमाको पहुँच घट्दै गएको थियो। तर, कात्तिकयता भने बिमा पहुँच बढ्दै आएको छ। त्यो क्रममा गत चैतमा बिमा पहुँच ४४.६४ प्रतिशत पुगेर पुरानो रकर्ड तोड्दै नयाँ रेकर्ड कायम गरेको थियो। वैशाखमा त्यो थप बढेर नयाँ उचाइमा पुगेको हो।

तथ्यांकअनुसार म्यादी, लघु म्यादी र वैदेशिक रोजगार बिमाबाहेकको अवस्थामा १६.७७ प्रतिशत नागरिकमा बिमाको पहुँचमा देखिएको छ। वैदेशिक रोजगारी बिमालेख हटाउँदा भने ३९.३१ प्रतिशत नागरिकमा बिमा पहुँच रहेको तथ्यांकमा उल्लेख छ। सबै प्रकृतिको बिमालेख गरेर बिमाको पहुँच ४७.३९ प्रतिशत कायम भएको प्राधिकरणको भनाइ छ। योअनुसार अब ५२.६१ प्रतिशत नागरिक बिमाको दायरामा आउन बाँकी देखिन्छ।

प्राधिकरणले चालू आव ०८१/८२ मा बिमा पहुँच ५० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य लिएको छ। तर, असार ०८२ पुगदा त्यो लक्ष्य प्राप्ति हुने सम्भावना न्यून देखिएको प्राधिकरणका अधिकारीहरू बताउँछन्।

■ १२ लाख ५४ हजार पोलिसी नवीकरण गर्न बाँकी


प्राधिकरणको तथ्यांकअनुसार जीवन बिमा कम्पनीहरूमा १२ लाख ५४ हजार चार सय ७८ वटा पोलिसी नवीकरण नभई बसेका छन्, जुन गत आवको वैशाखसम्मको तुलनामा ११.६३ प्रतिशतले बढी हो। गत आवको वैशाखसम्म नवीकरण नभई बसेका पोलिसीको संख्या ११ लाख २३ हजार सात सय ४२ वटा थियो। अहिले त्यो संख्या थप बढेको छ। रकमका आधारमा २६ अर्ब ८६ करोड १० लाख रुपैयाँबराबरको पोलिसी नवीकरण हुन बाँकी छ। गत आवको यसै अवधिमा ३० अर्ब ९८ करोड ६७ लाख रुपैयाँबराबरको पोलिसी नवीकरण भएको थियो। बिमितले सामान्यतः १०, १५, २०, २५ वर्षलगायतको अवधि राखेर बिमा गर्छन्। त्यसका लागि बिमितले हरेक वर्ष बिमाशुल्क तिर्नुपर्छ। त्यो नतिरेको अवस्थामा पोलिसी व्यतीत अर्थात् नवीकरण नभई बस्छ। त्यसपछि त्यसले जोखिम रक्षावरण गर्दैन। बिमा अवधि सकिएपछि बिमितले रकम भने बोसनसहित फिर्ता पाउनेछन्। साथै, बिचमा कुनै पनि वेला बक्यौता र विलम्ब शुल्क तिरेर पोलिसी नवीकरण गर्न सक्नेछन्। चालू आवको १० महिनामा १२ अर्ब २७ करोड २३ लाख रुपैयाँबराबरको ८८ हजार ६ सय ३५ वटा बिमालेख सरेन्डर भएको छ। रकमका आधारमा यो ११.७० प्रतिशतले बढी हो। गत आवको यसै अवधिमा १० अर्ब ९८ करोड ७१ लाख रुपैयाँको बिमालेख सरेन्डर भएको छ।



बंगलादेशसँगको विद्युत् व्यापार अन्योलमा

बंगलादेश पावर डेभलपमेन्ट बोर्डले गत वर्ष किनेको बिजुलीको पैसा तिरेन, यस वर्षका लागि एलसी खोल्नेलगायत प्रक्रिया सुरु गरेन

मिलन विश्वकर्मा/नयाँ पत्रिका



विद्युत् व्यापार सम्झौताअनुसार आगामी १५ जुन (१ असार)देखि बंगलादेशले नेपालबाट ४० मेगावाट विद्युत् खरिद गर्नुपर्नेछ। तर, विद्युत् व्यापार पुनः सुरु हुने दिने नजिकिँदै जाँदा बंगलादेशले विद्युत् आयातको कुनै प्रक्रिया सुरु गरेको छैन। यसले गर्दा बंगलादेशसँगको विद्युत् व्यापार के होला भन्ने अन्योल बढेको छ।

बंगलादेशको आधिकारिक निकाय बंगलादेश पावर डेभलपमेन्ट बोर्डले यो वर्षको वर्षायाममा नेपालबाट विद्युत् आयातका लागि हालसम्म पनि एलसी खोलेको छैन। त्यति मात्र होइन, बोर्डले गत वर्ष खरिद गरेको विद्युत्को भुक्तानीसमेत दिएको छैन। अघिल्लो वर्षकै विद्युत्को भुक्तानी नदिनु, यस वर्ष विद्युत् आयातका लागि एलसी नखोलिनु तथा हालसम्म कुनै औपचारिक सम्पर्क नहुनुले बंगलादेशसँगको विद्युत् व्यापारमा अन्योल देखिएको हो।

सबै प्रक्रिया पूरा गरेर नेपाल विद्युत् प्राधिकरणले गत वर्ष १५ नोभेम्बर (३० कात्तिक)मा पहिलोपटक बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गरेको थियो। सम्झौताअनुसार १५ जुनदेखि १५ नोभेम्बरसम्म मात्रै विद्युत् निर्यात गर्न पाइने भएकाले त्यसपछिका दिन भने विद्युत् निर्यात गर्न मिलेन। ३० कात्तिकमा भर्चुअल रूपमा यसको उद्घाटन गर्दै दिउँसो १२:१५ बजेदेखि राति १२ बजेसम्म ४० मेगावाट विद्युत् निर्यात गरिएको थियो। त्यस अवधिमा चार लाख ७० हजार युनिट विद्युत् निर्यात भएको थियो।

प्रतियुनिट ६.४० सेन्टमा विद्युत् निर्यात गर्ने गरी सम्झौता भएको थियो। त्यसवेला निर्यात भएको बिजुलीबापत नेपालले ३० हजार ८० डलर बंगलादेशबाट पाउनुपर्नेछ, जुन रकम अझै प्राप्त नभएको स्रोतको भनाइ छ। 'यो रकम थोरै हो। तर, यसरी लामो समयसम्म भुक्तानी नहुँदा त्यसले त्यति राम्रो अर्थ भने राख्दैन। सात महिनासम्म पनि भुक्तानी आएको छैन,' स्रोतले भन्यो, 'बंगलादेशसँगको विद्युत् व्यापार पहिलो गाँसमै ढुंगाजस्तो भएको छ।'

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले बंगलादेशले एलसी नखोलेका कारण भुक्तानी नआएको हुन सक्ने बताए। 'गत वर्ष एक दिन मात्रै विद्युत् निर्यात भएको हो। रकम पनि धेरै थिएन। एक दिनको मात्रै भुक्तानी गर्नका लागि एलसी खोलिएन होला,' उनले भने, 'सायद, अब विद्युत् खरिद गरेर गरिने भुक्तानीमा गत वर्षको रकम पनि समावेश हुन्छ होला।'

■ बंगलादेशले भारतलाई पनि भुक्तानी दिन गरेको थियो ढिलाइ

बंगलादेशले यसअघि भारतलाई पनि बिजुली खरिदबापतको झन्डै एक अर्ब ११ करोड डलर भुक्तानी गर्न ढिलाइ गरेको थियो। यो गत कात्तिककै घटना हो, जुनवेला नेपालले बंगलादेशमा विद्युत् निर्यात गर्ने अन्तिम तयारी गरेको थियो।

त्यसवेला बंगलादेशले भारतको अडानी ग्रुपलाई मात्रै ८४ करोड ६० लाख डलर तिर्नुपर्ने थियो। १६ सय मेगावाट विद्युत् उपलब्ध गराएको अडानी ग्रुपले त्यो रकम नपाएपछि गत कात्तिकमा विद्युत् कटौतीसमेत गरिदिएको थियो। त्यसवेला नै बंगलादेशले भारतको पावर ट्रेड कर्पोरेसन इन्डियालाई आठ करोड र एसइआइएल इनर्जी इन्डियालाई १९ करोड अमेरिकी डलरबराबरको बिल तिर्न बाँकी रहेको भन्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले समाचार लेखेका थिए। त्यसपछि भने बंगलादेशले त्यो कारोबार मिलाउँदै लगेको छ। अहिले नेपालबापत खरिद गरेको बिजुलीको भुक्तानीमा पनि बंगलादेशले ढिलाइ गरेको छ।

■ १ असारदेखि विद्युत् निर्यात गर्नुपर्ने, तर बंगलादेशले खोलेको छैन एलसी

सम्झौताअनुसार १ असारदेखि बंगलादेशले नेपालबाट ४० मेगावाट विद्युत् खरिद गर्नुपर्नेछ। एक साता मात्रै बाँकी हुँदा पनि बंगलादेशले नेपालबाट विद्युत् आयात गर्न त्यहाँको बैंकमा लेटर अफ क्रेडिट (एलसी) खोलेको छैन। कुनै पनि वस्तु तथा सेवा आयात गर्दा त्यसको भुक्तानी गर्न एलसी अनिवार्य हुन्छ। नेपालबाट ४० मेगावाट विद्युत् भारतीय प्रसारणलाइन हुँदै बंगलादेश निर्यात गर्ने गरी १७ असोज ०८१ मा त्रिपक्षीय सम्झौता भएको थियो। सम्झौतापत्रको अवधि पाँच वर्षको रहेको छ। नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)बिच भएको सम्झौताअनुसार १५ जुनदेखि १५ नोभेम्बर (असार १ देखि कात्तिक ३० गतेसम्म) ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गरिन्छ।

'सम्झौताअनुसारा विद्युत् निर्यात गर्ने दिन आउन अब एक साता बाँकी छ। जुन १५ तारिखबाट विद्युत् निर्यात गर्नुपर्ने हो। तर, अहिले बंगलादेशले हामीले पठाएको सन्देशमा कुनै रेस्पोन्स गरेको छैन,' स्रोतले भन्यो, 'हामीले इमेललगायतका माध्यमबाट ताकेता गरेका छौं। तर, त्यसको पनि रिप्लाई आइरहेको छैन। त्यसले गर्दा बंगलादेशमा विद्युत् निर्यात अन्योलमा परेको छ।'

नेपालले सन् ०३५ सम्म बंगलादेशमा पाँच हजार मेगावाट विद्युत् बिक्री गर्ने लक्ष्य लिएको छ। तर, अहिले ४० मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता कार्यान्वयनमै चुनौती भइरहेको प्राधिकरणका अधिकारी बताउँछन्।

प्राधिकरणका प्रवक्ता राजन ढकालले भने बंगलादेशसँग सम्पर्क हुन सुरु गरेको दाबी गरे। यद्यपि, बंगलादेशले एलसी अझै नखोलेको भने उनले स्विकारे। 'हालै विद्युत् निर्यातका लागि कार्यतालिका बनाउने विषयमा बंगलादेश र प्राधिकरणको भारप्रेषण केन्द्रबिच समन्वयन भएको जस्तो लाग्छ। तर, एलसी नै खोलेको भने छैन। तर, विद्युत् निर्यातको कार्यतालिका बनाउने विषयमा काम भने भइरहेको छ। एलसी भुक्तानीका लागि आवश्यक हो। बंगलादेशले एलसी खोल्ने तयारी गरिरहेको छ जस्तो लाग्छ,' उनले भने, 'विद्युत् भने १५ जुनबाट नै निर्यात गर्न सकिन्छ भन्नेमा हामी आशावादी छौं।'

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०२/२५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ

ऋणीको विवरण

चिरि काजी महर्जनको नाति, भिन्धे महर्जनको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **सानु लाल महर्जन (ना.प्र.प.नं.: १९२२/०३६/३७, ललितपुर)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. भिन्धे महर्जनको बुहारी, सानुलाल महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **पन माया महर्जन (ना.प्र.प.नं.: २१९८६, ललितपुर)**

२. चिरी काजी महर्जनको बुहारी, भिन्धे महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **नानी माया महर्जन (ना.प्र.प.नं.: ३/५५८, ललितपुर)**

३. शंकर विर महर्जनको नाति, चिरी काजी महर्जनको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **भिन्धे महर्जन (ना.प्र.प.नं.: २१३६७, ललितपुर)**

४. चिरि काजी महर्जनको नाति, भिन्धे महर्जनको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **कृष्ण महर्जन (ना.प्र.प.नं.: ८४१/०३२/४०, ललितपुर)**

५. भिन्धे महर्जनको बुहारी, कृष्ण महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. २२, स्थित स्थायी ठेगाना भएको **सन्तु महर्जन (ना.प्र.प.नं.: १/१९८३, ललितपुर)**

शाखा कार्यालय: पृथ्वीचोक, पोखरा

१. ऋणीको विवरण

बुद्धी बहादुर थापाको बुहारी, केशव बहादुर थापाको पत्नी, कास्की जिल्ला पोखरा न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **राज कुमारी थापा (ना.प्र.प.नं. ३२४२९, कास्की)**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४ ०८/०८ मा दर्ता नं. १७८९२९/०७४/०७५ कायम भई दर्ता भएको कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ५, स्थित **जय गुरुदेव रियल स्टेट**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बुद्धी बहादुर थापाको बुहारी, केशव बहादुर थापाको पत्नी, कास्की जिल्ला पोखरा न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **राज कुमारी थापा (ना.प्र.प.नं.३२४२९, कास्की)**

२. बुद्धी बहादुर थापाको नाति, केशव बहादुर थापाको छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **निर्दोश जङ्गा थापा (ना.प्र.प.नं. ४६१००१/९४३०, कास्की)**

३. केशव बहादुर थापाको बुहारी, निर्दोश जङ्गा थापाको पत्नी , कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको **दिपा बस्नेत (ना.प्र.प.नं. ४६-०१-७३-०९२३५, कास्की)**

नोट: माथि उल्लेखित शाखा कार्यालय पृथ्वीचोक, कास्कीको ठुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।

विदेशमा लगानी खुला गर्ने नीतिमा थप प्रस्ट पार्न आवश्यक छ : महासंघ

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघले नेपालीलाई विदेशमा लगानी गर्न दिने विषयमा थप प्रस्ट नीति ल्याउन माग गरेको छ। सरकारले गत १५ जेठमा आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट ल्याउँदै नेपालीलाई विदेशमा लगानी गर्न दिने घोषणा गरेको छ। बजेटमा नेपाली निर्यातकर्तालाई कुल निर्यातको २५ प्रतिशतसम्म रकम विदेशमा लगानी गर्न दिइने तथा त्यस्तो लगानीबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत रकम देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था समेटिएको छ। यसबारे थप प्रस्ट पार्न आवश्यक रहेको महासंघले जनाएको हो।

महासंघले शनिबार विज्ञप्ति जारी गर्दै बजेटमा समग्रमा स्वागतयोग्य भएको बताउँदै भनेको छ, 'विदेशमा लगानी खोल्न खोजिएको यस व्यवस्थाबारे थप प्रस्ट हुनु आवश्यक छ।' यद्यपि, बजेटले निजी क्षेत्रलाई अर्थतन्त्रको संवाहक मानी आर्थिक सुधारलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएकोमा महासंघले यसलाई सकारात्मक रूपमा लिएको छ।

उद्यमी व्यवसायीले एकै ठाउँमा सेवा पाउनुपर्नेबारे महासंघले उठाइरहेको निरन्तरको मागमा आंशिक सम्बोधन भएको जनाएको छ। व्यवसाय स्थापना र बन्द गर्न एकद्वार प्रणाली स्थापना गरिने व्यवस्था बजेटमा उल्लेख छ। यी सेवा नागरिक एपजस्ता डिजिटल प्लाटफर्मबाट प्रदान गर्न सके थप प्रभावकारी हुने महासंघको धारणा छ।

साथै, प्रत्यक्ष वैदेशिक लगानीका लागि नेपाललाई उत्कृष्ट गन्तव्य बनाइने, पर्यटकीय गन्तव्यको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिने, सूचना प्रविधि एवं होटेल-रिसोर्टलाई विशेष उद्योगसरह मान्यता दिने व्यवस्थाले लगानीकर्तालाई उत्साहित बनाउने महासंघको भनाइ छ। विशेष आर्थिक क्षेत्र एवं औद्योगिक क्षेत्रको भाडादर घटाउने र औद्योगिक क्षेत्रका उद्योगको उत्पादन ३० प्रतिशतभन्दा बढी निर्यात गरेमा विशेष आर्थिक क्षेत्रका उद्योगसरहको सुविधा दिने व्यवस्थाले उत्पादनमूलक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने महासंघको अपेक्षा छ।

बजेट सकारात्मक भएको भन्दै महासंघले केही टिप्पणी भने गरेको छ। टेक एन्ड पेमा पिपिए गर्ने व्यवस्थाका कारण लगानीकर्ता निरुत्साहित भएको महासंघको भनाइ छ। त्यस्तै बजेटले माग बढाउने कार्यका लागि यथोचित सम्बोधन गर्न सकेको छैन।

'बजेटले विद्यमान समस्या समाधान गर्दैन'

काठमाडौं/ आगामी आर्थिक वर्षको बजेटले मुलुकको अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्न कठिन हुने धारणा अर्थतन्त्रका जानकारहरूले व्यक्त गरेका छन्।

नेपाल बुद्धिजीवी संगठन काठमाडौं जिल्ला समितिले शनिबार आयोजना गरेको 'बजेट ०८२/८३ समीक्षा र कार्यान्वयन' विषयक अन्तर्क्रियामा वक्ताहरूले असहज अवस्थामा प्रस्तुत बजेटले अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्न कठिन हुने टिप्पणी गरेका हुन्।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. रमेश पौडेलले दुई ठुला दल मिलेर बनेको दुईतिहाइको सरकारले ल्याएको बजेटबाट अर्थतन्त्र सुधारको ठुलो गुञ्जायस नदेखिएको बताए। अर्थविद् प्रा.डा. सूर्य थापाले रोजगारी सिर्जना र गरिबी निवारण गर्ने भनेर बजेटका प्राथमिकतामा राखिएको भए पनि त्यसलाई समर्थन गर्ने गरी योजना आउन नसकेको बताए।

योजना आयोगका पूर्वसदस्य डा. चन्द्रकान्त पौडेलले यथास्थितिवादी बजेट आएको र विद्यमान समस्या समाधानका लागि कुनै स्पष्ट कार्ययोजना आउन नसकेको बताए। डा. नरविक्रम थापाले आगामी आवको बजेट यथास्थितिवादी रहेको उल्लेख गर्दै यसले अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्न नसक्ने बताए। - रासस

६ महिनाअघि नै सकियो कालीगण्डकी करिडोर-बागलुङ खण्डको काम

बलेवा-हर्मिचौरको ४५ किमि सडक कालोपत्रे गर्ने कम्पनीलाई तीन पालिकाको सम्मान

बागलुङमा **नारायण रिजाल**

तोकिएको समयमा अधिकांश योजना सम्पन्न नहुने र पटक-पटक म्याद थप्नुपर्ने वेलामा बागलुङमा भने तोकिएको समयभन्दा ६ महिनाअगावै काम सम्पन्न भएको छ। देशको गौरवको आयोजना रहेको कालीगण्डकी करिडोर बागलुङ खण्डको काम भने निर्माण कम्पनीले निर्धारित समयभन्दा ६ महिनाअगावै सम्पन्न गरेको छ। करिडोरको बागलुङ खण्डअन्तर्गतको बलेवा-हर्मिचौर खण्डको ४५ किमि सडक कालोपत्रेको जिम्मा लिएको निर्माण कम्पनी कालिका कन्स्ट्रक्सनले ६ महिनाअघि नै कालोपत्रे गरेको हो।



■ निर्माण कम्पनीलाई सम्मान

यसरी काम सम्पन्न गर्ने निर्माण कम्पनी कालिका कन्स्ट्रक्सनलाई यस क्षेत्रका बागलुङ नगरपालिका र जैमिनी नगरपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले शनिबार एक कार्यक्रम गरी सम्मान गरेका छन्। जैमिनीधाममा आयोजित कार्यक्रममा कम्पनीका व्यवस्थापक महेश सुवेदीलाई बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ र जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले सम्मान गरे। समयमा काम सक्ने वातावरण बनाउने भूमिका खेल्ने कालीगण्डकी करिडोर आयोजना कार्यालयलाई पनि सम्मान गरिएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माको भनाइ छ।

निर्माण कम्पनी सबैले काम अलपत्र पारेका छैनन् भन्ने सन्देश बागलुङबाट दिएकाले सम्मान गरिएको शर्मा बताउँछन्। 'पछिल्लो समयमा निर्माण व्यवसायी र कम्पनीले समयमा नै काम सम्पन्न गर्दैन भन्ने भास्य रहेको छ। धेरै योजनाहरू अलपत्र पनि परेका उदाहरण छन्,' शर्माले भने, 'तर, केही राम्रा निर्माण कम्पनीहरू पनि छन्, राम्रो गर्नेलाई सम्मान गर्ने र सकारात्मक सन्देश दिन सकेमा धेरै आयोजना समयमा सकिने हुँदा हामी तीन पालिका मिलेर सम्मान गरिएको हो।' उनले स्थानीय तहमा काम गर्ने वातावरण मिलाउने हो भने समयमा योजनाको काम सकिने रहेछ भन्ने यो उदाहरण पनि भएको बताए। बागलुङको बलेवा-गुल्मीको हर्मिचौर खण्डको ४५ किमि सडक तोकेको भन्दा ६ महिनाअघि सम्पन्न भएको आयोजना कार्यालय पाल्पाकी प्रमुख कल्पना अधिकारीले बताइन्।

■ तीन अर्ब ३३ करोड लागत

आयोजना कार्यालयका अनुसार ०७९ साल मंसिर २६ गते यो सडकखण्डको ठेक्का लागेको थियो। तीन अर्ब ३३ करोडको लागतमा ०८२ मंसिर २५ मा सक्ने सम्झौता थियो। यो खण्डबाहेक हर्मिचौरदेखि रिडीसम्मको सडक अघिल्लो वर्ष नै कालोपत्रे भइसकेको छ।

वातावरण दिवसमा ग्लोबल आइएमई बैंकले गऱ्यो देशव्यापी वृक्षारोपण

काठमाडौं/ ग्लोबल आइएमई बैंकले देशका विभिन्न स्थानमा वृक्षारोपण कार्यक्रम गरेको छ। बैंकले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा मुलुकभर १८ हजार वृक्षारोपण गर्ने लक्ष्य राखेको थियो। सोहीअनुसार बिहीबार विश्व वातावरण दिवसको अवसरमा देशका विभिन्न स्थानमा वृक्षारोपण गरेको हो। बैंकका अनुसार लम्कीचुहा नगरपालिकाको बालचौर, कैलालीमा सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह र बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीको उपस्थितिमा एक हजार कागतीका बिरुवा रोपण गरेको हो। वृक्षारोपणकै क्रममा बैंकले कोशीको दिक्तेल, प्रगति सामुदायिक वन, मेचीनगर, झापालगायतका विभिन्न स्थानमा तीन हजार सात सयवटा, मधेशका राजविराज, जितपुर, लहान, गौर, मिथिला नगरपालिका (भाटिघारी सामुदायिक वन)लगायतका विभिन्न स्थानमा पाँच हजार ५० बिरुवा रोपेको छ। त्यसैगरी, बागमतीअन्तर्गत नारायणहिटी आर्मी ब्यारेक, टोखा र रसुवालगायतका विभिन्न स्थानमा दुई हजार तीन सय, गण्डकीका बागलुङ र कास्कीलगायतका स्थानमा दुई हजार एक सय, लुम्बिनीमा बिजुवार, घोराही, गुलेरिया, लिवाङलगायतका स्थानमा एक हजार पाँच सय बिरुवा रोपेको बैंकले जनाएको छ।

यसका साथै कर्णालीका वीरेन्द्रनगर र रास्कोटमा सात सय र सुदूरपश्चिमका बालिया, गोकुलेश्वर, बैतडी, अत्तरिया, धनगढी, टीकापुर र महेन्द्रनगरलगायतका विभिन्न स्थानमा दुई हजार ८६ बिरुवा रोपण सुरु गरेको छ।

नेपाल इन्भेस्टमेन्ट मेगा बैंक र एनइएबिच सम्झौता



काठमाडौं/ नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआइएमबि) र नेपाल इन्जिनियर्स एसोसिएसन (एनइए) बिच विस्तारित बैंकिङ सेवा प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका सिइओ ज्योतिप्रकाश पाण्डे र इन्जिनियर्स एसोसिएसनका ई. सुभाषचन्द्र बरालले हस्ताक्षर गरेका हुन्। सम्झौतामार्फत एसोसिएसनका सबै सदस्यलाई विभिन्न सेवामा विशेष छुट प्रदान गरिएको छ। जसअनुसार एनइएका सदस्यले बैंकका दुई सय ७५ वटा शाखामा प्रोफेसनल बचत खाता खोल्दा १० लाखको दुर्घटना बिमा सुविधा पाउनेछन्। साथै, व्यावसायिक कर्जा, स्टार्टअप कर्जा, क्लिन सोसल कर्जा र डेबिट-क्रेडिट कार्ड, मोबाइल बैंकिङमा विशेष छुटको व्यवस्था रहेको बैंकले जनाएको छ। सम्झौताबाट एनइएका सदस्य लाभान्वित हुनेछन्।

क्यान्सरपीडितलाई एनसिसिएले दियो ६ लाखको छात्रवृत्ति

काठमाडौं/ नेपाल चाइल्डहुड क्यान्सर एलायन्स (एनसिसिए)ले क्यान्सर जितेका १४ जना किशोर-किशोरीलाई छात्रवृत्ति प्रदान गरेको छ। एनसिसिएले इन्टरनेसनल क्यान्सर सर्भाइभर डेका अवसरमा ६ लाख नेपाली रुपैयाँबराबरको शैक्षिक छात्रवृत्ति प्रदान गरेको हो। यो कार्यक्रम रमेश गुप्ता स्मृति प्रतिष्ठान, ट्रुगेदर अगेन्स्ट चाइल्डहुड क्यान्सर, लियोनार्डो एड्वार्ड श्रेष्ठ फाउन्डेसन तथा वर्ल्ड चाइल्ड क्यान्सरको सहकार्यमा सुरु गरिएको हो। यस कार्यक्रमले क्यान्सरबाट बाँच्न सफल बालबालिका, उनीहरूको परिवार, डाक्टर, नर्स र प्रमुख सरोकारवाला पक्षहरूलाई छात्रवृत्ति वितरणमा सहभागी हुने अवसर प्रदान गरेको थियो। कार्यक्रममा क्यान्सरबाट बाँच्न सफल बालबालिकाले आफ्नो साहस र आशाले भरिएका प्रेरणादायी कथा सुनाएका थिए। कार्यक्रमका प्रमुख वक्ता डा. विश्वनाथ अधिकारीले उपचारपछिको निरन्तर निगरानीको महत्त्वमा जोड दिएका थिए।

दुबईमा नेपालीको गेस्टहाउस

काठमाडौं/ संयुक्त अरब इमिरेट्स (युएई)को प्रमुख सहर दुबईमा नयाँ अवधारणासहित नेपालीको पहिलो गेस्टहाउस 'लुम्बिनी ड्रिम गार्डेन' (एलएलसी पुनः सञ्चालनमा आएको छ। विगत २२ वर्षदेखि दुबईमा व्यवसाय गर्दै आइरहेका युवा व्यवसायी राजेन्द्र गुरागाईंले उक्त रेस्टुरेन्ट रिनोभेसन गरी औपचारिक रूपमा सञ्चालनमा ल्याएका हुन्। आठ वर्षदेखि सञ्चालमा रहँदै आएको उक्त रेस्टुरेन्ट तीन महिनायता बन्द अवस्थामा थियो।

दुबईमा नेपाली धेरै भएको बरदुबईमा सञ्चालनमा आएको एलएलसीले नेपाली परिकार पस्किने मात्र नभई नेपालीपनकै झल्को दिने गरी सञ्चालनमा ल्याइएको युवा व्यवसायी गुरागाईंको भनाइ छ। सन् २०१८ मार्च २३ देखि सञ्चालनमा रहँदै आएको उक्त रेस्टुरेन्ट विगत तीन महिनायता दुबई सरकार तथा दुबई नगरपालिकाले आन्तरिक कार्यका लागि भन्दै बन्द गरेको थियो। ४ जुन २०२५ मा दुबई सरकार र नगरपालिका तथा दुबई अदालतले विधिवत् रूपमा नेपालीकै नाममा अनुमति प्रदान गरेपछि सञ्चालनमा आएको हो।

सर्टिफिकेट हरायो

मिति २०८२/२/४ गते काठमाडौं बाट मन्थली, रामेछाप सम्म जाँदा +2 को NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Namuna Thapa
Reg.No : 791140020199
Symbol No. : 21400348
Contact : 9767659644

आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०८२/२/२५

रसुवा जिल्ला आमछोदिङमो गा.पा. वाड नं ५, तातोपानी स्थित Salasungi Power Private Limited को लगानीमा निर्माण भएको Sanjen Khola Hydropower Project 78 MW हालसालै सञ्चालनमा आएको हुँदा उक्त आयोजनाको Management and Opertion Maintenance Service लागि निम्न दक्ष जनशक्तिहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	General Manager	Mechanical Engineer (ME)	१	सम्बन्धित काममा कम्तिमा १० वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
2	Mechanical Engineer	BE	२	सम्बन्धित काममा कम्तिमा ५ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
3	Electrical Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
4	Hydraulic Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ३-५ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको

१ **गर्नु पर्ने कामको विवरण** : आयोजनाको आवश्यकता अनुसार
२ **कार्य क्षेत्र र स्थल** : आयोजना स्थल अनुसार
३ **कार्यरत रहने अवधि** : १ वर्ष
४ **संलग्न कागजतहरू** : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजातहरू

China International Water and Electric Corporation
बालुवाटार, काठमाडौं
सम्पर्क नं : ९८५११५४२२३, ईमेल : cwenepal@info.com.np

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/२५)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँपालिका स्थित सञ्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत आयोजनाका लागि निम्न दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	General Manager	Mechanical Engineer (ME)	१	सम्बन्धित काममा (Management teams) कम्तिमा १० वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
2	Chief Finance Officer	MBA/MBS	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
3	Electrical Engineer	BE	२	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
4	Mechanical Engineer	ME (Electrical)	१	सम्बन्धित काममा कम्तिमा ५ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
5	Hydraulic Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ३-५ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको

१. **गर्नु पर्ने कामको विवरण** : आयोजनाको आवश्यकता अनुसार
२. **काम गर्नु पर्ने क्षेत्र तथा स्थल** : आयोजना स्थल
३. **कार्यरत रहने अवधि** : १ वर्ष
४. **संलग्न कागजातहरू** : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजातहरू

मादी पावर प्रा. लि.
बालुबाटार, काठमाडौं, **इमेल** : madipower2gad@gmail.com

धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८२/०२/२५)

तपसिल बमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता तथा कर्जा बुझाउनेबारे २१(एक्काइस) दिने सूचना प्रकाशन गर्दासमेत कर्जा भुक्ता नगर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५ (पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, व्यक्तिगत जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिल

धितो लिलाम बिक्री हुने मितिः २०८२ साल असार महिना २९ गते (ग्राहक सि.नं. १ देखि ३ सम्म), २०८२ साल असार महिना ३० गते (ग्राहक सि.नं. ४ देखि ६ सम्म)
सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा कार्यालय टिकापुर, कैलाली, **लिलाम हुने कार्यालय/स्थानः** कृषि विकास बैंक लि., शाखा कार्यालय क्याम्पस रोड, धनगढी।

ग्राहकको विवरण

१. **ग्राहकको नामः** डि.एम.क्युव सपिङ सेन्टर, **दर्ता भएको कार्यालयः** वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी कैलाली
फर्मको दर्ता नं. २८३९४/०७६/७७, **दर्ता मितिः** २०७६/११/२२, **पान नं.** ६१३१८६२७२

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार कर्जा	मिनबहादुर शाह	कैलाली	सितापुर	८	३३७२	६७७.००

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबुको नाम	बाजेको नाम
मकरबहादुर शाह	टिकापुर-९	६७२०४०/९९३९	कैलाली/२०६५/१२/२५/जिल्ला प्रशासन कार्यालय	मीनबहादुर शाह	खडकबहादुर शाह

व्यक्तिगत जमानत दिनेको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबुको नाम	बाजेको नाम
मिनबहादुर शाह	टिकापुर-०२, कैलाली	२६२७१८५९	कैलाली/२०४५/०२/१०/जिल्ला प्रशासन कार्यालय	खडकबहादुर शाह	कुकबहादुर शाह
बिक्रमबहादुर शाही	बाह्रविस-६, बाजुरा	७०१०२१/२८४	बाजुरा/२०६६/०६/२६/जि.प्र.का.	नन्दबहादुर शाही	मनबहादुर शाही
सुरेश शाह	टीकापुर-९, कैलाली	१६२८४	कैलाली/२०५४/०४/१२/जि.प्र.का.	खडकबहादुर शाह	मिनबहादुर शाह

२. **ग्राहकको नामः** बेदान्ति कामयाल, ना.प्र.नं. २०९१३, **जारी मितिः** २०४०/०८/२१, **जिल्लाः** कैलाली, **बाबुको नामः** गोरे लुहार, **पतिको नामः** विजय राज सिंह

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी कर्जा	बेदान्ति कामयाल	कैलाली	टीकापुर	०९ज	८६७	३३८.६३

३. **ग्राहकको नामः** डम्मर देवी कुँवर, **ना.प्र.नं.:** ५/६८८/४३४६, **जारी मितिः** २०४६/०१/२०, **बाबुको नामः** जंगबहादुर विष्ट, **पतिको नामः** गंगाबहादुर कुँवर

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.बि.स.	वडानं.	कि.नं.	क्षेत्रफल	कैफियत
घरायसी कर्जा	डम्मरदेवी कुँवर	कैलाली	टीकापुर	८ क	५६७	०-२-१३	७,९५,०००

४. **ग्राहकको नामः** केशरबहादुर शाह, **ना.प्र.नं.** १८०५९, **जारी मितिः** २०६२/०३/१२, **जिल्लाः** कैलाली, **बाबुको नामः** हर्कबहादुर शाह, **बाजेको नामः** रनबहादुर शाह

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
गैरकृषि कर्जा	केशरबहादुर शाह	कैलाली	मौरनिया	०८	१६३४	३३८.५८

५. **ग्राहकको नामः** सिद्धि गणेश इन्टरप्राइजेज, **दर्ता भएको कार्यालयः** वाणिज्य कार्यालय धनगढी, कैलाली, **फर्मको दर्ता नं.** ११३४ **दर्ता मिति :** २०६९-८-२५ **पान नं.** ६००७८००६१

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार कर्जा	शुशिला स्वार	कैलाली	मुनुवा	०२	३८	२-४-१५
		कैलाली	मुनुवा	०१	६८, १२९, १२५	१-७-१०-०, ०-५-१०, ०-९-५

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबुको नाम	बाजेको नाम
शुशिला स्वार	टिकापुर-०९	५७६	काठमाडौं/२०४५/०१/३१/जिल्ला प्रशासन कार्यालय	गणेशबहादुर स्वार	लालबहादुर स्वार

व्यक्तिगत जमानत दिनेको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबुको नाम	बाजेको नाम
शुशिला स्वार	टिकापुर-०९	५७६	काठमाडौं/२०४५/०१/३१/जिल्ला प्रशासन कार्यालय	गणेशबहादुर स्वार	लालबहादुर स्वार

६. **ग्राहकको नाम :** ठाकुरप्रसाद सार्की, ना.प्र.नं. १४२९, **जारी मितिः** २०५९/१०/०५, **जिल्लाः** दाङ, **बाबुको नामः** शोभा राम सार्की, **बाजेको नामः** नाक्चे सार्की

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी कर्जा	ठाकुरप्रसाद सार्की	कैलाली	टिकापुर	०९झ	१०२९	१६९.३२

शर्तहरू :

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन)जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनुपर्नेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखि जम्मा भएको हुनुपर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ। बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन।
६. डाँकबढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०२/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ असार ०९ गते सोमबार**का दिन शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०४८/०४/१६ मा दर्ता नं. २६४०८/०४८/४९ स्थानीय व्यापार दर्ता कायम भई रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १४, रजिष्टर्ड कार्यालय रहेको **आशा जनरल सप्लायर्स।**

प्रोप्राइटरको विवरण -
यस कुमार महर्जन
ना.प्र.नं.- २७०९५
जारी मिति - २०४३/१०/२१, जि.प्र.का. ललितपुर
बाबु - आसाकाजी महर्जन
बाजे - न्हच्छेलाल महर्जन
स्थायी ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ६
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २३

लिलाम हुने सम्पतिको विवरण

१. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, धापाखेल म.न.पा./गा.वि.स. वडा नं. १ ग स्थित कित्ता नं. ९०५, ९१२, र ९१४ को क्षे.फ. क्रमशः १०३.३२, २३.८५ र १९२.७३ (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ठैब म.न.पा./गा.वि.स. वडा नं. २ ख स्थित कित्ता नं. ११५० को क्षे.फ. १२७.१६ (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर म.न.पा./गा.वि.स. वडा नं. ५ च स्थित कित्ता नं. ५५२ को क्षे.फ. ३१.८० (व.मी) को घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सुनाको ठि म.न.पा./गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं.७५० को क्षे.फ. १२७.१६ (व.मी) को जग्गा र तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
५. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, बडीखेल म.न.पा./गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ५ को क्षे.फ. ३४९.६९ (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
६. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, गोदामचौर म.न.पा./गा.वि.स. वडा नं. ५स्थित कित्ता नं.६१४ को क्षे.फ. ९५.३९ (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
७. **यस कुमार महर्जन**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, लेले म.न.पा./गा.वि.स. वडा नं. २ ग स्थित कित्ता नं.१९१को क्षे.फ. ४४७.०५ (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ असार ०८ गते** भित्र बैंकको शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ असार ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ असार ०९ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय पाको न्युरोड, काठमाण्डौ फोन नं. ०१-५३२१९१२

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०

फिफा विश्वकप-२०२६

एसियाबाट छनोट भएका पाँच टिम

एजेन्सी/ सन् २०२६ को फिफा विश्वकप क्यानडा, मेक्सिको र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्दै छन्। उत्तर अमेरिकी देशमा आयोजना हुने विश्वकपमा लागि विश्वभर छनोट प्रक्रिया चलिरहेको छ। क्लबहरूको सिजनका खेल सकिएसँगै अहिले विश्वकप छनोटका खेल चलिरहेका छन्। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले पहिलोपटक विश्वकपमा ४८ राष्ट्रलाई सहभागी गराउँदै छ। यसअघि ३२ राष्ट्रले विश्वकप खेल्दै आएका थिए। फिफाको यो निर्णयसँगै आगामी विश्वकपमा धेरै नयाँ राष्ट्र देखिने पक्कापक्की छ। हालसम्म डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनासहित १० टिम विश्वकपमा स्थान बनाएका छन्। त्यसमध्ये एसियाबाट मात्रै पाँच टोलीको टुंगो लाग्यो। एसियाबाट नै जोर्डन र उज्वेकिस्तानले विश्वकपमा डेब्यु गर्ने पक्का भयो। आयोजक अमेरिका, मेक्सिको र क्यानडा सीधै विश्वकपमा छनोट भइसक्दा एसियाली महारथी जापान छनोट हुने पहिलो टोली बन्यो।

ओसिएन प्यासिफिक फुटबल कन्फेडेरेसनबाट एक मात्रै टोलीको रूपमा न्युजिल्यान्डले सीधै विश्वकपमा स्थान बनाइसकेको छ। विश्वकपमा स्थान बनाउन राष्ट्रहरूमा इरान, अर्जेन्टिना, उज्वेकिस्तान, दक्षिण कोरिया र जोर्डन छनोट भएका हुन्। विश्वकपमा युरोपबाट सबैभन्दा धेरै १६ राष्ट्र, अफ्रिकाबाट ९, एसियाबाट ८, उत्तर अमेरिका र अक्षिण अमेरिकाबाट समान ६, एक ओसियन प्यासिफिक तथा दुई प्लेअफ गरी जम्मा ४८ राष्ट्र सहभागी हुनेछन्।

यसबाहेक एक टिमले अन्तरमहादेशीय छनोटबाट पनि स्थान बनाउन सक्नेछन्। युएई, कतार, इराक, ओमान, प्यालेस्टाइन, अस्ट्रेलिया, साउदी अरेबियामध्ये तीन टिम विश्वकपमा स्थान बनाउन सक्नेछन्।

उज्वेकिस्तान

पूर्वखेलाडी तिमुर कापाडजेको प्रशिक्षणमा उज्वेकिस्तानले ऐतिहासिक प्रदर्शन गर्दै विश्वकपमा स्थान बनाएको छ। टोली पहिलोपटक विश्वकपमा स्थान बनाउन सफल भयो। उज्वेकिस्तान विश्वकपमा स्थान बनाउने तेस्रो एसियाली राष्ट्र बन्यो। टोलीमा युरोपियन टोली म्यानचेस्टर सिटीबाट खेलेको रक्षक अब्दुकोडिर खुसानोभसँगै इटालियन क्लब रोमाबाट खेलेका इल्दोर सोमुरोदोभ रहेका छन्। अधिकांश खेलाडी भने एसियाली लिग नै खेलेका छन्। समूह 'ए'मा रहेको उज्वेकिस्तान नौ खेलमा पाँच जितपछि १८ अंक जोडेर दोस्रो स्थानमा रहेको हो। पहिलो स्थानमा रहँदै इरान यही समूहबाट विश्वकपमा स्थान बनाइसकेको छ। यो समूहमा युएई र कतारको सम्भावना बाँकी रहँदा किर्गिस्तान र उत्तर कोरियाको सम्भावना सकियो।



जोर्डन

जोर्डन इतिहासमा पहिलोपटक विश्वकप खेल्नका लागि छनोट भएको छ। फिफा वरीयतामा ६२औँ स्थानमा रहेको जोर्डनले यसपटक चामत्कारिक प्रदर्शन गर्‍यो। नौमध्ये चार खेल जित्यो। त्यसो त समूह 'बी'मा रहेका इराक, ओमान, प्यालेस्टाइन र कुवेतले स्वाभाविक खेल प्रदर्शन गर्न सकेनन्। जोर्डनले नौ खेलबाट १६ अंक जोड्दै एक खेलअघि नै विश्वकप स्थान पक्का गरेको हो। जोर्डन दोस्रो स्थानमा रहँदा १९ अंकसहित दक्षिण कोरिया शीर्ष स्थानमा रहेको हो। जोर्डनका २५ वर्षीय स्ट्राइकर अली ओल्वानले एसियाली छनोटमा नौ गोल गरेका छन्। उनी मलेसियन लिग खेल्ने गर्छन्। जोर्डनका अधिकांश खेलाडीहरू मलेसिया, युएई र कतारी लिग खेल्दै आएका छन्। जोर्डनका याजन अल नाइमत र फाबिओ लिमाले समान आठ गोल गरिसकेका छन्। त्यस्तै, मुसा अल तामारीलको नाममा सात गोल रहेको छ।

दक्षिण कोरिया

कप्तान सन हुङ मिनका लागि यो सिजन निकै फलदायी रह्यो। उनको कप्तानीमा टोटनह्याम पहिलोपटक युरोप लिग च्याम्पियन भएको छ। यस्तै, सनले दक्षिण कोरियालाई पनि आगामी विश्वकपका लागि स्थान सुरक्षित गरेका छन्। एसियाली छनोटको तेस्रो चरणमा उनले १० गोल गरेका छन्। यसअघि दक्षिण कोरिया ११ पटक विश्वकपमा स्थान बनाइसकेको छ। कोरिया एसियाबाट धेरैपटक विश्वकप खेल्ने पहिलो टोली हो। कोरियापछि जापानले सातपटक विश्वकप खेलिसकेको छ। समूह 'बी'बाट नौमध्ये पाँच खेल जितेको कोरियाले १९ अंक जोडेको छ। यही समूहबाट जोर्डन पनि छनोट भइसकेको हो। कोरियाली टिममा युरोपेली चर्चित लिग खेलेका खेलाडीको संख्या धेरै रहेको छ।

जापान

एसियाबाट विश्वकपमा स्थान बनाउने पहिलो टोली बन्यो जापान। तेस्रो चरणको छनोटको समूह 'सी'मा रहेको जापानले नौ खेलबाट २० अंक जोड्यो। उसले नौ मध्ये ६ खेल जित्दा दुई खेल बराबरी खेल्यो र एक खेलमा हार व्यहोर्‍यो। २४ गोल गर्दा जम्मा तीन गोल मात्रै खाएको छ।

जापानले अन्तिम खेलमा इन्डोनेसियासँग खेल्नेछ। जापानले एक मात्रै हार अस्ट्रेलियासँग व्यहोरेको थियो। अब, यस समूहबाट अस्ट्रेलिया र साउदी अरेबियाको सम्भावना कायम छ। अन्तिम खेलमा यी दुई टोली नै भिड्दै छन्। जेद्दाहमा खेल बराबरी गरे पनि अस्ट्रेलिया सोझै विश्वकपमा स्थान बनाउनेछ। यो समूहबाट इन्डोनेसियाको पनि सम्भावना रहँदा बहराइन र चीनको सम्भावना सकिएको छ।

इरान

इरान एसियाबाट विश्वकपमा स्थान बनाउने दोस्रो टोली बनेको थियो। लगातार चौथोपटक विश्वकपमा स्थान बनाउँदा इरानले समूह 'ए'मा नौ खेलबाट २० अंक जोडेको छ। यसअघि टोलीले ६ पटक विश्वकप खेलिसकेको छ। दोस्रो स्थानमा रहेको उज्वेकिस्तान पनि १८ अंकसहित विश्वकपमा स्थान बनाइसक्यो। इरानले नौमध्ये ६ खेल जित्दा दुई बराबरी गरेको छ। एक खेलमा पराजित भयो। यसक्रममा १६ गोल गर्दा आठ गोल व्यहोरेको छ। इरानका मेहदी तारेमीले छनोट खेलमा नौ गोल गरेका छन्। उनी इटालियन क्लब इन्टर मिलानबाट व्यावसायिक फुटबल खेल्दै आएका छन्। १२ गोलसहित कतारका अल्मोइज अली उच्च गोलकर्ताको दौडमा छन्। इरानका सरदार अज्मोउनले नौ तथा मोहम्मद मोहेबीले ६ गोल गरेका छन्।

ग्रेस ओभरअल च्याम्पियन



नयाँ पत्रिका

नेपाल व्यायाम मन्दिरका ग्रेस महर्जनले प्रथम प्रज्ञा स्मृति पुरुष तथा महिला शारीरिक सुगठन प्रतियोगिताको ओभरअल च्याम्पियन बनेका छन्। शनिबार च्याम्पियन भएका ग्रेसले दुई लाख ५० हजार नगद पुरस्कार प्राप्त गरे। नेपाल पुलिस क्लबमा भएको प्रतियोगितामा ग्रेस पुरुष ७५ केजीमाथि पहिलो हुँदा ओभरअल उपाधि होडमा प्रवेश गरेका थिए। आफ्नो तौलसमूहमा पहिलो भएबापत ग्रेसले छुट्टै ५० हजार नगद पुरस्कार हात पारे।

प्रज्ञा स्मृति प्रतिष्ठानद्वारा आयोजित प्रतियोगिताको पुरुष ६० केजीमा ह्यामर फिट्नेसका सुमित गिरी, ६५ केजीमा बी एन्ड एल फिटनेस स्टेसनका किशोर लिम्बू, ७० केजीमा बडी गराजका अभिजित राजवंशी र ७५ केजीमा व्यायाम मन्दिरका सुरेश मुनिकार पहिलो भए। पुरुषमा पहिलो हुनेले ५० हजार, दोस्रोले ४० हजार, तेस्रोले ३० हजार, चौथोले २० हजार र पाँचौंले १० हजार नगद पुरस्कार हात पारेका छन्।

महिला खुलामा डिभाइनकी उर्मिला श्रेष्ठले उपाधि जितिन्। उनले एक लाख नगद पुरस्कार प्राप्त गरिन्। विजेतालाई पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ, आयोजक प्रतिष्ठानकी निर्देशक गंगा दाहाललगायतले एक कार्यक्रमबिच पुरस्कृत गरेका थिए।

बागमतीको दोस्रो जित

काठमाडौं/ बागमती प्रदेशले यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगितामा दोस्रो जित दर्ता गरेको छ। शनिबार बागमतीले वीरेन्द्रनगर क्रिकेट मैदानमा मधेश प्रदेशलाई ३७ रनले पराजित गर्‍यो। जितसँगै बागमतीले तीन खेलमा चार अंक ल्याएको छ। लगातार दोस्रो हार व्यहोरेको मधेशले पनि चार खेलबाट चार अंक नै जोडेको छ।

टस जितेर ब्याटिङ रोजेको बागमतीले ४६.५ ओभरमा सबै विकेट गुमाउँदै २४९ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा मधेश ३६.४ ओभरमा २११ रनमा समेटियो।

मधेशका लागि प्रमञ्जन यादवले ३५, आयन मुखियाले ३३, सुशान्त सिंहले १६, रूपेश यादवले १८, शेख अर्मानले १६ तथा सलमान अली मन्सुरीले १३ र माही यादवले १० रन बनाए। बागमतीका लागि कप्तान प्रसिद्ध जैशी, रोहित ठाकुर, सुशील साउद र शिवशक्ति महतोले समान दुई तथा राजेश बोहोराले एक विकेट लिए। बागमतीका लागि आशिष गुप्ताले ७८ बलमा पाँच चौकाको मद्दतले सर्वाधिक ५३ रनको योगदान गरे। यसैगरी, ओपनर सूर्यान्शु कोइरालाले ४९, राजेश बोहोराले ४६, शिवशक्ति महतोले २२ तथा प्रसिद्ध जैशी र जोय थापाले समान १२ रन बनाए।

मधेशका लागि अभय यादवले ८.५ ओभरमा ४२ रनमा खर्चिएर सर्वाधिक पाँच विकेट लिए। यसैगरी, रोहन यादवले दुई तथा नुमइर अहमद, शेख अर्मान र राजिवकुमार सदाले समान एक विकेट लिए। शनिबारै सम्पन्न अर्को खेलमा कोशी प्रदेशले गण्डकी प्रदेशविरुद्ध १७१ रनको सानदार जित दर्ता गर्‍यो।

खेल संक्षेप

यू-१४ क्रिकेट आजदेखि

काठमाडौं/ यू-१४ राष्ट्रिय क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा प्रतिस्पर्धा कोशी र सुदूरपश्चिम प्रदेश गर्ने भएका छन्। नेपाल क्रिकेट संघ (क्यान)का अनुसार उद्घाटन खेल आइतबार माथिल्लो मूलपानी क्रिकेट मैदानमा बिहान ९ बजे सुरु हुनेछ। सोही समयमा तल्लो मूलपानी क्रिकेट मैदानमा बागमतीले लुम्बिनी प्रदेशको सामना गर्नेछ। यसैगरी, सोही दिन माथिल्लो मूलपानी क्रिकेट मैदानमा दिउँसो १ बजे सुरु हुने खेलमा मधेश र कर्णाली प्रदेश प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा सात प्रदेश सहभागी हुनेछन्। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा कोशी, सुदूपश्चिम, मधेश र कर्णाली तथा समूह 'बी'मा बागमती, लुम्बिनी र गण्डकी प्रदेश छन्।

अर्हन्त र विपना विजयी

काठमाडौं/ प्रथम बागमती प्रेसिडेन्ट स्क्वास कप २०८२ को उपाधि पुरुषतर्फ अर्हन्तकेशर सिंह र महिलातर्फ विपना भ्लोनले जितेका छन्। शनिबार सातदोबाटोस्थित नेपाल स्क्वास एकेडेमीमा भएको फाइनल खेलमा शीर्ष खेलाडी अर्हन्तले पाँचौं वरीयताका पासाङ भ्लोनलाई ११-८, ११-९ र ११-९ को स्कोरले पराजित गरे। राकेश परियार तेस्रो र प्रज्वल प्रधान चौथो भए। महिलातर्फको फाइनलमा शीर्ष वरीयताकी विपनाले दोस्रो वरीयताकी स्वस्थानी श्रेष्ठलाई ११-५, ११-७ र ११-९ ले हराइन्। अस्मिता नगरकोटी तेस्रो र साक्षी सुनुवार चौथो भइन्। पुरुष र महिला दुवैतर्फको विजेता १५, दोस्रोले १०, तेस्रोले ७ र चौथोले चार हजार रुपैयाँ प्राप्त गरे। गर्ल्स जुनियरतर्फ रेनसा महर्जन पहिलो भइन्। रचना प्रजा दोस्रो, नियुक्ति श्रेष्ठ तेस्रो र प्रतीक्षा प्रजा चौथो भइन्। त्यस्तै, नवप्रवेशी (नोभिस) गर्ल्स विधातर्फ डोल्मा तामाङ पहिलो, अलिशा प्रजा दोस्रो, आरोही महर्जन तेस्रो र दीपिका महत चौथो भइन्। नवप्रवेशी (नोभिस) ब्वाइज समूहमा हेलिस घिसिङले पहिलो, रेजन महर्जन दोस्रो, स्वयम श्रेष्ठ तेस्रो र क्रिश श्रेष्ठ चौथो भए।

लाओसमा अभ्यास सुरु

काठमाडौं/ एसियन च्याम्पियनसिपअन्तर्गत लाओसविरुद्धको खेलअगाडि नेपाली राष्ट्रिय फुटबल टोलीले भियन्तियनमा अभ्यास सुरु गरेको छ। शुक्रबार राति लाओसको राजधानी भियन्तियनमा पुगेको नेपाली टोलीले शनिबारदेखि अभ्यास थालेको हो। कप्तान किरण चेम्जोङले लाओसको वातावरण र मौसमलाई मध्यनजर गर्दै टोलीले अभ्यास सुरु गरेको बताए। च्याम्पिनसिपको खेल हुनु तीन दिनअघि लाओसमा अभ्यास गर्ने वातावरण बनेकाले फाइदा पुग्ने उनले उल्लेख गरे। हङकङसँग बराबरी खेलेर नेपाली टोली हौसिएको छ। यसअघि पनि लाओससँग खेलिसकेको हुँदा धेरै समस्या नहुने उनले बताए। मैदानमा करिब दुई घण्टा अभ्यास गरेका खेलाडीलाई प्रशिक्षक म्याट रसले मानसिक र शारीरिक रूपमा तयार रहन आग्रह गरे। लाओसको मैदानमा यसअघि नेपाली टोलीले दुईमध्ये एक खेल जितेको थियो। एक खेल बराबरीमा टुंगिएको थियो।

विद्यालय खेलकुद हुँदै

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा हुने यू-१४ राष्ट्रिय विद्यालय खेलकुद प्रतियोगिता आजबाट सुरु हुँदै छ। विद्यालय तहका प्रतिभाशाली खेलाडीलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्ने उद्देश्यका साथ विद्यालय खेलकुद आयोजना गरिएको राखेप सदस्यसचिव टंकलाल घिसिङले बनाए। उनको अनुसार प्रतियोगितामा सात प्रदेशका ४७६ खेलाडीको सहभागिता रहनेछ। प्रतियोगितामा एथलेटिक्स, टेबलटेनिस, छात्र-छात्रा थ्री बाई थ्री बास्केटबल, छात्र-छात्रा रग्बी सेभेन्स, ब्याडमिन्टन र २० ओभरको छात्र क्रिकेटको प्रतिस्पर्धा हुनेछ। एथलेटिक्समा छात्र-छात्रामा सान ६-६ तथा टेबलटेनिस र ब्याडमिन्टनमा छात्र-छात्रामा समान दुई-दुई स्पर्धामा खेल हुनेछ।

प्रतियोगितामा जम्मा २५ स्वर्ण, २५ रजत र ३३ कांस्य गरी ८३ पदकका लागि प्रतिस्पर्धा हुनेछ। एथलेटिक्स र रग्बी त्रिपुरेश्वरस्थित दशरथ रंगशाला, टेबलटेनिस लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्र, बास्केटबल राखेप परिसर, ब्याडमिन्टन बुढानीलकण्ठस्थित ब्याडमिन्टन एकेडेमी तथा क्रिकेट मूलपानी क्रिकेट मैदानमा खेलाइनेछ।

कोको गौफलाई फ्रेन्च ओपन



एजेन्सी/ कोको गौफले महिलातर्फको फ्रेन्च ओपन जितेकी छिन्। शनिबार भएको खेलमा २१ वर्षीय विश्व नम्बर-२ गौफले एकलतर्फ विश्व नम्बर १ स्टार आर्यना साबालेन्कालाई पराजित गरेकी हुन्। उनको यो पहिलो फ्रेन्च ओपन उपाधि हो। अमेरिकी स्टार गौफले खेल ६-७, ६-२ र ६-४ ले जितेकी हुन्। दुई घण्टा ३८ मिनेट चलेको सेटमा साबालेन्का ७-६ ले विजयी भएकी थिइन्। तर, लगातार उत्कृष्ट प्रदर्शन गर्दै गौफले उपाधि जितेकी हुन्। उनको यो करिअरको दोस्रो ग्रान्डस्लाम उपाधि हो। यसअघि सन् २०२३ मा युएस ओपन जितेकी थिइन्। यता, पुरुषतर्फको प्रतिस्पर्धामा सर्बियन स्टार नोभाक जोकोभिच सेमिफाइनलमा पराजित भएका छन्। ३८ वर्षीय खेलाडी २३ वर्षका इटालियन स्टार जैनिक सिनरसँग पराजित भएका हुन्। अब, सिनरले आइतबार उपाधिका लागि विश्व नम्बर दुई कार्लोस अल्काराजसँग हुनेछ।

सन्तोषी प्रथम

काठमाडौं/ नेपालकी सन्तोषी श्रेष्ठले नेपाल हेरिटेज २५ किलोमिटर रेसको उपाधि जितेकी छिन्। शनिबार दशरथ रंगशालामा भएको महिलातर्फ नेपालकी गोल्डेन रनर सन्तोषीले निर्धारित दूरी एक घण्टा ३१ मिनेट ४३ सेकेन्डको पूरा गरेकी हुन्। आर्मीकी नीशा सार्की दोस्रो भइन्। उनले एक घन्टा ३२ मिनेट ३१ सेकेन्डमा दूरी तय गरिन्। एपिएफकी पुष्पा भण्डारी तेस्रो भइन्। उनले एक घण्टा ३८ मिनेट ०९ सेकेन्डमा दूरी तय गरिन्। २५ किलोमिटर पुरुषतर्फ केन्याका जुलियस म्युरुकी विजयी भएका छन्। महिला र पुरुष दुवैतर्फ विजेताले एक लाख, दोस्रोले ५० हजार र तेस्रो २५ हजार रुपैयाँ प्राप्त गरे। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङलगायतले विजेता खेलाडीलाई पुरस्कृत गरेका थिए।



पुरुषतर्फ केन्याका खेलाडी विजयी

२५ किलोमिटर पुरुषतर्फ केन्याका जुलियस म्युरुकी विजयी भएका छन्। उनले एक घण्टा १६ मिनेट ४८ सेकेन्डमा दूरी तय गर्दै उपाधि जिते। त्रिभुवन आर्मी क्लबका विनोद रोकाया दोस्रो भएका छन्। उनले एक घण्टा १७ मिनेट ११ सेकेन्डमा रेस पूरा गरे। एक घण्टा १८ मिनेट ५१ सेकेन्डको समयमा सुशील केसी तेस्रो भए।

अन्य विधातर्फ

पाँच किलोमिटरअन्तर्गत यू-१८ पुरूषमा अजय पाण्डे क्षेत्री पहिलो भए। उनले १७ मिनेट १२ सेकेन्डमा दौड सकाए। १७ मिनेट ४४ सेकेन्डमा दूरी तय गरेका सन्दीप सेन्चुरी दोस्रो हुँदा अमृत विश्वकर्मा तेस्रो भए। उनले १८ मिनेट १३ सेकेन्डको टाइमिङ निकाले।

यू-१८ महिलामा २१ मिनेट ४७.६६ सेकेन्डको टाइमिङमा अस्मिता भुजेल पहिलो भइन्। भगवती खड्का दोस्रो र आयुष्मा आचार्य तेस्रो भए। भगवतीले २२ मिनेट २७ दशमलव ८७ सेकेन्डमा र आयुष्माले २३ मिनेट ३०.७८ सेकेन्डको टाइमिङमा रेस सकाएका थिए। पाँच किलोमिटर भेट्टान पुरुषमा धर्म महर्जन पहिलो भए। उनले १८ मिनेट ३१ मिनेट ३१. १५ सेकेन्डको टाइमिङमा उपाधि जित्न सफल भए। लेप्सङ तामाङ दोस्रो र रामचन्द्र श्रेष्ठ तेस्रो भए। पाँच किलोमिटर भेट्टान महिलामा २६ मिनेट १९.७९ सेकेन्डमा शर्मिला बस्नेतले पहिलो स्थान प्राप्त गरिन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com